CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान् पशुपतिनाथ

दर्शन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान् पशुपतिनाथ दर्शन

Jagannath`Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखक
सोम खतिवडा

प्रकाशक
ओशो मिडिया प्रा.लि.का तर्फबाट बुद्धि कटेल

बजार व्यवस्थापन
शारदा वैद्य

मूल्यः रू. १००
भारू ६०

कपिराईटः लेखकमा
प्रकाशन प्रति ५०००

प्रकाशन सालः २०७७, बालाचतुर्दशी

डिजाईन लेआउटः
निबास डंगोल
एड क्रिउ मिडिया प्रा. लि.

ISBN NO. 978-9937-0-7980-8

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाग एक

पशुपतिनाथ

भगवान् पशुपतिनाथ को हुन्

" **पशु** भनेका जीव हुन्, जसमा पाश या मल छ र पाशका कारणले ज्ञान पाएको छैन । यस्तै **पति** भनेकाचाहिं जीवका मालिक या शिवजी हुन् । यसरी पशुका मालिक पशुपति हुन् । यसमा **नाथ** पनि मालिक नै हुन्, जुन निराकार तत्वका रूपमा छन् । आकार नलिने हुँदा यिनको अनुभूतिमात्र गर्न सकिन्छ । पशुपतिनाथ ब्रह्मको नाम हो, जसको आकार छैन । यिनी संसारको सृष्टि, स्थिति र प्रलयकर्ता हुन् । शिवजी लय अवस्थामा शान्त रहन्छन् । यस्तो अवस्थामा शिव र शक्ति एक आपसमा शान्तसँग बसेका हुन्छन् । तर जव शिवजीलाई सृष्टि गर्ने या लीला गर्ने इच्छा हुन्छ, तव प्रलयको अवस्था सुरू हुने गर्दछ । प्रलयका अवस्थामा शिव र शक्तिबाट सृष्टि सुरू हुन्छ । भक्तको रक्षाका लागि तथा लीला गर्नका लागि शिवजीले अवतार लिने अवस्था पनि प्रलयको अवस्था नै हो । यिनले विभिन्न स्वरूपमा अनेकन् अवतार लिने र लीला गर्ने गर्दछन् । "

पुराणहरूका अनुसार सवैलाई रक्षा गर्ने देवतालाई नाथ भनिन्छ । हिन्दूहरूमा नाथ शब्द पशुपतिका लागि मात्र प्रयोग गर्ने चलन छ । नाथ पशुपतिमात्र भन्दा उपल्लो मानिन्छ । यो चराचर, जीव, मानिस र देवता सवैको रक्षा गर्न सक्ने भएकाले यिनी पशुपतिनाथ हुन् भनिएको छ । यिनकी शक्तिको नाम उमा हो, जसका पार्वती, शिवा, सतिदेवी, वागेश्वरी, वत्सला, वागमती आदि हजारौं नाम छन् । यिनको वाहन भने बृष मानिन्छ ।

भगवान् पशुपतिनाथको मन्दिर काठमाडौंको देवपत्तन स्थित वागमती नदीको किनारी भागमा पर्दछ । पशुपतिनाथ शिवजीको स्वरूप हो । शिवलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूद्र, महादेव, पशुपतिनाथ, भोलेनाथ, शम्भू र अरू थुप्रै नामले जानिन्छ । यिनी सवै जीवका मालिक हुन् भनिएको छ । जीवमा अज्ञानता रहन्छ र उसलाई पशु भनिन्छ । यिनै पशुका मालिक या ईश्वरको नाम पशुपतिनाथ हो । पशुपतिनाथको कृपा नपाएसम्म जीवमा अज्ञानता रही रहन्छ । तसर्थ उसले मुक्ति पाउन सक्तैन भनिन्छ । तर पशुपतिनाथको कृपा पाएपछि मानिस या जीवले ज्ञान प्राप्त गर्दछ । यसबाट उसमा रहेको अज्ञानता पनि हट्तछ र उसले मोक्ष पाउँछ भनिएको छ ।

सवै जीवका मालिकका रूपमा शिवजीलाई पशुपतिनाथ भनिएको हो । यिनी मानिसको मात्र नभएर जनावर, चराचुरूंगी र सवै जिवजन्तुका देवता हुन् । यस पृथ्वीका सवै प्राणीलाई यिनका सन्तान मानिन्छ । तसर्थ पशुपतिनाथले सवै प्राणीको रक्षा गर्दछन् भनिएको हो । यिनी देवताका पनि देवता तथा ठूला देवता हुन् । तसर्थ यिनको नाम महादेव पनि हो । यिनी सवैतिर व्याप्त रहन्छन् । यिनको कृपा विना कुनै पनि जीवले मोक्ष पाउन सक्तैन ।

पशुतिनाथ जीवका मात्र नभएर देवताका पनि देवता हुन् । यिनले देवतालाई पनि रक्षा गर्दछन् भनिन्छ । पुराणहरूमा पाइने कथा अनुसार अघि समुद्रबाट विभिन्न रत्न र अमृत निकाल्न देवता र दानव मिलेर समुद्र मन्थन गरेछन् । तर समुद्रबाट सवैभन्दा पहिले हलाहल विष आएछ । यो विष छुँदामात्र र पृथ्वीमा एकै थोपामात्र झर्दा पनि देवता, सम्पूर्ण जीवजन्तु र यो पृथ्वीनै विनास हुने हुँदो रहेछ । त्यसबाट चराचरलाई जोगाउन देवताहरूले पशुपतिनाथलाई अनुरोध गरेछन् । पशुपतिनाथ या शिवजीले पनि हलाहल विष घाँटीमा ग्रहण गरेछन् । यिनले त्यो विष पेटमा लैजाँदा ज्यादै ज्वलन हुने सोची त्यसलाई घाँटीमा नै राखेछन् । त्यसपछि हलाहल विषको प्रभावले तिनको घाँटी नीलो भएछ र उनी नीलकण्ठ भएको कथा पाइन्छ । त्यस विषको रापलाई कम गर्न यिनी गोसाईं कुण्डको चिसोमा गएर आराम गरे भन्ने कथा छ । यसरी शिवजीले हलाहल विष सेवन गरी देवता, दानव र सम्पूर्ण चराचरको रक्षा गरे र महादेव बने भन्ने कथा पुराणहरूमा पाइन्छ ।

पशुपतिनाथ नाम निकै पुरानो हो । यिनलाई धेरै पहिदेखि पशुपतिका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नामले नै जानिन्थ्यो । आर्यहरूको सवैभन्दा पुरानो ग्रन्थ ऋग्वेदमा नै यिनलाई पशुपति भनिएको छ । यिनी मानिसका मात्र नभएर यक्ष, गन्धर्व, किन्नर र भिल्लका पनि देवताका रूपमा परिचित छन् । यिनलाई एकान्तमा बस्ने देवता, श्मसानमा बस्ने र बाघको छाला लगाएर हिंड्ने पनि भनिएको छ । यिनको स्वरूप ध्यान अवस्थामा बसेको, पार्वतीका साथमा आनन्दले बसेको, गणहरूका साथमा बसेको, नाच्दै गरेको, पशु रूपको र लिंग रूपको पनि हुने मानिन्छ । तसर्थ यिनका चित्र र प्रतिमा पनि त्यसै अनुसार बनाउने चलन छ । यिनको लिंगमा नै पूजाआजा हुने गर्दछ । यिनका लिंगलाई शिवलिंग र पशुपति पनि भनिन्छ ।

पहिले मृगस्थलीमा शिवजी मृगको रूप धारण गरी हिंडेको कथा पाइन्छ । तसर्थ अघि पशुपतिनाथलाई मृग रूपमा पूजा हुने गर्दथ्यो । वागमती नदीको किनारमा रहेको मृगेश्वर या हरिणेश्वर पहिले पशुपतिका नाममा पूजिने मूर्ति हो भनिन्छ । त्यसपछि पशुपतिनाथलाई मानव रूपमा पूजा गर्न लागियो । विरूपाक्षको मन्दिरमा रहेको विरूपाक्षको प्रतिमा किरात कालतिर पूजाआजा हुने शिवजीको स्वरूप मानिएको छ । त्यसपछि पशुपतिनाथमा साधा शिवलिंगमा पूजाआजा गर्न लागियो भने पुन एक मुख शिवलिंगमा पूजा गरियो । वि.सं. ९३६ तिर राघवदेवले पशुपतिनाथमा ठूलो यज्ञ गरेर पञ्चमुख शिवलिंग स्थापना गरेको मानिन्छ ।

वि.सं. १४०६ मंशिरमा बंगालका शुल्तान समसुद्दीनले पशुपतिनाथमा आक्रमण गरे । यिनले पशुपतिनाथको मन्दिर भत्काए र मूर्ति पनि फुटाए भनिन्छ । पछि वि.सं. १४१७ मा महामन्त्री जयसिंह राम वर्धनले पशुपतिनाथको लिंग प्रतिष्ठा गरे भनिएको पाइन्छ । हालको पशुपतिनाथको शिवलिंग यही वि.सं. १४०६ मा जयसिंह राम बर्धनले चढाएको हो । यहाँको पुरानो शिवलिंग शंकराचार्य मन्दिरमा रहेको तथा दाजु पशुपतिका नामले जानिने थोरैफुटेको शिवलिंग यही हो भनिन्छ । पशुपतिनाथका नामले जानिने ज्योतिर्लिङ्ग भने पशुपतिनाथ मन्दिरको गर्भगृहमा छोपिएको छ भन्ने मान्यता छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथको ज्योतिर्लिङ्ग

आफैं उत्पत्ति भएका लिंगलाई ज्योतिर्लिंग भनिन्छ । पशुपति एक त लिंगस्थानी हुन् भने यिनको ज्योतिर्लिङ्गमा पूजाआजा हुने गर्दछ । शिवलिङ्ग पनि साधा र मुखलिङ्ग गरी मुख्य रूपमा दुई प्रकारका हुन्छन् । साधा शिवलिङ्गमा मुख निकालिएको हुँदैन भने मुखलिङ्गमा चारतिर चारवटा मुखहरू निकालिन्छन् । तिनीहरूलाई पञ्चमुखी शिवलिङ्ग भनिन्छ । तत्पुरूष, सद्योजात, वामदेव, अघोर र इशान पञ्चमुखि शिवलिङ्गका नामहरू हुन् । यिनमा चारतिर चारवटा मुखहरू हुन्छन् भने यसको माथ्लो थाप्लोको भागलाई पनि मुख मानी ईशानमुख भनिन्छ । तसर्थ तिनलाई पञ्चमुखी शिवलिङ्ग भनिएको हो । शिवलिङ्गको तलतिरको भागलाई पनि एउटा मुख मानेर चारवटा मुख भएको शिवलिङ्गलाई छ मुखी शिवलिङ्ग पनि मान्ने चलन छ । शिवलिङ्गको तलतिरको मुखलाई भने कालाग्निरूद्र भनिएको देखिन्छ । यसरी चारतिर चारवटा मुख भएको शिवलिंगलाई पञ्चमुख शिवलिंग र छ मुखे लिंग पनि भनिन्छ ।

शिवलिङ्ग अनेक प्रकारका हुन्छन् । हिरण्यलिङ्ग, भावलिङ्ग, प्राणलिङ्ग, सुवर्णलिङ्ग, उर्ध्वलिङ्ग र दिव्यलिङ्ग शिवलिङ्गका विभिन्न भेदहरू हुन् । यिनलाई भाव, प्राण र इस्टलिङ्ग आदि भागमा पनि बाँड्न सकिन्छ । यस्तै शिवलिङ्गका क्षणिकलिङ्ग र ज्योतिर्लिंग पनि वर्गिकरण हुन् । निश्चित उद्देश्यले माटो, बालुवा र गोबरको बनाइएको अस्थायी शिवलिङ्गलाई क्षणिक लिङ्ग भनिन्छ । तिनीहरूलाई पूजा गर्ने उद्देश्यले निर्माण गरी काम सकिए पछि भत्काउने चलन छ । भक्तहरूको आराधनाबाट प्रशन्न भएर ज्योति रूपमा प्रकट भएका शिवलिङ्गहरू ज्योतिर्लिङ्ग हुन् । यिनीहरू आफैं प्रकट भएका मानिन्छन् । भारतका विभिन्न १२ ठाउँमा १२ वटा ज्योतिर्लिङ्गहरू रहेको मानिन्छ । तिनीहरूमा रामेश्वर, नागेश्वर, घुश्मेश्वर, त्र्यम्बकेश्वर, वैद्यनाथ, सोमनाथ, महाकालेश्वर, परमेश्वर, मल्लिकार्जुन, केदारनाथ, भीमशङ्कर र विश्वेश्वर हुन् । भारतका विभिन्न भागमा भएका १२ वटा ज्योतिर्लिङ्ग विभिन्न युगमा उत्पन्न भएका मानिएका छन् । यता पशुपतिनाथको ज्योतिर्लिङ्ग भने यी सवैभन्दा पहिले सृष्टिको सुरूमा नै उत्पन्न भएको मानिन्छ । तसर्थ पशुपतिनाथलाई पहिलो या आद्य ज्योतिर्लिङ्ग मानिएको छ । हाल पशुपतिनाथमा भएको पहिलेको ज्योतिर्लिङ्ग जमिनमुनि छोपिएको छ भन्ने जनविश्वास रहेका छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथ आदि ज्योतिर्लिङ्ग हो

पशुपतिनाथलाई आद्य या सवैभन्दा पहिलो ज्योतिर्लिङ्ग भनिन्छ । हिमवत्खण्ड पुराण र शिवमहापुराणमा पाइने एक कथा अनुसार सृष्टिको प्रारम्भमा एकपटक ब्रह्मा र विष्णुको बीचमा को ठूलो भन्ने विवाद र झगडा भएछ । तत्काल पृथ्वीको पनि सृष्टि भई सकेको रहेनछ । तत्काल जीवजन्तु हुने त प्रश्नै भएन । त्यसै बेला ब्रह्मा र विष्णु म ठूलो भन्ने कुराको विवाद गर्न लागेछन् । त्यसै समयमा सून्य स्थानमा एउटा ज्योतिर्मय प्रकाशपुञ्ज प्रकट भएछ र तिनलाई को ठूलो हो भन्ने कुराको परीक्षा दिनका लागि आकासवाणि पनि भएछ । आकासवाणिमा त्यस प्रकाशपुञ्जको फेद र टुप्पो पत्ता लगाउन भनिएछ । जसले यसको फेद या टुप्पो पत्ता लगाउन सक्तछ, त्यही नै ठूलो हुने कुरा आकासवाणीमा भनिएछ । यस्तो आकासवाणी भएपछि त्यस लिंगरूपि ज्योतिपुञ्जको फेद पत्ता लगाउन विष्णु पातालतिर लागेछन् भने ब्रह्मा यसको टुप्पो पत्ता लगाउन आकासतिर हिंडेछन् । युगौंयुगसम्म हिंड्दा पनि तिनले त्यसको फेद र टुप्पो पत्ता लगाउन सकेनछन् । त्यसपछि उक्त ज्योतिर्लिङ्गबाट प्रकट भएका शिवजीले ब्रह्मा र विष्णुलाई उपदेश दिएको कथा पाइन्छ । शिवमहापुराणमा पाइने कथा अनुसार उक्त लिङ्गरूपी ज्योतिपुञ्ज तत्कालै जमिनमा धसेछ । साथै त्यसलाई द्वापर युगमा एकजना गोठालाका नाइकेले पत्ता लगाएको पौराणिक कथा पाइन्छ । यही नै पशुपतिनाथको ज्योतिर्लिङ्ग हो । यसरी पशुपतिनाथको उत्पत्ति सृष्टि पनि नभई ज्योतिपुञ्जको रूपमा भएको मानिन्छ । पछि ब्रह्मा र विष्णुको घमण्ड हटाए पछि यो ज्योतिर्लिङ्ग जमिनमा पुरिएको तथा काठमाडौंमा बसोबास हुनासाथ गोठालाका नाइकेले यसलाई पत्ता लगाएको हुनाले पशुपतिनाथको ज्योतिर्लिङ्ग आद्य या पहिलो ज्योतिर्लिङ्ग हो भनिएको छ । यसबाट पशुपतिनाथको वासस्थान पनि नेपाल नै हो भन्ने बुझिन्छ ।

नेपालको पशुपतिनाथको ज्योतिर्लिङ्ग आफैं उत्पत्ति भएको पहिलो शिवलिंग हो भन्ने कुरा पुराणहरूमा वर्णन गरिएको छ । तर यसको उत्पत्ति सृष्टिको सुरूवात हुनुभन्दा अगाडि नै भएकाले यो ज्योतिर्लिङ्ग लामो समय जमिनमा धसिएर रह्यो । पुराणहरूका अनुसार काठमाडौंमा मानिसहरू बसोबास गर्न लागेपछि भुक्तमान नामक एकजना गोठालाका नाइकेले यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्योतिर्लिङ्ग पत्ता लगाए । वंशावलीमा पाइने कथा अनुसार अघि द्वापर युगमा काठमाडौं उत्यकाको पानी थुनेर दानासुरले उपत्यकालाई जलमग्न बनाएछ । त्यसपछि उपत्यकाका सवै जीवहरू पानीमा डुबेछन् । त्यसै बेला द्वारकाबाट श्रीकृष्ण उपत्यकामा आएर दानासुरलाई मारेछन् र सुदर्शन चक्रले चोभारको डाँडो काटेर उपत्यकाको पानी बाहिर बगाएछन् । त्यसपछि उपत्यका बसोबासयोग्य भएछ । त्यस बेला कृष्णका साथमा द्वारकाबाट गोपालहरू गाई लिएर आएका रहेछन् । तिनीहरू सुरूमा उपत्यकाको छेउछाउमा गाई चराएर बसे भने पछि पानी बगेको ठाउँमा पनि घाँस पलाएकाले उपत्यकाका विभिन्न भागमा घुमाएर गाई चराउन लागेछन् ।

वंशावलीमा पाइने कथा अनुसार उपत्यकामा गाई पालन गरी बसेका गोपालहरूकी बहुह्नी नामकी एउटी दूधालु गाई रहीछ । एकपटक त्यस गाईले दूध दिन छाडिछ । त्यस गाईले किन दूध दिन छाडिछ भनेर गोठालोको नाइकेले चियो गर्दा त्यस गाईले सँधै वागमती नदीको किनारी भागमा रहेको एउटा ढिस्कामाथि दूध चुहाउँदी रहिछ । त्यसबाट चकित भएको गोठालोको सरदारले त्यस ढिस्कामा कोदालोले खनेर हेरेछ । त्यसबाट पशुपतिनाथको ज्योतिर्लिङ्ग प्रकट भएछ र गोठालाको सरदार भुक्तमानले मोक्ष पाएछ भन्ने कथा पाइन्छ । यसरी अघि सृष्टिको सुरूमा जमिनमा धसेको शिवलिंग द्वापर युगमा गोठालाका नाइकेले पत्ता लगाएकाले काठमाडौंमा मानव बसोबासको सुरूवातका साथमा नै पशुपतिनाथको अभ्यूदय भएको मानिन्छ । साथै पशुपतिनाथ पहिलो ज्योर्तिंग हो, जसलाई आद्यज्योतिर्लिङ्ग पनि भनिन्छ ।

पशुपतिनाथलाई किन लिंगमा नै पूजा गरिन्छ

पशुपतिनाथका बारेमा धेरै कुरा रहश्यात्मक छन् । यिनलाई लिंगमा नै पूजाआजा गर्ने कुरा पनि रहश्यमय नै छ । यसलाई मानिसहरूले अनेक प्रकारले ब्याख्या गर्ने गरेका छन् । तर पशुपतिनाथलाई लिंगमा पूजा गर्ने कुरामा धेरै ब्याख्याको आवश्यकता छैन । किनकि यिनका बारेमा भएका कुरा सवै सांकेतिक तर स्पष्ट पनि छन् । वास्तवमा पशुपतिनाथ नै ब्रह्म हुन् । यिनी ईश्वर हुन् र देवता पनि हुन् भनिएको पाइन्छ । यहाँ सत्ता, ईश्वर र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा आदि विविध रूपमा ब्रह्मको ब्याख्या गर्ने चलन छ । वास्तवमा ब्रह्म पूर्वीय दर्शन, धर्म र सामाजिक व्यवस्थाको आधारशिला हो । यसलाई नित्य र चेतन रहेको एउटामात्र स्थायी सत्ता मानिन्छ । ब्रह्मका बारेमा के भनिन्छ भने यस संसारमा केही कुरा छ भने त्यसलाई बनाउनेवाला पनि छ । यहाँ जे छ त्यसलाई कार्य र बनाउने वालालाई कारण भनिन्छ । पृथ्वी र यहाँ भएका जीव सवै कारण हुन् या कसैले बनाएको हो भने यसलाई बनाउने भने ब्रह्म हुन् भनिएको पाइन्छ । साथै शिवजीलाई ब्रह्म भनिएको छ ।

पुराणहरूमा पृथ्वी र जीवलाई बनाउनेवाला या सृष्टि गर्ने ब्रह्म हो, जो निराकार छ भनिएको पाइन्छ । यसको मतलव ब्रह्मको आकार हुँदैन । यसले मानिस या जीवको जस्तो शरीर धारण पनि गर्दैन । यस तत्वको नाम शिव पनि हो । ब्रह्मरूपि शिवले शिवारूपी शक्तिसँग मिलेर जीव र संसारको सृष्टि गर्दछ भने त्यसको विनास हुँदा त्यसको अस्तित्व पनि यसैमा या ब्रह्ममा विलय हुने या मिल्ने गर्दछ । यसरी ब्रह्मलाई एकमात्र सत्ता र सृष्टिको कारण मानिएको छ । भन्नुको मतलब यहाँ ब्रह्मबाहेक अरू केही पनि छैन । ब्रह्मबाट उत्पन्न भएको जीव र जगत क्षणिकमात्र छ, जुन ब्रह्ममा मिल्दछ । यसको उत्पत्ति र विनास ब्रह्मको लीलाको कारण हुने गर्दछ । शास्त्रहरूमा ब्रह्मलाई नित्य, अखण्ड, सत्, चित्, आनन्द र निर्गुणजस्तो लक्षणवाला भनिएको पाइन्छ । यसरी वेदमा नै शिवजी या पशुपतिलाई ब्रह्म भनियो, जो निराकार छ या जसको आकारनै छैन । यसको अन्य देवीदेवता तथा मानवको जस्तो शरीर हुँदैन । यो त निराकार या आकारविहिन छ भनिन्छ । तसर्थ शिव ब्रह्म हो र निराकारको उत्पन्न हुने र लीन हुने स्थान शिवलिंग मानिएको छ ।

शिवलिंग शिवजीको या पशुपतिनाथको प्रकट हुने र लिन हुने स्थान मानिन्छ । वास्तवमा पशुपतिको आकार नहुने भए पनि शिवजी आसुतोष या चाँडै खुशि हुने देवता मानिन्छन् । यिनी छोटो स्तुतिबाट पनि प्रसन्न हुन्छन् र प्रकट भएर आफ्ना भक्तलाई वरदान दिने गर्दछन् । यिनले आफ्ना भक्तको विनास हुन कहिल्यै पनि दिंदैनन् भन्ने मान्यता छ । तसर्थ शिवलिंग भने यिनको प्रकट हुने स्थान मानिन्छ । यसका साथमा शिवजी ब्रह्म या निराकार भएकाले यिनी वरदान दिन या भक्तको उद्धार गर्न विभिन्न रूपमा प्रकट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छन् र काम सकिनासाथ पुन निराकार पनि हुने गर्दछन् । तसर्थ यिनको लिन हुने या आकारवालाबाट निराकार हुने स्थान पनि शिवलिंग मानिन्छ । ब्रह्मको गुण भनेको मानिसको जस्तो शरीर लिएर जन्म लिने र अनेक प्रकरका कष्ट सहँदै बूढो हुने तथा मर्ने हुँदैन । तसर्थ शिवजी जन्म, मृत्यू, बूढ्यौली र शुखदुख भन्दा पर छन् । यिनी निराकार र निर्गुण मानिन्छन् । तसर्थ शिवलिंग यिनको प्रकट हुने र विलिन हुने स्थानमात्र हो । यही कारणले यिनको शिवलिंगमा पूजाआजा गर्ने चलन चलेको हो । यसरी शिवलिंग पनि सांकेतिक वस्तुमात्र हो । शिवलिंगमा शिवका साथमा शक्तिको पनि उपस्थिति भएको मानिन्छ । शिवलिंग ब्रह्मको प्रतिक र निराकारको प्रतिक हो भने पशुपतिनाथ या शिवजी निराकार ब्रह्म हुन् । जीव र जगतको रूप शिवजीको लीलामात्र हो भनिन्छ ।

केदारनाथको शिर पशुपतिनाथ

पशुपतिनाथलाई शिवलिंगमा पूजा गरिन्छ । वास्तवमा पशुपतिनाथ ब्रह्म हुन्, जसले शरीर लिंदैनन् भन्ने पौराणिक मान्यता छ । तसर्थ पशुपतिनाथ शिवलिंगका रूपमा सांकेतिक छन् । शैव धर्ममा शिवलिंगलाई शिवजी प्रकट हुने र लिन हुने स्थान मानिन्छ । नेपालका पशुपतिनाथलाई भारतको केदारनाथ शिवजीको शिर मान्ने गरिन्छ । स्कन्द पुराणको केदार खण्डमा यसको सुन्दर कथा दिइएका छ । कथा अनुसार पाण्डवहरू स्वर्ग जान लाग्दा बाटामा केदारनाथको दर्शन गर्ने विचार गरेछन् । तर केदारनाथ भने दाजुभाइको नै हत्या गर्ने पाण्डवहरूलाई दर्शन नदिने विचारले राँगाको स्वरूप लिएर त्यहाँबाट भाग्न लागेछन् । यसरी भागेका शिवजीलाई भिमसेनले चिनेकाले राँगारूपि शिवजी एउटा ओडारतिर पस्न लागेछन् । भीमसेनले पनि राँगारूपि केदारनाथको पुच्छरमा समाएर तानेछन् । यसबाट तिनको टाउको छिनेछ र उछिट्टिएर हिमालयमा गयो भनिएको पाइन्छ । यसको मतलव केदारनाथको शिर पशुपतिनाथमा आयो र पशुपतिनाथ शिवलिंगमा लिन भयो । किनकि शिवलिंग शिवजीको प्रकट हुने र लिन हुने स्थानमात्र मानिन्छ । यसरी पशुपतिनाथलाई केदारनाथको शिर मान्ने चलन छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहिले आएर पशुपतिनाथ मन्दिरको पूर्वतिरको एउटा पत्थरलाई भक्तहरूले केदारनाथको शिर मान्ने गर्दछन् भने डोलेश्वरलाई पनि केदारनाथको शिरका रूपमा पूजाआजा गर्न लागिएको छ । शिवजी तत्वमात्र भएकाले केदारनाथको शिर भने पशुपतिनाथको ज्योतिर्लिङ्गमा लिन भएको पौराणिक मानिएको हो ।

पशुपतिनाथ र नेपाल एकै हुन्

पशुपतिनाथको क्षेत्र ठूलो छ । पौराणिक रूपमा नेपाल पशुपति क्षेत्र हो भने पशुपति क्षेत्र नेपाल हो । तसर्थ पशुपतिनाथलाई नेपालका आराध्य देव भनिन्छ । नेपालको चिनारी नै पशुपतिनाथबाट भएको छ । नेपालको उत्पत्तिका साथमा पशुपतिनाथको पनि उत्पत्ति भएको हुनाले पनि नेपाल र पशुपतिनाथ अन्तरसम्बन्धित र अभेद्य छन् । पशुपतिनाथ नेपालमा मात्र छन् भने नेपाल पशुपतिनाथ क्षेत्रमा नै पर्दछ । नेपालको चिनारी नै पशुपतिनाथबाट भएको छ । सृष्टिको सुरूमा जमिनमा धसेको भनिएको शिवरूपि ज्योतिपुञ्ज नेपालमा पशुपतिका रूपमा प्रकट भयो । तसर्थ नेपाल र पशुपतिनाथ एकै हुन् भनिन्छ ।

स्कन्दपुराणको हिमवत्खण्ड अन्तर्गतको नेपाल महात्म्यमा नेपाल र पशुपतिनाथको महिमागान गरिएको छ । यसमा पाइने एक पौराणिक कथाअनुसार शिवजी र मृगस्थली एक आपसमा अन्तरसम्बन्धित छन् । शिवजी यस वनमा मृगको रूप धारण गरी कृडा गरेर बसेको हुनाले पशुपति भेगको वनलाई मृगस्थली भनिएको हो । शिवजीलाई किरातेश्वरका रूपमा पनि पूजाआजा गरिन्छ । अघि शिवजी मृगस्थलीमा किरातको रूप धारण गरी विचरण गरेको मान्यतामा किरातेश्वरलाई शिवजीको प्रतिरूप मानिन्छ । पशुपतिनाथको पूर्वतिर मृगस्थलीमा किरातेश्वरको अस्तित्व रहेको छ । अर्जुन हिमालयमा गएको र किरातेश्वर महादेवसँग उनको लडाईं भएको चर्चा महाभारतमा गरिएको पाइन्छ । अघि पशुपतिनाथबाट लिंगयात्रा, उपलिंगयात्रा र वागमती यात्रा गर्ने चलन थियो । वागमती यात्रा कटुवाल दहबाट सुरू भएर वागमतीको शिर वाग्द्वारसम्म हुने गर्दछ भने लिंगयात्रामा ६४ लिंगको यात्रा हुने गर्दछ । यस अवशरमा यात्रा गरिने लिंगहरू पूर्वमा दुम्जा र फटकसिला देखि उत्तरमा सिन्धुपाल्चोक, पश्चिममा गोरखा र दक्षिणमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मकवानपुरसम्म रहेका छन् । अघि कुनै बेला नेपालको भूभाग यही बीचमा पर्दथ्यो । त्यसबेला पशुपतिनाथ क्षेत्रबाट गरिने लिंगयात्रा र उपलिंगयात्रा देश दर्शन या देशयात्राका प्रतिक थिए । तसर्थ नेपाल र पशुपतिनाथ एक अर्कामा अन्तरसम्बन्धित छन् ।

पशुपतिको प्रसाद लिन हुन्छ या हुँदैन

शिवजीलाई चढाएको फल, फूल, अक्षता, जल र अन्य वस्तुलाई शिव निर्माल्य तथा शिव नैवेद्य भनिन्छ । कसैकसैले शिवजीलाई चढाइएका नैवेद्य या प्रसाद खान र ग्रहण गर्न नहुने मान्यता राख्ने गर्दछन् । शिवमहापुराणले शिवजीलाई चढाइएको रूपैयाँ, पैसा, लुगाफाटा, सुन, चाँदी, गहना, जमिन, रत्नहरू र तामालाई छाडेर पत्र, पुष्प, जल र फल अग्राह्य हुने गर्दछन् भनेको छ । तिनीहरूमा चण्डेश्वरको अधिकार भएकाले मानवले तिनीहरू ग्रहण गर्न नहुने उल्लेख पाइन्छ । शिव निर्माल्यलाई शालिग्राम शिला स्पर्श गराएपछि चाहिं ग्राह्य या ग्रहण गर्न योग्य हुने पनि बताइएको छ । यसरी शिवमहापुराणको विद्येश्वर संहितामा स्पष्टसँग शिवजीको निर्माल्य या प्रसाद चण्डेश्वरको भाग भएकाले त्यसलाई मनुष्यले ग्रहण गर्न नहुने बताइएको देखिन्छ । त्यसैमा चण्डेश्वरको भाग नभएको शिवजीको नैवेद्य या निर्माल्य भने मनुष्यले ग्रहण गर्नुपर्ने पनि उल्लेख गरिएको छ ।

चण्डेश्वर शिवजीका भूत, प्रेत र पिशाच गणका प्रमुख हुन् भनिन्छ । यिनी शिवजीको मुखबाट निस्किएका र सँधै जप, तप र ध्यान गरेर शिवजीको नजिकै उत्तरपूर्वी कुनामा बस्ने हुँदा शिवजीलाई चढाएको कुरा सिधै तिनको मुखमा पुग्ने तथा तिनको अधिकार लाग्ने निर्माल्य खाएमा भुतको मुखमा पुगेको खानेकुरा खाएको हुने मान्यतामा शिव निर्माल्य ग्रहण गर्न नहुने बताइएको हो । साथै यिनलाई शिव निर्माल्यको पहिलो उच्छिष्ट भाग लिने देवता मानिन्छ । शिवजीले नै तिनलाई यो अधिकार दिएको कुरा पुराणहरूमा उल्लेखित छ । यसको मतलव शिवलिंगमा चढाएको प्रसादको पहिलो भाग चण्डेश्वरको हुन्छ र शिव निर्माल्य पहिले चण्डेश्वरलाई भागी छुट्याएर मानिसले पनि ग्रहण गर्नु पर्दछ । यता शिव निर्माल्य ग्रहण गरेन भने चाहिं

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाप लाग्ने कुरा उक्त पुराणले उल्लेख गरेको छ । तसर्थ शिवालयमा शालिग्राम शिला राखेर पनि शिवनिर्माल्य ग्रहण गर्ने चलन चलाइएको हो ।

यसैगरी रत्न र पारोबाट निर्मित, आफैं उत्पन्न भएको र नर्वदा शिवलिङ्गमा चण्डेश्वरको अधिकार हुँदैन भनिन्छ । तसर्थ यस्तो शिवलिंगमा चढाएको प्रसाद जोसुकैले ग्रहण गर्न हुन्छ भन्ने मान्यता छ । लिङ्गभन्दा केही पर राखेर चढाइएको प्रसाद ग्रहण गर्न हुने कुरा शिवमहापुराणमा नै चर्चा गरिएको देखिन्छ । शिवजीलाई चढाएको बस्तु या प्रसाद शैवमार्गीले खाएन या लगाएन भने पुण्य नाश हुने चर्चा पनि पुराणहरूमा गरिएको छ । पशुपतिनाथ मन्दिर शिवपाञ्चायन पद्धतिमा बनाइएको छ । पशुपतिनाथ मन्दिरको बीचमा पशुपतिनाथको शिवलिंग विराजमान छ भने त्यसको चारैतिर देवी, विष्णु, सूर्य र गणेशका प्रतिमा राखिएका छन् । यता पशुपतिनाथ मन्दिरभित्र शालिग्राम पनि राखिएका छन् । तसर्थ पशुपतिनाथलाई चढाएको प्रसाद या निर्माल्य भक्तहरूले ग्रहण गर्दा ठूलो पुण्य प्राप्त हुने तथा निर्माल्य ग्रहण नगर्दाचाहिं पाप लाग्ने मानिन्छ ।

शिवलिंगको पीठ किन उत्तर फर्काइन्छ

शिवलिंगहरूको तल्लो भाग या शिवलिंग अड्याइएको भागलाई पीठ या जलहरी भनिन्छ । शिवलिंगको माथ्लो भाग शिवको तथा तल्लो पीठको भाग भने शक्तिको प्रतिक मानिन्छ । शिवलिंगहरूका पीठहरू गोला र चारकुने गरी दुई प्रकारका हुने गर्दछन् । यिनलाई शक्ति या शिवाको प्रतिक मानिन्छ । शिवलिंगका पीठहरू सवै उत्तरतिर फर्काइएका हुन्छन् । शिवजीको वासस्थान उत्तरतिर या हिमालय भेगमा रहेको मान्यतामा यिनका जलहरी उत्तरतिर फर्काउने गरिएको हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवपरिवारका को-को हुन्छन्

शिवलाई घेरेर बस्ने देवता र अनुचरलाई शिव परिवार भनिन्छ । शिवजी परिवारमा बस्ने देवता मानिएका छन्, जसको परिवारमा थुप्रै देवता र गणहरू रहेको कुरा पुराणहरूमा वर्णित छ । शिवको परिवारमा शिवजी र पार्वती या उमा तथा तिनका दुई पुत्रका रूपमा गणेश या विनायक र स्कन्द या कुमार पनि पर्दछन् । कुमारकी शक्ति कौमारी तथा गणेशका शक्ति ऋद्धिसिद्धीका साथमा शिवजीको बाहन नन्दी, त्यसपछि उदरमुख, बाँदरमुख, भृंगी, चन्द्र, महाकाल, कपर्दी, सोम, शुक्र, विरभद्र र कीर्तिमुख पनि शिव परिवारका सदस्य मानिन्छन् । शिवको गणमा रहने सवै देव, अर्धदेव, जीव र पशु शिव परिवार हुन्, जसमा विभिन्न दिक्पाल, भूत, प्रेत, पिशाच, दानव, यक्ष, गन्धर्व र किन्नर समेत रहने मान्यता छ । तसर्थ शिवजी यिनी सवैका प्राणीका देवता हुन् भनिन्छ । शिवजीले जोकोहीलाई पनि तुरन्त आफ्नो सहचरी र सेवक गणका रूपमा स्वीकार गर्ने मानिन्छ । यसरी शिवको परिवार निकै ठूलो रहेको मानिन्छ । तसर्थ शिवालय भेगमा यी सवैको उपस्थिति हुने गरेको हो ।

पशुपति र शिवपाञ्चायन पूजा

पाँचवटा देवीदेवतालाई एकै स्थानमा राखी सामूहिक रूपमा पूजाआजा गर्ने पद्धतिलाई पाञ्चायन पूजा भनिन्छ । आर्यहरूमा पाञ्चायन पूजाको सुरूवात शंकराचार्यले गरेका हुन् । पाञ्चायनमा पूजाआजा हुने पाँचवटा देवीदेवतामा शिव, विष्णु, देवी, गणेश र सूर्य हुन् । यिनमा बीचमा जुन देवतालाई राखेर पूजा गरिन्छ, त्यस पाञ्चायनको नाम पनि त्यसैको आधारमा रहन्छ । यसको मतलव बीचमा शिवजीलाई राखेर पाँचवटा देवताको पूजा गर्ने पद्धति शिव पाञ्चायनको हो । पशुपतिनाथ मन्दिर शिव पाञ्चायन पद्धतिमा बनेको छ । यसको गर्भगृहमा बीचमा शिवलिंग छ भने यसको चारैतिर विष्णु, सूर्य, गणेश र देवी राखिएका छन् । पशुपतिनाथ मन्दिरको गजुर पनि पाँचवटा छन्, जसको बीचको गजुर केही ठूलो छ भने त्यसको चारैतिरका चारवटा गजुर केही साना छन् । यसको बीचको ठूलो गजुर भने पशुपतिनाथका लागि हो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनिन्छ । प्राय सवैजसो शिवालयहरू शिवपाञ्चायन पद्धतिमा निर्माण गर्नुपर्ने नियम छ । तसर्थ पशुपतिनाथ मन्दिर पनि त्यसै शैलीमा निर्माण गरिएको हो । आर्यहरूले घरघरमा पनि पाञ्चायन पूजा गर्ने गर्दछन् । शिवालय निर्माण पाञ्चायन पद्धतिमा नै गर्नुपर्ने विधान रहेको छ ।

पशुपतिनाथ मन्दिर

पशुपतिनाथको मन्दिर काठमाडौं उपत्यकामा बसोबासको सुरूवातका साथसाथै बनेको हुन सक्छ । किनकि यहाँ बसोबासको सुरूवातका साथमा पशुपतिनाथको ज्योतिर्लिङ्ग पत्ता लागेको हो । भाषा वंशावलीमा पशुपतिनाथ मन्दिर सुपुष्पले बनाएको चर्चा गरिएको पाइन्छ । यिनी प्रारम्भिक लिच्छवि राजा हुन् । अघि शिखर शैलीमा भएको पशुपतिनाथ मन्दिर वि.सं. ९३६ सालमा राघवदेवले तले शैलीको परिणत गरे । पशुपतिनाथ मन्दिरमा वि.सं ११८३ तिर शिवदेवले तामाको छाना हाले । पशुपतिनाथको मन्दिर तीनवटा छानायुक्त थियो । शिवसिंह मल्लकी रानी गंगारानीले वि.सं. १७३९ मा यसको एउटा छाना निकाली दुई छानाको बनाउन लगाइन् । त्यसको करिव १४ वर्षपछि वि.सं. १७५३ मा ऋद्धिलक्ष्मीले पशुपतिनाथ मन्दिर जगैदेखि पुनर्निर्माण गराएको हो । पशुपतिनाथ मन्दिरको अहिलेको स्वरूप यही वि.सं. १७५३ को हो । वि.सं. १८९०, वि.सं. १९९० र वि.सं. २०७२ सालको भूकम्पले पनि पशुपतिनाथको मन्दिरलाई भत्काउन सकेन । पशुपतिनाथको मन्दिर हाल दुईवटा छाना भएको छ । यो मन्दिर यही वि.सं. १७५३ सालमा बनेको स्वरूप हो । तर यसलाई शृंगार गर्ने कार्य भने पछि पनि बेलाबेलामा भईनै रह्यो ।

पशुपतिनाथ मन्दिरको छानामा सुनको मोलम्बा लगाइएका छन् । यसको माथ्लो भागमा पाँचवटा गजुर छन् । पशुपतिनाथका दुवैवटा छानालाई टुँडालले अड्याइएको छ भने यसको चारैतिरका ढोकामाथि तोरण लगाइएको देखिन्छ । यो नेपाली तले शैलीका मन्दिरको आफ्नै विशेषता हो । यसका चारै ढोका चाँदीका पाताले मोरिएका छन् । तिनीहरू वि.सं १८७० को दशकमा चाँदीका पाताले मोरिएका हुन् । मन्दिरको दक्षिणतिरको ढोकामा चाँदीका पाताले मोरेर त्यसमा नेपालका ६४ लिंगको चित्र बनाई नाम पनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखिएको छ । पशुपतिनाथको मन्दिरको पश्चिमी ढोका प्राय खुल्ला रहन्छ । किनकि शिवलिंगको पश्चिमी मुख पशुपतिको मानिन्छ । पशुपतिनाथ मन्दिरको दक्षिणतिर धर्मशिला र उत्तरतिर ठूलो त्रिशूल छन् । यसको पश्चिम या अगाडि एउटा ठूलो र अर्को केही सानो नन्दीका प्रतिमा छन् । पशुपतिनाथ मन्दिरको पूर्वी आँगनमा मुक्ति मण्डप पर्दछ । पशुपतिनाथको धर्मशिला मन्दिरको दक्षिण ढोका अगाडि पर्दछ ।

पशुपतिनाथका पुजारी

हाल पशुपतिनाथका पुजारी दक्षिणात्य भट्ट ब्राह्मण छन् । तिनीहरू केरलको सृंगेरी मठबाट दिक्षित भएको हुनुपर्ने परम्परा छ । सुरूमा पशुपतिनाथको पुजारी शैव योगीहरू हुन्थे । पछि वि.सं. ११५९ तिर अग्नि मठका एकजना शङ्कराचार्यले नेपाल आएर पशुपतिनाथमा पूजाआजा गरे र यहाँ दक्षिणात्य ब्राह्मणबाट पूजाआजा गर्ने नियम बसाए । यो क्रम वि.सं. १५७७ सम्मनै चल्यो । त्यसै बेला मल्ल राजा रत्नमल्ल (वि.सं. १५३९ देखि १५७७) ले पुन पशुपतिको पुजारी सन्यासीहरू रहने नियम बसाए । भाषा वंशावली अनुसार मध्यदेशबाट आएका सोमेश्वरानन्द नामक एकजना सन्यासीलाई रत्नमल्लले पशुपतिको सन्यासी पुजारी नियुक्त गरेका थिए । रत्नमल्लले पशुपतिनाथको सम्पत्ति आदिको रक्षाका लागि बनेपाका भँडारी र कीर्तिपुरका विशेटको पनि नियुक्ति गरेको पाइन्छ । पछि जयप्रकाश मल्लका पालामा वि.सं. १८०३ तिर पुन पशुपतिनाथमा दाक्षिणात्य ब्राह्मणबाट पूजाआजा गर्न लगाइयो । गीर्वाणयुद्ध विक्रम शाह (वि.सं. १८७०) को पालादेखि पशुपतिनाथको चार मुखको पूजा गर्ने चारजना भट्ट राख्ने चलन चल्यो । यसको इशान मुखमा पूजाआजा गर्ने पुजारीलाई मूल पुजारी मान्न लागियो । पश्चिम मुखलाई पशुपति मानिन्छ । तसर्थ मूल भट्टले पश्चिम र इसान मुखको पूजा गर्दछन् । हाल वासुकी मन्दिरको पुजारी पनि दाक्षिणात्य भट्ट ब्राह्मणनै हुने परम्परा छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्तहरूले पशुपतिनाथको पूजा कसरी गर्ने

पशुपतिनाथ त्यस्ता देवता हुन्, जसको दर्शन र पूजन तिनका अन्य पार्श्व देवीदेवताको पूजाआजा गरेपछि मात्र गर्ने परम्परा छ । शिवजीका भक्त र अनुचर शिवजीकै अंश मानिने हुँदा यिनले भक्त र अनुचरलाई असाध्यै माया र रक्षा पनि गर्दछन् भनिन्छ । तसर्थ सवैभन्दा पहिला तिनका अनुचर र पार्श्व देवताको नै दर्शन र पूजा गरिन्छ । भोलेनाथका रूपमा यिनलाई अन्तिममा दर्शन र पूजाआजा गर्ने परम्परा छ । यस्तै पशुपतिनाथको दर्शन र पूजा गर्नेले तिनका पार्श्वदेवता र अनुचर या पशुपतिनाथ क्षेत्रमा रहेका सवै देवीदेवताको दर्शन र पूजा गर्नुपर्ने नियम छ । यसो गर्न नसक्नेले पनि कम्तिमा पशुपतिनाथ मन्दिर प्रांगण भित्रका वासुकिनाथ, कीर्तिमुख, उन्मत्त भैरव, रूद्रागारेश्वर, कोटिलिंगेश्वर, विनायक, हनुमान र आसपासका प्राय सवै देवीदेवताको दर्शन पछि पशुपतिनाथको दर्शन गर्नुपर्ने पौराणिक मान्यता पाइन्छ । पशुपतिनाथका चारै मुखको दर्शन गर्नुपर्ने मान्यता रहे पनि पश्चिम मुखलाई पशुपति मानिने हुँदा मन्दिरको पश्चिमी ढोकाबाट भक्तहरूलाई दर्शन गर्ने चाँजोपाँजो मिलाइएको छ ।

पशुपतिनाथमा भक्तहरूले गर्ने नियमित दर्शन र पूजा बाहेक विशेष पूजा गर्न पाउने र गराउने पनि व्यवस्था मिलाइएको पाइन्छ । भक्तहरूले पशुपतिनाथमा निश्चित शुल्क तिरेर पञ्चामृत पूजा, बालभोग सहितको पञ्चामृत पूजा, रूद्राभिशेक, लघुरूद्राभिशेक, पूरा भोगसहित पञ्चमृत पूजा, अतिरूद्री, महारूद्री र सवा लाख बत्तीबाट आरती गराउन पाउने पनि व्यवस्था छ । पूजाआजाका लागि तोकिएको रकम बैंकमा जम्मा गरी भौचर पेश गरेपछि मन्दिरका तर्फबाट भक्तहरूका नाममा यस्तो पूजा गरिदिने परम्परा छ । पशुपतिनाथ मन्दिर दिनहूँ विहान पाँच बजेतिर खुल्दछ र मन्दिरको गर्भगृहको सरसफाई गरी भक्तहरूलाई दर्शन र पूजा गर्ने व्यवस्था मिलाइन्छ । पशुपतिनाथमा भक्तालुले देवतालाई छुने र सिधै पूजाआजा गर्न पाउने व्यवस्था छैन । तिनको फूल, पाती र प्रसाद पुजारीलाई दिएपछि त्यसलाई चढाएर पुजारीले नै भक्तालुहरूलाई फिर्ता दिने गर्दछन् । भक्तहरूले तिरेको रकम अनुसारको भाकल पूजा पनि मन्दिरका पुजारी र ब्राह्मणहरूले गरिदिने परम्परा छ । पशुपतिनाथमा चढाउने भेटी र दक्षिणा पनि बैंक जम्मा गर्ने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

या भेटीपात्रमा राख्नु पर्ने नियम छ । यहाँ प्रत्यक्ष रूपमा भगवान्लाई रूपैयाँ पैसा चढाउन र पुजारीलाई दिन पनि पाइँदैन । यसरी भक्तालुले केही समय पशुपतिनाथको दर्शन र पूजा गरेपछि विहान करिव ९ वजेतिर मन्दिरका तर्फबाट पूजाआजा गर्ने गरिन्छ ।

मन्दिरका तर्फबाट गरिने पूजा र आरति

मन्दिरका तर्फबाट पशुपतिनाथको पूजा शिवलिंगको शिर या इशानमा श्रीयन्त्र बनाएर शंकराचार्यले चलाएको दाक्षिणात्य वैदिक विधिले गर्ने चलन छ । दाक्षिणात्य भट्ट ब्राह्मणहरूले देवताको नित्य पूजा मन्दिरका चारैवटा ढोका बन्द गरेर गोप्य रूपमा गर्दछन् । पशुपतिनाथका चारवटा मुखका लागि चारैजना भट्ट पुजारी हुने व्यवस्था छ । यिनमा मूल भट्ट या पुजारी भने पश्चिम मुख र इशानका पुजारी हुने गर्दछन् । पशुपतिनाथको बिहानको नित्य पूजाका क्रममा भगवानलाई बालभोग लगायतका भोग लगाउने तथा पार्श्व देवताको पनि पूजाआजा गर्ने परम्परा छ । मन्दिरका तर्फबाट पूजाआजा सकिएपछि पुन भक्तहरूका लागि मन्दिरका ढोका खुल्ला हुने गर्दछन् । पशुपतिनाथ मन्दिरमा साँझमा भने भगवान्को आरती हुने गर्दछ । साँझको आरती पालोवाला पुजारीले गर्दछन् । साँझमा पशुपतिनाथको कपुर आरती गर्ने चलन छ । आरतीका लागि पञ्चबत्तिको प्रयोग हुने गर्दछ । यस अवशरमा भक्तहरूले पनि चार द्वारको आरति गर्ने चलन छ । आरतीको समयमा नगरा र अन्य बाजा पनि बजाइन्छन् । आरति पछि देवतालाई प्रसाद चढाइन्छ । पशुपतिनाथको आरति केही छोटो हुने गर्दछ र यहाँको आरति सकिएपछि वागमती पारी वागमतीको आरती सुरू गरिन्छ । वागमतीको आरति भने बेग्लै समितिले गर्ने गरेको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाग दुई

पशुपतिनाथ प्रांगणका अन्य मूर्ति र मन्दिरहरू

पशुपतिनाथ भेगमा कति मन्दिर र देव प्रतिमा छन्

पशुपतिनाथ भेगमा ४०० जति मन्दिर र १०० जति धर्मशाला, पाटी र सत्तल छन् । यहाँका मन्दिरमा सवैभन्दा पुरानो पशुपतिनाथ मन्दिर प्रांगणको ब्रह्माको मन्दिर हो । यो आजभन्दा करिव १००० वर्ष अगाडि बनेको मानिन्छ । आजभन्दा १००० वर्ष अगाडिसम्म पशुपतिनाथको मन्दिर पनि यस्तै शिखर शैलीको थियो भन्ने अनुमान छ । हालको पशुपतिनाथको मन्दिर भने वि.सं. १७५३ सालमा बनेको हो । यस बाहेकका अन्य मन्दिरहरू सवै पछिल्लो कालका हुन् । हरेक शताब्दीमा आउने विनासकारी भूकम्पले पुराना कलाकृति नासिनाले तिनलाई पुन पुरानै शैलीमा पुनर्निर्माण गरिएका हुन् । पशुपतिनाथ क्षेत्रमा विभिन्न देविदेवताका हजारौं मूर्तिहरू छन् । तिनीहरू विभिन्न युगमा बनेका मानिन्छन् । मृगस्थली पर्वतलाई शिवलिंगको ढिस्का मानिन्छ । यहाँ जता खने पनि शिवलिंगमात्र पाइने गरेका छन् । हजारौं वर्षसम्म मानिसले बितेर गएका आफन्तको नाममा शिवलिंग स्थापना गर्ने, शिवालय बनाउने र तिनको व्यवस्थापनका लागि गुठी राख्ने कार्य गरिरहे । समयको अन्तरालमा तिनीहरू प्राकृतिक प्रकोका कारण लडे र नासिए । कतिपय यस्ता पुराना कलाकृति मानिसको अतिक्रमणमा पनि परे । तसर्थ पशुपतिनाथ भेगमा यस्ता शिवलिंग र देवीदेवताका प्रतिमा अति धेरै छन् । यही कारणले युनेस्कोले यस क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचिकृत गरेको छ । यो शैव क्षेत्र भए पनि यहाँ वैष्णव, शाक्त र बौद्ध देवीदेवताका प्रतिमा पनि प्रशस्तै पाइएका छन् । बेलाबेलामा आउने विनासकारी भूकम्पले यहाँका मठमन्दिर भत्काउने गरेकाले यहाँका धेरैजसो मन्दिर र धर्मशाला भने पछिल्लो कालमा बनेका मात्र छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उन्मत्तभैरव

भैरव शिवजीको उग्र रूप हो । भैरव मुख्य रूपमा आठ प्रकारका हुन्छन् । पशुपतिनाथ मन्दिर प्रांगणमा भैरवका थुप्रै मूर्ति र शिलाहरू छन् । पशुपतिनाथ प्रांगणमा मुख्य रूपमा दुईवटा भैरव छन् । यिनमा एउटा पशुपतिनाथ मन्दिरको दक्षिण ढोकोसँगै रहेको तले शैलीको छाना भएको मन्दिरभित्र राखिएको उन्मत्त भैरव र अर्को त्यसभन्दा दक्षिणको भुईंमा सुतेको शिरको भागमात्र बाँकी रहेको कीर्तिमुख भैरव हुन् । पशुपतिनाथ भेगका ठूला सवै प्रस्तरहरूलाई पनि भैरव मानेर पूजाआजा गर्ने चलन छ । भैरवहरू उग्र या तान्त्रिक रूपका हुन्छन् । नेपाल शैव भूमि हो र नेपाललाई भैरवको स्थान पनि मानिन्छ । तसर्थ पशुपतिनाथ भेगमा भैरवको पनि पूजाआजा हुने गरेको हो ।

उन्मत्त भैरवको मन्दिर पशुपतिनाथ मन्दिरको दक्षिणी ढोकाको सिधा अगाडि पर्दछ । यो मन्दिर दुई तले छ । यो मन्दिरको हालको स्वरूप वि.सं. २०४७ सालमा बनेको हो । वि.सं. १५२५ सालमा तात्कालिक पशुपतिनाथका पुजारी नारायण भट्टले उन्मत्त भैरवको प्रतिमा स्थापना गराएका हुन् । सोही समयमा यिनका लागि एउटा मन्दिर बनाएर वि.सं. १५२७ सालमा सुनका तीनवटा गजुरहरू पनि चढाइएको थियो । यो मन्दिर निकै सुन्दर छ । मन्दिरभित्र उन्मत्त भैरवको मूर्ति राखिएको देखिन्छ । यो मूर्ति धातुका पाताले बनेको छ । पश्चिमतर्फ फर्काएर राखिएको यस प्रतिमामा भैरव निर्वस्त्र रूपमा रहेका छन् । पशुपतिनाथको दक्षिण मुख अघोर हो, जुन ज्यादै भयंकर मानिन्छ । त्यस मुखलाई शान्त पार्नका लागि यसै मुखको अगाडि पर्ने गरी उन्मत्तभैरव स्थापना गरिएको मानिन्छ । उन्मत्त भैरवको मूर्ति करिव ८ फिट अग्लो छ । यसका दसवटा हातहरू रहेका छन् । पित्तलको पाताबाट बनेको यो प्रतिमा बेतालमाथि या शवासनमा उभिएको देखिन्छ । यसले हातहरूमा खड्ग, डमरू, कर्तृ, नागपास, त्रिशुलसहित खटवाङ्ग, नरमुण्ड र कपालपात्र लिएर अर्को हातले अभय मुद्रा प्रस्तुत गरेको देखिन्छ । यो मूर्ति निकै डरलाग्दो पनि छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कीर्तिमुखभैरव

शिवजीको उग्र रूप भैरवका विभिन्न स्वरूपमा टाउकामात्र भएको र सुतेको अवस्थाको भैरवलाई कीर्तिमुख भैरव भनिन्छ । हुन त आकास भैरवको पनि टाउकोमात्र हुने गर्दछ । तर आकास भैरवको टाउको उठेको हुन्छ भने कीर्तिमुख भैरवको टाउको सुतेको अवस्थामा रहन्छ । पशुपतिनाथ मन्दिरको दक्षिण पूर्वी प्राङ्गणमा यस्तै कीर्तिमुख भैरवको एउटा शिर स्थापित छ । कीर्तिमुख भैरवको यो मुखाकृति भुईंमा टाँसिएको रूपमा देखिन्छ । ठूला आँखा, फुकेको नाक र ओठरहित स्वरूपको यो प्रतिमा केही डरलाग्दो पनि देखिन्छ । यसको पूर्वतिर पर्खालको भित्तामा भने यसको मुकुट रहेको छ । यस भैरवको शरीर भने छैन ।

पद्मपुराणमा भएको एक कथाअनुसार अघि जालान्धर दैत्यले पार्वतीको सुन्दरताका बारेमा थाहा पाएर पार्वतीसँग विवाह गर्ने इच्छा गरेछ । त्यसपछि जालान्धरले पार्वतीलाई फकाउन राहुलाई पठाएछ । राहुले पनि कैलासमा पुगेर शिवजीलाई आलोचना गर्दै पार्वतीलाई जालान्धरसँग विवाह गरी आनन्दले बस्नका लागि फकाउन थालेछ । यसबाट शिवजीलाई धेरै रिस उठेछ र तिनको तेस्रो आँखा खुली एक विशाल पुरूष भैरवको उदय भएछ । शिवजीको आँखाबाट उत्पन्न भएको त्यस भैरवले राहुलाई खान अगाडि बढेछ । यसबाट राहु धेरै डराएछन् र शिवजीकै शरणमा परेछन् । शिवजीले पनि अरूको दुत भएर आएको राहुले माफी समेत मागेकाले त्यसलाई माफ गरेछन् । तर शिवजीको आँखाबाट उत्पन्न भएको भैरवले राहुलाई नखाई नछाड्ने मनसाय राखेछ । उसले आफूलाई धेरै भोक लागेकाले राहुलाई नखाएर के खाउँ भनी शिवजीलाई सोधेछ । तिनलाई शिवजीले पनि आफ्नै शरीर खाउ भनेछन् । त्यसपछि ती भैरवले आफ्नो शरीर सवै आफैं खाएछन् र तिनको शिरमात्र बाँकी रहेछ । त्यसपछि शिवजी उनीदेखि ज्यादै प्रसन्न भएछन् र उनलाई वरदान दिएछन् । शिवजीले तिनलाई तिमीले कीर्ति राख्यौ, अव तिमी कीर्तिमुख भयौ, अव तिमीले आग्नेय कोणको रक्षक भएर मेरो छेउमा बस्नु भनेछन् । त्यसपछि यहाँ रक्षकका रूपमा कीर्तिमुखलाई स्थापना गरिएको मानिन्छ । शिवमहापुराणमा पनि कीर्तिमुखको उत्पत्तिका बारेमा यस्तै कथा दिइएको छ । कथाअनुसार शिवजीको द्वारपाल बनेर बसेको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कीर्तिमुखको दर्शन गरेर मात्र पशुपतिनाथको दर्शन गर्नु पर्दछ । कीर्तिमुखको आकृति धातुको छ, जसलाई आजभन्दा १२०० वर्ष अगाडितिर बनेको हुन सक्ने मानिन्छ ।

पशुपतिनाथको महास्नान तथा महाभोगको अवशरमा प्रत्येक पूर्णिमाका दिन कीर्तिमुख भैरवलाई कालो बोकाको बलि दिने चलन छ । यसरी पहिले कीर्तिमुख भैरवलाई भोग अर्पण गरेपछि मात्र पशुपतिनाथलाई महाभोग लगाउने गरिएको छ । शिविरात्री, फाल्गुण शुक्ल अष्टमी, मार्ग शुक्ल अष्टमी तथा चैत्र शुक्ल अष्टमीका दिन पनि कीर्तिमुखलाई पशुबलि सहित पूजाआजा गर्ने परम्परा पाइन्छ । कीर्तिमुख पशुपतिनाथको रौद्र स्वरूप हो । तसर्थ प्रत्येक शनिबार कीर्तिमुखलाई पशुपतिनाथको तर्फबाट पञ्चमकारले पूजाआजा गर्नुपर्ने विधान छ । शनिवारका दिन यी भैरवको पूजा गरी दही, चिउरामा तिल मिलाई अर्पण गर्नुपर्ने पनि विधान दिइएको पाइन्छ । यिनलाई यसरी पूजाआजा गर्ने मानिसका सवै बिघ्नबाधा हटी आरोग्यता प्राप्त हुने धार्मिक विश्वास छ । अहिले कीर्तिमुखमा भक्तहरूले नरिबल फुटाएर त्यसको पानी चढाउने गर्दछन् ।

वासुकि

वासुकि मन्दिर पशुपतिनाथ मन्दिर प्रांगणको पूर्वतिर पर्दछ । यसको एउटा विशेषता के हो भने पशुपतिनाथको सरहनै वासुकिनाथको पुजारी पनि दाक्षिणात्य भ्टहरूनै रहने गर्दछन् । वासुकिलाई अष्ट नागमध्ये एक मानिन्छ । वासुकिको मन्दिर पशुपतिनाथसँग रहनुको पछाडि विभिन्न कारण हुन सक्तछन् । यिनी शिवजीको परम भक्त भएकाले सधैं शिवजीको घाँटीमा बेरिएर बस्ने गर्दछन् भन्ने पौराणिक कथा पाइन्छ । एक पौराणिक कथाअनुसार शिवजीले वासुकिलाई धनुको डोरी बनाउने गरेको र समुद्र मन्थनका समयमा वासुकिलाई डोरी बनाएर मन्दराचल पर्वतमा अड्याई समुद्र मन्थन गरिएको रहेछ । यी विविध प्रसंगका आधारमा पशुपतिनाथका साथमा वासुकिको पनि उपस्थिति हुने गरेको मान्यता छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथ मन्दिरको उत्तरपूर्वी प्राङ्गणमा नै वासुकीनाथको मन्दिर छ । त्यस मन्दिरभित्र वासुकीको प्रतिमा र वाशुकेश्वर शिवलिङ्ग लगायतका प्रतिमाहरू राखिएका छन् । यहाँ वासुकिलाई पशुपतिनाथको रत्नका संरक्षकका रूपमा त्यस स्थानमा राखिएको हो भन्ने पौराणिक कथा पाइन्छ । वासुकि मन्दिरको पूर्वतिर वागमती नदीको किनारी भागमा वासुकि तीर्थ र त्यसमाथि भीरमा वासुकि गुफा पनि रहेका छन् । हिमवत्खण्ड पुराणमा पाइने एक विवरण अनुसार शिवजीले नन्दी, भृङ्गी, गणेश वासुकी र भैरवलाई के भनेका छन् भने यदि तिनीहरूको दर्शन नगरी कुनै व्यक्ति पशुपतिनाथ प्राङ्गणमा प्रवेश गर्न चाहेमा तिनलाई विघ्न बाधा गर्नु र पशुपतिनाथ मन्दिर भित्र पस्न नदिनु । तसर्थ पशुपतिनाथ मन्दिर प्राङ्गणका यी विभिन्न देवीदेवताको दर्शन गरेरमात्र भक्तहरू पशुपतिनाथको दर्शन गर्न जाने गर्दछन् ।

पशुपतिनाथ मन्दिर छेउमा वाशुकिनाथको स्थापनाका बारेमा के किंवदन्ती पाइन्छ भने अघि गरूडले वासुकिलाई समातेर मार्ने प्रयास गरेकाले तिनी गरूडको फन्दाबाट धेरै कस्ट गरेर उम्किएछन् र पशुपतिनाथको शरण आएछन् । त्यसबाट खुशि भएका भोलेनाथले वासुकिलाई त्यसै स्थानमा सुरक्षित साथ बस्ने आशिर्वाद दिएकाले पशुपतिनाथ मन्दिरको पूर्वी ढोका छेउमा वासुकिनाथको मन्दिर रहेको विश्वास गरिन्छ । वासुकनाथको मन्दिर तले शैलीको छ । यस मन्दिरको धातुको छाना गुणकामदेवको पालामा हालिएको हो । प्रतापमल्लले वि.सं. १७०६ मा वासुकि मन्दिरको पुनर्निर्माण गराएका थिए । हालको यस मन्दिरको स्वरूप पनि त्यही समयको हो । पछिल्लो समयमा वि.सं. २०१३ र २०३१ सालमा पनि यस मन्दिरलाई पुरानै शैलीमा जीर्णोद्धार गरिएयो । यो मन्दिर दुई तलाको छ, जसको दुवै तलाका छानो अड्याउन आकर्षक टुँडालहरूको प्रयोग गरिएका छन् । वाशुकी मन्दिर अनेक प्रकारका कलाकृतिले भरपूर छ ।

वासुकि मन्दिर भित्र रहेको वासुकीको प्रतिमा एकसरो नाग आसनमा सुखासनमा बसेको अवस्थामा देखिन्छ । यसको छेउछाउमा अनेक प्रकारका कलाकृति पनि छन् । वासुकि मन्दिर प्राङ्गणमा वासुकिनाथसमेत जम्मा सातवटा सानाठूला देवलहरू छन् । रत्नकुमारेश्वर, शेरनरसिंहेश्वर, केदारनरसिंहेश्वर, होमेश्वरी भगवती, लक्ष्मी, अन्नपूर्णेश्वर र केदारेश्वर यस प्राङ्गणका मुख्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवलहरू हुन् । वासुकि मन्दिर प्राङ्गणमा विभिन्न देवीदेवताका प्रतिमा पनि राखिएका देखिन्छन् । यस प्रांगणमा शिवलिङ्ग, पार्वतीका पादुका, नरसिंह, हनुमान, ऋषि, भैरवहरू, अङ्गरक्षक, गरूड नारायण, योद्धाहरू, नरसिंह, हरिहर, अर्धनारीश्वर, विष्णु, लक्ष्मी, सरस्वती, दुर्गा, नागराज, शिवजी, सूर्य, नागकन्या र उमामहेश्वरका प्रतिमा राखिएका देखिन्छन् । यसरी वासुकि मन्दिर निकै भव्य र कलाकृतिले भरपुर रहेको देखिन्छ । पशुपतिनाथको दर्शन र पूजाका साथमा वासुकिनाथको पनि पूजाआजा गर्ने परम्परा रहेको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाग तीन

पशुपतिनाथका मुख्य उत्सव र मेला

पशुपतिनाथमा गरिने महास्नान र महाभोग

स्नान भन्नाले नुहाउने कार्य भन्ने बुझिन्छ । यसैगरी महास्नान भने ठूलो या विशेष प्रकारले गरिने स्नान हो । पशुपतिनाथलाई पानीले स्नान गराउने परम्परा पुरानो हो । समुद्रमन्थनबाट निस्किएको कालकुट विष सेवन गरेकाले शिवजी त्यसको ताप कम गर्न गोसाईंकुण्डमा गएर चिसो ठाउँमा बसे भन्ने पौराणिक कथा पाइन्छ । तसर्थ शिवजीलाई स्नान गराउने या पानी चढाउने चलन रहेको छ । पशुपतिनाथलाई दिनहुँ २१ घडा जलले स्नान गराइन्छ । यस बाहेक पशुपतिनाथमा प्रत्येक पूर्णिमाका दिन विशेष उत्सवका साथमा स्नान गराउने, विशेष पूजा गर्ने र विभिन्न प्रकारका भोजनादि चढाउने चलन छ, जसलाई महास्नान, महाभोग तथा महावली पनि भनिन्छ ।

पशुपतिनाथमा महास्नान गरी महाभोग गराउँदा अनेक प्रकारका दुर्भिक्षबाट जोगिन सकिने पौराणिक कथा पाइन्छन् । तसर्थ यहाँ महास्नान र महाभोगको चलन लगाइएको हो । अघि पशुपतिनाथमा छिटपुट रूपमा यसको चलन रहेको भए पनि रणबहादुर शाहको पालादेखि भने पशुपतिनाथको महास्नान र महाभोग नियमित रूपमा हुन लागेको छ । यस अघि सवैभन्दा पहिले राजा अभय मल्लले वि.सं. १३१२ तिर महास्नान गराएको उल्लेख पाइन्छ । तत्काल अनेक प्रकारका प्राकृतिक प्रकोपले दुख दिएकाले तिनको प्रकोप कम गर्न राजाले पशुपतिनाथमा महास्नान गरी महावली गराएका हुन् । त्यसपछि वि.सं. १७३५ साल वैशाख शुक्ल पूर्णिमाका दिन नृपेन्द्र मल्लले पशुपतिनाथमा महास्नान र महावली पूजा गरे । त्यस बेला तिनले ब्राह्मणहरूलाई गाई, घोडा र वस्त्र आदि दान पनि दिए । अहिले प्रत्येक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्णिमाका दिन पशुपतिनाथमा महास्नान गर्ने चलन छ । तर अघि अक्षय तृतीयाका दिन महास्नान गरिन्थ्यो । वि.सं. १६९१ सालताका लक्ष्मीनरसिंह मल्लको पालामा अक्षय तृतीयाका दिन पशुपतिनाथको महास्नान गर्ने चलन चलाइएको हो । त्यस्तै भिख्वँल काजीले भने कार्तिकशुक्ल पूर्णिमाका दिन महास्नान महावली गर्ने चलन चलाएको देखिन्छ । पछि गएर सवै प्रकारका महास्नान पूर्णिमाका दिन गर्न लागिएको छ ।

रणबहादुर शाहकी रानीले नियमित रूपमा पशुपतिनाथको महास्नान महावली गर्ने परम्परा चलाइन् । यसका लागि यिनले वि.सं. १८५६ सालमा करिव २२०० रोपनी खेत गुठी राखिदिएको देखिन्छ । यसको आम्दानीबाट पशुपतिनाथमा नियमित रूपमा महास्नान, महावली या महापूजा पनि गर्न लागियो । महास्नानमा पशुपतिनाथलाई स्नान गराइने भए पनि महावली भने गुह्येश्वरी, कीर्तिमुख, उन्मत्तभैरव, वत्सला र ढुण्डीगणेशलाई पनि गरिन्छ । यसरी महास्नानका साथमा एकै दिन महावली पनि गर्ने चलन छ । महावलीमा पशुपतिनाथका नाममा एउटा साँढे छाड्ने पनि चलन छ । अहिले महास्नान महावलीको आचार्यत्व हनुमानढोका दरबारको तलेजू स्थित राजोपाध्यायले गर्ने गरेका छन् । पशुपतिनाथको महास्नान र महाभोग तयारीमा भने हनुमानढोका कुमारी घरबाट आउने प्रतिनिधिले सहयोग गर्दछन् ।

महास्नानका अवशरमा पशुपतिनाथलाई पोशाक फेराउने गरिन्छ । यस अवशरमा पशुपतिनाथका चारवटा मुखका लागि चाँदीका चारवटा यज्ञोपवित र तीनतीन वटाका दरले चाँदीकै आँखा पनि चढाइन्छ । वासुकिका लागि पनि चाँदीको यज्ञोपवित बनाइन्छ । महाभोगमा भात र अनेक प्रकारका मिठाई पशुपतिनाथको धर्मशिलामा चढाउने चलन छ । महाभोगका लागि मिठाई अरूले पनि बनाउने गर्दछन्, तर भात भने मैथिल ब्राह्मणले पकाउने परम्परा छ । पशुपतिनाथको महाभोगका लागि ६ मुरी ६ मूठी चामलको भात पकाउने तथा त्यसै अनुसार १८ प्रकारका दाल र सिजन अनुसारका तरकारी पकाउनु पर्ने नियम छ । भोग पकाउन ११ जना मैथिल ब्राह्मणको दरवन्दी छ । रणबहादुर शाहकी रानी मैथिल कन्या भएकाले तिनले यहाँ मैथिल ब्राह्मणले नै पशुपतिनाथको महाभोगका लागि भात पकाउनु पर्ने नियम बसाएको मानिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महास्नानको अवशमा पशुपतिनाथलाई १२० घडामा तयार पारिएको पञ्चामृतले पनि स्नान गराइन्छ । त्यस अवशरमा वासुकीलाई पनि पञ्चामृत स्नान गराउने परम्परा छ । पशुपतिनाथको महाभोग मन्दिरको दक्षिणतिर रहेको धर्मशिलामा दिने चलन छ । त्यसलाई सफा गरेर भूमिशोधन गर्ने तथा अन्य विधिविधान पूरा गरी भात, रोटी, दाल, तरकारी र अन्य परिकार राखेर महाभोग लगाउने गरिन्छ । त्यस अवशरमा कीर्तिमुख, गुह्येश्वरी, उन्मत्त भैरव र अन्य देवीदेवताको पनि विशेष पूजाआजा गरिन्छ । पशुपतिनाथमा प्रत्येक पूर्णिमाका दिन गरिने महास्नान र महाभोग सालमा १३ वटा हुने गरेका छन् । यस अवशरमा पशुपतिनाथमा महादिप पनि बाल्ने गरिन्छ । वास्तवमा संकट मोचन र शत्रुलाई परास्त गर्ने साधनका लागि पशुपतिनाथमा महास्नान र महावलीको गर्ने चलन चलाइएको हो ।

पशुपतिनाथको शिवरात्री पर्व

शिवरात्री शिवजीसँग सम्बन्धित पर्व हो । पशुपतिनाथ भेगमा सालभरमा अनेक प्रकारका मेला लाग्ने भए पनि यहाँको सवैभन्दा ठूलो पर्व र मेला शिवरात्रीको हो । फाल्गुण कृष्णचतुर्दशीका दिन हिन्दूहरूले शिवपार्वतीको विवाह भएको पर्वका रूपमा शिवरात्रीलाई लिने गरेका छन् । त्यसै दिन शिवजीको उत्पत्ति भएको, रूद्रले अवतार लिएको तथा डमरू बजाएर त्यसको ध्वनिबाट संसारलाई ज्ञान दिएको धार्मिक विश्वास गरिन्छ । शिवरात्रीका अवशरमा दिनमा व्रत बस्ने र रातको समयमा जाग्राम गर्नु पर्ने पौराणिक विधान दिइएको छ । यस दिन शिवलिङ्गहरूलाई दूध, दही, घिउ र महले स्नान गराउनु पर्ने नियम धर्मशास्त्रहरूले दिएको देखिन्छ । नेपालीहरूले मनाउने चारवटा रात्रीपर्व मध्येको सवैभन्दा ठूलो रात्री पर्व शिवरात्रीनै हो । शिवरात्री मेला देशभर विभिन्न ठाउँमा लाग्ने भए पनि शिवरात्री र पशुपतिनाथ एक अर्कामा अन्तर्सम्बन्धित छन् । वास्तवमा शिवरात्री मेला लाग्ने मुख्य स्थान नै पशुपतिनाथ हो । अघि यहाँमात्र शिवरात्री मेला लाग्दथ्यो । तसर्थ विगतमा नेपाल, भारत र विश्वका अन्य मुलुकबाट पनि शिवरात्री मेलाका लागि पशुपतिनाथमा नै तीर्थयात्रीहरू आउने गर्दथे । यसरी पशुपतिनाथ र शिवरात्री मेला एक आपसमा अन्तर्सम्बन्धित छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवरात्री पर्व मनाउन र त्यस दिन पशुपतिनाथलाई पञ्चामृत स्नान गराउनका लागि गुठीनै राखिदिएको पाइएको छ । त्यस दिन पशुपतिनाथ मन्दिरमा देवतालाई चारै प्रहरमा षोडषोचार विधिले पूजा, आरती र परिक्रमण गरिन्छ । षोडषोपचार पद्धतिको पूजाआजामा धूप, दीप, नैवेद्य, ताम्बूल,

दक्षिणा, आरति, प्रदक्षिणा, गन्ध, पुष्प, स्नान, उपवित, आह्वान, आसन, पाद्य, अर्घ्य र आचमन आदि पर्दछन् । अघि पशुपतिनाथमा शिवरात्रीका अवशरमा धेरै स्थानबाट जोगी, सन्यासी र तीर्थयात्रि आउने गर्दथे । तिनका लागि खाने र बस्ने निशुल्क व्यवस्था गरिन्थ्यो । मेलाको अवशरमा पशुपतिनाथ क्षेत्रमा वेदान्त चर्चा पनि हुने गर्दथ्यो । मेला सकिएपछि बाहिरबाट आएका साधुसन्त र महन्तहरू आ-आफ्नो ठाउँमा फिर्ने गर्दथे । यदि कुनै तीर्थयात्री नफिरेर यहीं बसिरहेमा प्रशासनले फर्कन लगाउने गर्दथे ।

अघि पशुपतिनाथ मन्दिरमा शिवरात्रीका अवशरमा आउने तीर्थयात्रीका लागि विरगन्जदेखि काठमाडौंसम्म नै बाटामा पाल, भरिया, डोले, औषधि र कम्पनी सटहीको व्यवस्थ गरिएको हुन्थ्यो । तत्काल सरसफाईमा ध्यान दिने गरिन्थ्यो भने ज्यादा मूल्य लिने तथा यात्रीलाई ठाउँमा नलगि अलपत्र पार्नेलाई कारवाही गर्ने सम्मका व्यवस्था गरिएका हुन्थे । यस्तो व्यवस्थामा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कमी आएमा कारवाही गर्ने व्यवस्था समेत थियो । शिवरात्रीमा पशुपतिनाथ आउने यात्रिलाई यातायातका साधनमा भाडा आधा छुट दिने चलन थियो । गुठी बन्दोवस्त अड्डाले यहाँ आउने यात्रिलाई हण्डी, सिधा र सदावर्तको व्यवस्था गर्दथ्यो । फलफूलमात्र खानेलाई फलफूलको पनि व्यवस्था गरिन्थ्यो । नाकानाकामा यात्रुलाई चेक जाँच गर्ने कार्य गरिन्थे । जोगि, सन्यासी र तीर्थयात्रीलाई पशुपतिनाथ मन्दिर जान अनुमति दिने गरिन्थ्यो भने रोगी, मगन्ते र गवैयालाई उतै फर्काउने परम्परा थियो । नेपाल आउन शिवरात्रीका लागि सात दिनको राहदानी दिने चलन थियो । ज्वरो आएको र प्लेग लागेको लाई फिर्ता गर्ने, वासहरूमा चोरी नहोस् भन्नका लागि चारचार जनाका दरले सुरक्षाकर्मी खटाउने र सुरक्षा जाँचमा भारीसमेत खोलेर देखाउनु पर्ने नियम थियो । शिवरात्रीसम्बन्धी काम मुलुकी अड्डाले गर्दथ्यो । यात्रिलाई शिवरात्रीको एक हप्ता अगाडि तथा यदाकदा १२ दिन अगाडि पनि आउन दिइन्थ्यो ।

शिवरात्रीका अवशरमा पशुपतिनाथमा आउने राजारजौटालाई भने राज्यका तर्फबाट सौगात दिएर पठाउने चलन पाइन्छ । वि.सं. १९४६, १९५० र १९५२ सालमा काशिका राजा हरिराज सिंह पशुपतिनाथको दर्शनका लागि आएका थिए भन्ने ऐतिहासिक विवरण पाइएका छन् । वि.सं. १९८० सालमा नासिकका राजा, १९८१ सालमा वरोदा महाराजाका भाइ, १९८३ सालमा बरेलीका राजा, १९८४ सालमा सुरसण्डका रानी र १९८५ सालमा बलरामपुरकी महारानी पशुपतिनाथमा आएका थिए । राजामहाराजाले यहाँ बसुन्जेल भत्ता पाउने गर्दथे । तिनीहरूलाई भने सालैभर पशुपतिमा आउने छुट थियो । तर अन्य भक्त र जोगीहरू अन्य अवशरमा पशुपतिनाथ आउन पाउँदैनथे । वि.सं. २००७ सालपछि भने जुनसुकै समयमा पनि भारतीय तीर्थयात्रीहरू पशुपतिनाथ भ्रमणमा आउन सक्ने भए । हाल पशुपतिनाथ भेगमा शिवरात्रीका अवशरमा धेरै भारतीय पर्यटकको भीड लाग्ने गरेको छ । यो पर्वका अवशरमा पशुपतिनाथ भेगमा निकै लामो समयसम्म तीर्थयात्रीको आवतजावत भईनै रहन्छ । तर पनि शिवरात्री र त्यसको अघिल्लो दिन भने यहाँ धेरै भीड लाग्दछ । यसरी पशुपतिनाथ र शिवरात्री एक आपसमा अन्तर्सम्बन्धित छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथको बालाचतुर्दशी मेला

मार्गकृष्ण चतुर्दशीका दिनलाई बालाचतुर्दशी भनिन्छ । यस दिन शिवालयहरूमा मृतकका नाममा अन्नका बीउहरू छर्ने चलन छ । बालाचतुर्दशी मेला लाग्ने र अन्नका बीउ छर्ने मुख्य उत्सव हुने स्थान नेपालमात्र हो । त्यसमा पनि अघि पशुपतिनाथ भेगमा मात्र बालाचतुर्दशी पर्व मनाउने र सतबीउ छर्ने चलन थियो । तर अहिले भने देशका अन्य शिवालयमा पनि अन्नका बिउ छर्ने चलन चलेको छ । बालाचतुर्दशीका अवशरमा पशुपतिनाथ क्षेत्रमा जमिनमा नै धान, जौ, तिल, गहूँ, चना, मकै र कागुनो जस्ता सप्तधान्य छर्ने चलन छ । तसर्थ त्यस दिन भुईंमा छरिने अन्नलाई शतबीज या सतबीउ भनिन्छ । पशुपतिनाथ भेगमा मार्गकृष्ण त्रयोदशीका साँझदेखि नै शतबीज छर्ने मानिसहरूको ठूलो मेला लाग्दछ । त्यस रात भक्तहरू रातभर शिवजीको भजनकीर्तन गरी बस्तछन् र बिहान पशुपतिनाथ भेगमा शतबीज छर्ने गर्दछन् । हिमवत्खण्ड पुराणमा पाइने एक विवरण अनुसार मृगरूप लिएर शिवजी जुनजुन ठाउँमा घुमे, बसे, सुते, विहार गरे र खाना खाए, ती सवै स्थान पुण्य क्षेत्र बने र ती स्थानमा सदब्यू छर्दा एउटा गेडा अन्न बराबर एक रत्ती सुवर्ण छरे सरहको पुण्य हुने बताइएको छ । मृगस्थलीमा शिवजी अघि मृग रूप धारण गरी बसेको हुनाले पशुपतिनाथ प्राङ्गणका साथमा मृगस्थली पनि शतबीज छर्ने पवित्र स्थानका रूपमा परिचित छ ।

पशुपति क्षेत्रमा मनाइने बालाचतुर्दशी पर्वको सुरूवातसम्बन्धी एउटा किंवदन्ती पाइन्छ, जसअनुसार धेरै पहिले पशुपति आर्यघाटमा बालानन्द नामका एकजना मुर्दा जलाउने व्यक्ति बस्दो रहेछन् । मुर्दा जलाउने नै पेशा भएको बालानन्दले एक दिन मुर्दामा आगो लगाएर खाजा खान बसेछन् । त्यसै बेला आगोमा डढ्दै गरेको मूर्दाबाट गिदीको एउटा टुका पड्किएर उसको खाजामा झरेछ । त्यस कुराको पत्तो नै नपाई खाजा खाईरहेको बालानन्दले खाजा ज्यादै स्वादिलो भएको महशुस गरेछन् । त्यसपछि उसले त्यसको कारण पत्ता लगाउँदा उसले मुर्दाको पोलिएको गिदी खाजाका साथमा खाएको थाहा पाएछन् । त्यसबाट पल्किएर उसले सँधैं त्यतै बसेर मानिसको पोलिएको मासु खान लागेछन् । तसर्थ बालानन्दले दानवको रूप लिन पुगेछन् । त्यसपछि ऊ बालासुर नामक राक्षसका रूपमा परिणत भएछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किंवदन्तीअनुसार बालासुरदेखि मानिसहरू डराउन लागेछन् र उसलाई मार्नका लागि उसको मीत बृषसिंहलाई पठाएछन् । बृषसिंहले पनि जनधारणा अनुरूप नै बालासुरलाई रक्सी खुवाएर मताएछ र मातेकै मौकामा मारी दिएछ । यसरी जनभावना अनुसार आफ्नै मीतलाई मार्न परेकाले बृष सिंहलाई मनमा ज्यादै अशान्ति र छटपट भएछ । त्यसैबेला छटपटिका बीचमा बृषसिंहलाई एकपटक सपनामा शिवजी प्रकट भएर मृतकका नाममा सद्बीज छरेमा उनीहरूले शान्ति पाउने कुरा बताएछन् । त्यसै अनुरूप उसले पशुपति क्षेत्रमा आफ्ना मीतका नाममा सदबीउ छरेछ । उक्त दिन कार्तिक कृष्णचतुर्दशी परेकाले त्यसै दिनदेखि त्यहाँ सद्बीउ छर्ने परम्पराको सुरूवात भएको हो र बालासुरकै नाममा त्यस पर्वलाई बालाचतुर्दशी भन्न लागिएको हो भन्ने किंवदन्ती पाइन्छ ।

बालाचतुर्दशीका दिनदेखि नै पशुपतिलाई तातो पानीले स्नान गराउने परम्परा छ । काठमाडौंको पशुपतिनाथ क्षेत्रमा मन्दिरका तर्फबाट भने बालाचतुर्दशीभन्दा तीन दिन अगाडि नै या मार्गकृष्ण एकादशीका दिन सद्बीज छर्ने गरिन्छ । यस दिन वत्सलेश्वरीको पूजा सकिएपछि वत्सलेश्वरी क्षेत्रमा र राजराजेश्वरी घाट हुँदै सद्बीज छर्दै पशुपतिनाथमा पुग्ने चलन छ । त्यस अवशरमा बाटामा पर्ने सवै देवीदेवता भएको स्थानमा शतबीज छर्दै हिंड्ने गरिन्छ । त्यस दिन पशुपतिनाथका पुजारी, कर्ता, मूलभँडारी र मोहीनायक सवैजना मिलेर काम गर्ने गर्दछन् । यस दिन वत्सलेश्वरीमा शतबीज छरिने हुनाले यसलाई पार्वतीले छरेको मानिन्छ ।

पशुपतिनाथ भेगको वत्सलेश्वरीमा शतबीज छर्ने परम्परका सम्बन्धमा स्थानीय जनमानसमा एउटा किंवदन्ती पाइन्छ, जसअनुसार अघि शिवजी मृगस्थलीमा मृगको रूपमा विचरण गर्न लागेपछि कुन मृगचाहिं शिवजी हुन् भन्ने कुरा पत्ता लगाउन पार्वतीलाई कठीन भएछ । तसर्थ पार्वतीले पनि मार्गकृष्ण एकादशीका दिन यस भेगमा शतबीज छरिछन् । पछि उक्त सतबीज उम्रिएछ र मृगहरू सतबीजका उम्रिएका टुसा खान आएछन् र हाँजमा बस्ने कुनचाहिं मृग शिवजी हुन् भन्ने कुरा पार्वतीले सहज रूपमा थाहा पाइछन् । यही पार्वतीले सुरू गरेको शतबीज छर्ने परिपाटि पछि गएर परम्पराका रूपमा विकसित भएको मानिन्छ । पशुपतिनाथ मन्दिरका तर्फबाट सतबीज छरेको तीनदिन पछि या बालाचतुर्दशीका दिन भने तीर्थालुहरूले पशुपतिनाथ भेग,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मृगस्थली र कैलाशमा शतबीज छर्ने गर्दछन् । अघि नेपालका विभिन्न भागका मानिसहरू सद्ब्यू छर्नका लागि पशुपतिनाथनै पुग्नु पर्दथ्यो । पछि यस्तो समस्याबाट छुट्कारा पाउन देशका अन्य भागमा पनि शिवालय स्थापना गरियो र ती क्षेत्रमा पनि सद्ब्यू छर्ने कार्य गर्न लागियो ।

पशुपतिनाथ भेगको सद्ब्यू छर्ने कार्यको महत्व के पनि रहेको छ भने यस भेगका सवै वस्तु शिवजीका अंश मानिन्छन् । यहाँका सवै प्रस्तर भैरव, सवै रूख ऋषिका प्रतिरूप, सवै जलकुण्ड तथा पानीका स्रोत तीर्थ र सवै जीवजन्तु शिवजीका सन्तान मानिन्छन् । यहाँ छरिएको सद्ब्यू या अन्नपात यस भेगका बाँदर, कुकुर, चराचुरूंगी र किरामिराले खाने, त्यसबाट बचेको अन्न जमिनमा उम्रिए पछि टुसा खाने जीवजन्तुले खाने, तिनीहरू बढेपछि घाँस खाने पशुले र फल्न लागेपछि पुन बाँदर लगायत जीवजन्तुले खाने गर्दथे । यसरी बालाचतुर्दशीमा एकपटक छरिएको अन्न यहाँका सवै पशुहरूका लागि सालभरको खाने कुरा हुने गर्दथ्यो । यहाँका बाँदर, कुकुर, चरा र जीवजन्तु सवै यिनै खानेकुरा खाएर रम्दथे पनि । यिनीहरू सवै शिवजीका सन्तान भएकाले यसरी सद्ब्यूका रूपमा छरिएको अन्न सालभरका लागि तिनको खानपिनको माध्यम बन्दथ्यो, जुन कार्य पुण्यदायक पनि मानिन्थ्यो । तसर्थ पितृको उद्धारका लागि बालाचतुर्दशीका अवशरमा यहाँ सद्ब्यू छर्ने कार्य पुण्यदायक मानिएको हो । मानिसले छरेको सद्ब्यूबाट विभिन्न जीवजन्तुले सालैभर खान पाउने हुनाले यसैबाट पितृको उद्धार हुने कुरा पनि निश्चित मानिन्थ्यो । बालाचतुर्दशीका बेला पशुपतिनाथ भेगमा बाहिरका भन्दा नेपालकै तीर्थयात्रीहरूको धेरै भीडभाड लाग्ने गरेको छ ।

बालाचतुर्दशीका अवशरमा पशुपतिनाथ भेगमा अन्य धार्मिक कृत्य पनि गरिन्छ । यस अवशरमा पशुपतिनाथको भण्डारमा भएको सम्पत्ति सर्वसाधारणलाई देखाउने चलन छ । पशुपतिनाथ मन्दिरको भण्डारमा राखिएको नागमणि, एकमुख शिवलिंग र पशुपतिनाथको मुकुट पनि बाला चतुर्दशीका अघिल्लो दिन पशुपतिनाथ मन्दिर प्रांगणमा सर्वसाधारणलाई प्रदर्शन गरिन्छ । त्यसदिन त्यो मुकुट पशुपतिनाथलाई लगाइन्छ र अर्कोदिन यसलाई पुन थन्क्याइन्छ । नेपालीहरूलाई पशुपतिनाथले सात वर्षसम्म पाल्न सक्तछन् भन्ने मान्यता छ । तसर्थ यिनको सम्पत्ति, सुनचाँदी र गरगहना बाला चतुर्दशीका अवशरमा सर्वसाधारणलाई प्रदर्शन गर्ने परम्परा बसेको हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथको छाया दर्शन

छाया दर्शन गर्ने एउटा पुरानो परम्परा पशुपतिनाथ भेगमा प्रचलित छ । शिवजीको छाया दर्शन गर्ने यस्तो परम्परा अन्यत्र कतै पनि रहेको पाइँदैन । यसका लागि एउटा उत्सवनै गर्ने गरिन्छ । छाया दर्शनका अवशरमा पशुपतिनाथलाई कैसालको प्रतिक मुकुट पनि लगाईदिने गरिन्छ । तसर्थ यस पर्वलाई कैलास कुसुमारोहण पनि भनिन्छ । यो कैलास पुष्पको मुकुट बनाएर पशुपतिनाथलाई लगाई दिने एक विशेष पर्व हो । यो पर्व प्रत्येक साल माघशुक्ल चतुर्दशीदेखि पूर्णिमासम्म जम्मा दुई दिन मनाउने गरिन्छ । यो पर्व भूपालेन्द्रमल्लकी रानी भुवनलक्ष्मीले पशुपतिनाथका तात्कालिक पुजारी विमलानन्दको सल्लाहमा सुरू गरेको बताइन्छ । कसैकसैले यसलाई बोधिसत्वको मुकुट पशुपतिनाथलाई लगाई दिने पर्व पनि भन्ने गर्दछन् । तर पनि यथार्थता भने फरक छ । यस पर्वका अवशरमा विशेटनाईकेले यो पुष्प निर्माण गर्ने हुनाले यसलाई अलग्ग अर्थ लगाउनु उपयुक्त हुँदैन ।

कैलास कुसुमारोहण पर्व मनाउन पशुपतिनाथको शिरमा अँट्नेगरी पुष्पको प्रतिकयुक्त मुकुट बनाइन्छ । यसमा पञ्चरङ्गी कपडाका टुक्राले बाँसका कप्टेरालाई छोपेर मुकुट बनाइन्छ, जसलाई कैलाश पुष्प भनिन्छ । यसलाई माघ शुक्ल चतुर्दशीका दिन यज्ञशालामा लगेर विशेष पूजाआजा र होम गर्ने गरिन्छ । त्यसपछि उक्त मुकुट पशुपतिनाथलाई लगाई दिने चलन छ । त्यसको भोलिपल्ट या पूर्णिमाका दिन वाग्मती नदीबाट जल ल्याएर पशुपतिनाथ मन्दिरको गर्भगृहमा खन्याउने र जमाउने तथा जमाईएको पानीमा पशुपतिनाथ भगवान्‌को छायाँ दर्शन गर्ने परम्परा छ । यसलाई भने छायाँ दर्शन भनिन्छ । यसरी कैलाशकुशुमारोहण र छाया दर्शन एक आपसमा सम्बन्धित पर्वहरू हुन् । यी उत्सव पशुपतिनाथ भेगमा गरिने यहाँका अनौठा र फरक विशेषता भएका पर्व मानिन्छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महादेव पार्वती नाच

महादेव पार्वती नाच पशुपतिनाथ भेगमा सम्पन्न गरिन्छ । यो नाच पनि यहाँको मौलिक नाच हो । यो नाच प्रत्येक साल आश्विन कृष्ण प्रतिपदा, द्वितीया र तृतीया गरी जम्मा तीन दिनसम्म नाच्ने चलन छ । महादेव पार्वती नाच पशुपतिनाथको पश्चिमी द्वार अगाडि चावहिलको चारूमती विहारका शाक्यहरूले नाच्ने गर्दछन् । यस नाचका नर्तकले जयवागेश्वरीका गहना र शृंगारका वस्तु प्रयोग गर्ने गर्दछन् । यस नाचमा महादेव, पार्वती र सतीदेवी गरी तीनजना नर्तक नर्तकी रहने चलन छ । सर्वप्रथम जयवागेश्वरीका नासद्यको पूजा गर्ने र नृत्यको सुरूवात गर्ने परम्परा रहेको पाइन्छ । महादेव पार्वती नाचका महादेवको भूमिका निभाउने नर्तकले मुकुट पनि लगाउँछन् भने पार्वती बन्नेले चाहिं लामो जामा लगाउने चलन छ । यो नृत्य चन्द्र विनायक, जयवागेश्वरी, इँटापाखा डवली, भुवनेश्वरी, भीमसेन मन्दिर अगाडिको डबली, पशुपतिनाथको पश्चिम द्वार अगाडि, राजराजेश्वरी र गुह्येश्वरीमा पनि नाच्ने परम्परा छ ।

वत्सलेश्वरीजात्रा

वत्सलेश्वरीको यात्रा पशुपति भेगमा शिवजी र पार्वतीको सम्मानमा सम्पन्न गर्ने चलन छ । यो जात्रा चैत्र कृष्णअष्टमी (दुदुच्याँच्याँ) का अवसरमा गरिन्छ । त्यस दिन पशुपतिको बेलुकाको आरती सकिए पछि पशुपतिको आशागुर्जा र पशुपति मन्दिरको गर्भगृह भित्रै रहेको पशुपतिको एउटा चल शिवलिङ्गलाई खटमा राखी पशुपति क्षेत्रका मन्दिरहरू घुमाइन्छ । त्यहाँका भट्ट पुजारी, भण्डारी र कोतवालासमेत सहभागी हुने त्यस जात्रामा पन्चैबाजा लगायतका बाजागाजा बजाइन्छन् । त्यसलाई जात्राका लागि देवीदेवतालाई निम्ता दिएको मानिन्छ । वत्सलेश्वरी यात्राले शिवजीको विवाहको स्मरण गराउँछ । पशुपतिबाट सुरू भएको खटजात्रा पशुपतिनाथ भेगबाट सुरू गरेर विभिन्न मठमन्दिरमा आरति आदि गर्दै नरदेवी पुऱ्याएर पुन फिर्ता गर्ने चलन छ । पशुपतिनाथ भेगमा सम्पन्न गरिने यो जात्रा निकै प्रख्यात र महत्वपूर्ण पनि छ । वत्सलेश्वरीको जात्रा प्रत्येक वर्ष निकै उल्लासका साथमा सम्पन्न गर्ने गरिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्रिशूलयात्रा

पशुपतिनाथ भेगमा गरिने विभिन्न जात्रामा त्रिशूल यात्रा पनि निकै प्रख्यात छ । यो जात्रा पशुपतिनाथ भेगमा आषाढकृष्ण अष्टमीका दिन मनाइन्छ । त्यस दिनलाई यस भेगमा भलभलाष्टमी पनि भनिन्छ । मतिजात्रा भनिने यो जात्रा पशुपतिनाथसँग पानी माग्न सम्पन्न गर्ने चलन छ । यो यात्रा लिच्छवि राजा नरेन्द्रदेवको समयदेखि चलेको बताइन्छ । एक किंवदन्तीअनुसार कुनै समयमा स्वयम्भूतिर बस्ने राक्षसहरूले देवपाटन क्षेत्रमा आएर मानिसहरूका बच्चा मार्ने गर्दा रहेछन् । तसर्थ त्यहाँका मानिसले सल्लाह गरी त्यसको बदलामा राक्षसका छोराछोरी नै चोरेर ल्याई मारि दिएछन् र सिफलको डाँडामा लगी त्रिशूलले घोचेर खटमा राखी दिएछन् । यस घटनापछि राक्षसहरूको बिध्वंस कम भएकाले त्यसैको स्मरणमा त्रिशूलयात्रा मनाउने गरिएको मानिन्छ । त्रिशूल यात्राका अवसरमा देवपाटनका तीनओटा स्थानबाट शूलले घोचेको भान पर्नेगरी पाँचजना बालबालिका जात्रामा निकालिने भएकाले यसलाई त्रिशूलयात्रा भनिन्छ ।

त्रिशूल यात्राको सुरूआतका सम्बन्धमा यस्ता अरू कथा पनि पाइन्छन् । आषाढ कृष्ण अष्टमीका दिन बिहानै जयवागेश्वरी, वज्रघर, भुवनेश्वरी र वत्सलेश्वरीमा बलिसहितको पूजाआजा गरिन्छ । त्यसै दिन बेलुका त्रिशूल यात्रा सुरू हुने गर्दछ । यात्रामा लैजाने खट काठबाट बन्दछ । जात्राका लागि खटलाई सिंगारपेटार गरिन्छ र खटमा बस्ने केटाकेटीलाई पनि सिंगारपेटार गरी छोपेर खटमा राखिन्छ । त्यसपछि खटलाई पशुपतिनाथ भेगका विभिन्न स्थानमा घुमाउने गरिन्छ । यसरी त्रिशूलजात्रा पनि पशुपतिनाथ भेगमा गरिने एक महत्वपूर्ण यात्रा हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वनकालीजात्रा

पशुपतिनाथ भेगको वनकालीका नाममा पनि जात्रा हुने गरेको छ । यो जात्रा वैशाख शुक्ल तृतीया या अक्षय तृतीयाका दिन गर्ने परम्परा छ । यो जात्रा यसका गुठीयारले गर्ने गरेका छन् ।

वज्रेश्वरीजात्रा

पिंगला या वज्रेश्वरीका सम्मानमा पनि पशुपतिनाथ भेगमा जात्रा गर्ने परम्परा छ । यो जात्रा पशुपतिनाथ भेगमा चैत्रकृष्ण त्रयोदशीका दिनदेखि हुने गर्दछ । यस जात्राका अवशरमा पनि वज्रेश्वरी लगायतका देवीहरूलाई खटमा राखेर पशुपतिनाथ भेगको प्रदक्षिणा गराउने परम्परा रहेको छ ।

वागमती जात्रा

पशुपतिनाथ भेगमा गरिने विभिन्न जात्रामा वागमती जात्रा पनि निकै प्रख्यात छ । यो जात्रा उपत्यकाको पानी बाहिर निकस्कने स्थान कटुवालदहदेखि वागमती नदीको उद्गम स्थल वागद्वारसम्मको यात्रा गरेर सम्पन्न गरिन्छ । यो यात्रा वागमती नदीको किनारका तीर्थहरूको यात्रा र स्नानसँग सम्बन्धित छ । वागमती जात्रा प्रत्येक वर्ष वैशाख महिनामा सम्पन्न गरिन्छ । वैशाख शुक्ल प्रतिपदादेखि यो जात्रा सुरू गर्ने चलन छ । वागमती जात्राका अवशरमा यात्रा र स्नान गरिने तीर्थहरू प्राय वागमती नदीको किनारी भागमा रहेका छन् । वागमती जात्राको समापन भने वैशाख पूर्णिमाका दिन गर्ने चलन छ । यसको समापन गर्दा रूद्रागारेश्वरमा पूजा लगाउने, विरूपाक्षलाई दहीचिउरा चढाउने तथा तीर्थगुरूलाई दानदक्षिणा गर्ने गरिन्छ । यसरी वागमती जात्रा पशुपति क्षेत्रबाट सुरू गरेर पशुपतिनाथ क्षेत्रमा नै समापन गरिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वागमती आरती

वागमतीनदी शिवजीको मुखबाट निस्किएकी तथा ज्यादै पवित्र मानिने हुँदा यिनको सम्मानमा वागमती नदीको किनारी भागमा वागमतीको आरती पनि गर्ने चलन छ । पशुपतिनाथ भेगमा आर्यघाटको पूर्वतिर या वागमती नदीको पूर्वी किनारमा वागमती नदीको आरती हुने गरेको छ । वागमतीको आरती प्रत्येक दिन साँझमा गरिन्छ । यो आरतीको सुरूआत वि.सं. २०६४ साल श्रावण २१ गतेबाट भएको हो । यसको सञ्चालन वागमती आरती सेवा समितिले गर्दै आएको छ । वागमती आरतीका अवसरमा प्रत्येक दिन साँझपख कीर्तन गर्ने, मङ्गलचरण गाउने र सरस्वती स्तोत्र, शिवआरती, शिवपञ्चाक्षरस्तोत्र, श्रीरूद्राष्टकस्तोत्र र शिवताण्डव स्तोत्र गाउने गरिन्छ । आर्यघाट परिसरमा गरिने यस आरतिले पशुपति क्षेत्रको महत्व उजागर गरेको छ ।

लिङ्गयात्रा

लिंगयात्रा पशुपतिनाथ भेगबाट गरिने ६४ लिंगको यात्रा हो । यस अवशरमा यात्रा गरिने लिङ्गहरूको चर्चा नेपाल माहात्म्य, पशुपतिपुराण र हिमवत्खण्ड पुराणमा पाइन्छ । लिङ्गयात्राका सन्दर्भमा विरूपाक्षले नेमुनिको सल्लाह अनुसार पूर्व जन्मको पापबाट मोक्ष प्राप्त गर्न तीर्थस्नान गरी चौसठ्ठी शिवलिङ्को दर्शन र पूजन गरेको पौराणिक कथा पाइन्छ । यसै कथामा आधारित भई लिङ्गयात्रा गर्ने चलन छ । लिङ्गयात्रा गरिने चौसठ्ठी लिङ्गमध्ये धेरैजसो काठमाडौँ उपत्यका भित्र नै अवस्थित छन् । यात्रा गरिनुपर्ने कतिपय लिङ्ग उपत्यका बाहिर पनि छन् । उपत्यका बाहिरका लिङ्गहरूको यात्रा गर्न नसक्नेले उपत्यकाका लिङ्गहरूको यात्रा गरेर पुण्य कमाउने गर्दछन् । तर लिङ्ग यात्रा पशुपतिनाथसँग नै सम्बन्धित छ । ती लिङ्ग भएका स्थानमा विभिन्न तीर्थहरू पनि भएकाले तिनको भ्रमण, दर्शन, पूजन तथा स्नानले विभिन्न प्रकारका पापादिबाट मुक्ति पाइने जनविश्वास छ । लिङ्गयात्राको सुरूआत पशुपतिनाथ क्षेत्रमा माघशुक्ल पञ्चमीका दिनदेखि हुने गर्दछ । यसको समापन भने माघशुक्ल पूर्णिमाका दिन रूद्रागारेश्वरमा साङ्गे गरेर गर्ने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चलन छ । हाल पशुपतिनाथ भेगबाट गरिने लिंगयात्रा हुन छाडेको छ ।

पशुपतिनाथ क्षेत्रमा गाईजात्रा, घोडेजात्रा, वज्रेश्वरीजात्रा, रोपाईंजात्रा, गुह्येश्वरीजात्रा, वनकाली जात्रा, लिंगयात्रा, उपलिंगयात्रा र वागमती यात्रा आदि विभिन्न प्रकारका यात्रा हुने गर्दछन् । यसरी पशुपतिनाथ भेग सालैभर विभिन्न प्रकारका जात्रा र पर्वले अध्यात्मको केन्द्रका रूपमा स्थापित भएको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाग चार

पशुपतिनाथ प्रांगण बाहिरका मन्दिरहरू

आगमघर

आगमघरको मतलव तन्त्र साधनाका लागि बनाइएको घर भन्ने हुन्छ । पशुपतिनाथमा शिवका साथमा शक्तिको पनि पूजा हुन्छ । पशुपतिनाथको आगमघर शक्तिको या शिवाको पूजाआजा हुने घर मानिन्छ । पशुपतिनाथ वरिपरि विभिन्न नौवटी देवी रहेको मानिन्छ । यसैगरी शिवकी शक्ति शिवा हुन्, जसका विभिन्न नाम छन् । यस्तै वत्सलेश्वरी शिवकी शक्ति हुन्, जसको मन्दिर पशुपतिनाथको दक्षिणतिर आर्यघाट भेगमा पर्दछ । यता गुह्येश्वरीलाई पनि शिवा, पार्वती या सतीदेवी मानिन्छ । तर पशुपतिनाथमा शिवको पूजा हुन्छ भने शक्तिको पूजा हुने मुख्य स्थान आगमघर मानिन्छ । पशुपतिनाथको इसान या थाप्लोमा श्रीयन्त्र बनाएर पूजा गरिन्छ, जुन पनि शक्तिको प्रतिक मानिन्छ भने आगमघरमा पनि शक्तिको प्रतिकका रूपमा श्रीयन्त्रमा नै पूजाआजा हुने स्थान हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुपतिनाथको आगमघर पशुपतिनाथ मन्दिरको पश्चिमतिर मुख्य आँगन बाहिरतर्फ पर्दछ । यो घर घ्याम्पेपाटीको दक्षिणतिर छ । यहाँ देवीको तान्त्रिक पूजा हुन्छ । यिनलाई अचुलेश्वरननी पनि भनिन्छ । पशुपतिनाथको आगमघरका पुजारी भने नेपाली भट्ट ब्राह्मण रहेका छन् । यिनले आगमघरका साथमा अन्य विभिन्न देवीदेवताको पूजा गर्दछन् । वागमती जात्रा, लिंगयात्रा, कुण्डजात्रा र उपलिंगयात्रामा नेमुनी बनेर जात्रा सन्चालन गर्ने जिम्मा पनि यिनैको हुने गर्दछ । पशुपतिनाथको शक्तिको पूजाआजा हुने घर भएकाले आगमघरको ठूलो महत्व छ । किनकि शक्ति विनाको शिव पनि चल्न नसक्ने हुन्छ भनिन्छ । शक्तिका कारण नै शिवजी चलायमान हुने र सृष्टिको कार्यका साथमां लीला पनि गर्दछन् भनिन्छ । तसर्थ शिवका साथमा शक्तिको पनि समान रूपमा पूजाआजा हुने गरेको हो । परम्परागत रूपमा पशुपतिनाथमा नयाँ भट्ट नियुक्ति गर्दा तिनलाई विभिन्न संस्कार गराउने र शपथ गराउनेसम्मका कामको जिम्मा आगमघरका पुजारीलाई नै दिइएको छ ।

पशुपतिका आगम देवी देवताहरू जम्मा १७ ठाउँमा छन्, जसको संख्या भने ३२ रहेको उल्लेख पाइन्छ । तसर्थ तिनलाई सत्र ठाउँ वत्तीस देवता भनिन्छ । आगम घरबाट पूजाआजा हुने १७ ठाउँमा ४१ देवीदेवता भएको पनि उल्लेख गर्ने गरिन्छ । यिनीहरूको नित्य पूजा आगमघरका पुजारीले नै गर्दै आएका छन् ।

कोटिलिङ्गेश्वर

पशुपतिनाथ भेगमा दर्शन र पूजाआजा गर्नुपर्ने अर्को स्थान कोटिलिंगेश्वरको हो । यो मन्दिर पशुपतिनाथको मन्दिरको दक्षिणतिर रहेको छ । यहाँ एउटा प्रांगणमा ५२५ वटा साना शिवलिङ्गको बीचमा कोटिलिंगेश्वर महादेव रहेको छ । यहाँ कोटिलिंगेश्वरका लागि गोलो आकारको मन्दिर पनि बनाएको पाइन्छ । छानामाथि छाना भएको गोलो स्वरूपको यस मन्दिरका तीनवटा गोला छाना छन् । कोटिलिङ्गेश्वर शिवालय प्रतापमल्लले वि.सं. १७१२ सालमा स्थापना गराएका हुन् । यसको चारैतिर यन्त्राकार रूपमा प्रदक्षिणा गर्न सकिने गरी ससाना शिवलिङ्ग राखेर प्रदक्षिणापथ बनाइएको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ । प्रतापमल्लले राखेको एउटा अभिलेखमा उनले वि.सं. १७१२ मा प्रस्तरका हजार लिङ्ग थापेको चर्चा पाइन्छ । प्रतापमल्लले आफ्नो व्यभिचारको पापबाट मुक्ति पाउन यो शिवालय निर्माण गरेको बताइन्छ । तर यहाँ कोटिलिङ्ग मानिने साना लिङ्ग ५२५ वटा छन् भने तिनको बीचमा कोटिलिङ्गेश्वरको मन्दिर रहेको देखिन्छ ।

कोटिलिंगेश्वर शिवलिंग करिव ५ इन्च अग्लो साधा छ, जसलाई हाल तामाको मुखलिङ्ग स्वरूपले छोपिएको देखिन्छ । यो शिवालय वि.सं. २०७२ सालको भुकम्पले भत्किएकोमा हाल यसलाई पुरानै स्वरूपमा पुनर्निर्माण गरिएको छ । मन्दिरको पूर्वमा रहेको पाटीभित्र भोगेश्वर र भण्डारेश्वर महादेवका साधा ठूला शिवलिङ्ग छन् । मन्दिरको उत्तरपश्चिम कुनामा प्राचीन नन्दि र पूर्णेश्वर महादेव भनिएको एकमुखे सानो शिवलिङ्ग राखिएको छ । नन्दिको ठीक अगाडि अर्को सानो पछिल्लो कालमा बनेको शिवलिङ्ग पनि स्थापना गरिएको देखिन्छ । कोटिलिङ्गेश्वर स्वरूपका मन्दिर नेपालमा विरलै पाइन्छन् । कोटिलिंगेश्वर मन्दिर छेउमा मूल भट्ट निवास छ भने त्यस अगाडि प्राङ्गणमा जगतजङ्गेश्वर र रामभक्तेश्वरका आकर्षक घन्टे शैलीका प्रस्तर मन्दिरहरू छन् । यसको छेउबाट पशुपतितिर छिर्नका लागि सुवर्ण द्वार रहेको छ ।

रूद्रागारेश्वर



पशुपतिनाथको दर्शन गर्ने क्रममा रूद्रागारेश्वरलाई पनि भुल्न मिल्दैन । रूद्रागारेश्वरको मन्दिर पशुपतिनाथ मन्दिरको उत्तरतिर तथा पशुपतिनाथ प्रांगण बाहिर पर्दछ । पशुपतिनाथ प्रांगणको पश्चिमी द्वार छेउबाट उत्तर कैलासतिर जाने सिंढीको केही माथि एउटा प्रांगणमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूद्रागारेश्वर छन् । रूद्रको घरका रूपमा रहेका ईश्वरलाई रूद्रागारेश्वर भनिएको हो भन्ने उल्लेख पाइन्छ । रूद्रागारेश्वर सत्तलको उत्तरतिर एउटा काभ्रोको रूखको फेदमा जमिनको सतहबाट करिव १५ फिटको गहिराईमा रूद्रागारेश्वर शिवलिंग छ । यसका लागि कुनै पनि प्रकारको मन्दिर भने बनाइएको छैन । यिनलाई कतिपय मानिसहरू पुरानो पशुपतिनाथ पनि मान्ने गर्दछन् । लिङ्गयात्रा, वागमती जात्रा र पशुपतिनाथसँग सम्बन्धित विभिन्न जात्रामा यसको दर्शन र पूजन गर्ने चलन छ । यसलाई नेपालका ६४ लिङ्गमध्ये एक मानिएको छ । यसलाई रूद्रकुण्ड पनि भनिन्छ र यस स्थानमा मुक्तिनाथको जल छिरेर आउने जनविश्वास पाइन्छ ।

रूद्रागारेश्वर शिवलिंग करिव १५ इन्चजति अग्लो छ । यसलाई पीठ सहित तामाको पाताले मोरिएको देखिन्छ । यो शिवलिङ्ग साधा छ भने यसको पीठचाहिं केही सानो र गोलो देखिन्छ । यसलाई आजभन्दा करिव १४०० वर्ष अगाडितिर बनाइएको मानिन्छ । यसको छेउमा नन्दीको एउटा प्रस्तर प्रतिमा, गौरीको कलश र धातुबाट बनेको गणेशको एउटा सानो प्रतिमा राखिएका छन् । यहाँ अन्य कलाकृति पनि छन् । रूद्रागारेश्वर प्राङ्गणको बीचमा एउटा यज्ञकुण्ड छ भने यसको उत्तरतिर रहेका पेटीहरूमा विभिन्न युगमा बनेका शिवलिङ्ग र विभिन्न देवीदेवताका प्रतिमाहरू लहरै राखिएका छन् । कसैकसैले यसलाई जमिन मुनि गाडिएको हुनाले रूद्रागाडेश्वर भन्ने गरेको पाइन्छ । तर यो कुरा सत्य होइन । वास्तवमा रूद्रागारबाट यिनलाई रूद्रागारेश्वर भनिएको हो । यहाँ रूद्रागारको मतलव धेरै रूद्रहरू बस्ने स्थान हो भनिन्छ । हिमवत्खण्ड पुराणले भने अघि एकान्तमा बस्नका लागि यो शिवलिङ्ग शिवजीले आफैंले स्थापना गराएको कुरा बताएको छ । यस शिवलिंगलाई मुक्ति र भुक्तिदायक मानिन्छ । तसर्थ पशुपतिनाथको दर्शन गर्ने क्रममा रूद्रागारेश्वरको पनि दर्शन गर्न आवश्यक मानिएको छ । यसको दर्शन र पूजनबाट धेरै मानिस, राजामहाराजा, ऋषिहरू, दानवहरू र देवताले मुक्ति पाएको विवरण हिमवत्खण्ड पुराणले दिएको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बद्रिनाथ मन्दिर



पशुपतिनाथ मन्दिरको उत्तरतिर कैलासको काखैमा बद्रीनरसिंह राणाले स्थापना गरेको गुठी र मन्दिरहरू छन् । यिनीहरू रूद्रागारेश्वरको पूर्वतिर पर्दछन् । बद्रीनरसिंह राणाले पशुपतिनाथ मन्दिर परिसरमा सदावर्तका लागि यी मन्दिर र भवनहरू निर्माण गरेको बताइन्छ । यहाँ अघि गरिव, असहाय, अपाङ्ग तथा दिन र हिनका लागि चामल, चिउरा, दाल, दाउरा वा भात र तरकारी जस्ता पकवान्न बाँड्ने कार्य गरिन्थ्यो, जसका लागि एउटा घरको आवश्यकता भएकाले यहाँ एउटा गुठी स्थापना गरी घर र मन्दिरहरू बनाइएका हुन् । पशुपतिनाथ मन्दिरको ठिक उत्तरतिर बद्रीनरसिंह गुठीले चारवटा मन्दिर र सत्तल बनाएको तथा बद्रीनाथ मन्दिरमा दमनकारोहण गर्ने व्यवस्था मिलाएको बताइन्छ । यस गुठीले पशुपतिनाथमा शिवरात्रीका अवशरमा आउने जोगीसन्यासीलाई तीन दिनसम्म सिधा दिने, पशुपति मन्दिरमा रूद्री गरी दीप बाल्ने र अन्य कार्यहरू गर्ने गरेको छ ।

बद्रीनाथ मन्दिर पशुपतिनाथ प्राङ्गणको उत्तरतिर छ, जहाँ दुई तले सत्तलहरू र केही मन्दिर बनेका देखिन्छन् । यस गुठीको स्थापना वि.सं. १९०५ सालमा गरिएको हो । यहाँको सवैभन्दा महत्वपूर्ण वस्तु बद्रिनाथ मन्दिर हो । यस स्थानमा नै कपिल मुनिको आश्रम भनिएको एकतले पाटी र बद्रीश्वर शिवालय पनि छन् । यस स्थानमा अन्य प्रकारका कलाकृति पनि प्रचुर छन् । यसरी पशुपतिनाथसँगै उत्तरतिर नजिकै रहेको बद्रीनाथ गुठी र त्यसका मन्दिरको प्रत्यक्ष सम्बन्ध पशुपतिनाथसँग पनि रहेको देखिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विरूपाक्ष



तीनवटा आँखा भएको शिवजीको एउटा रूपलाई विरूपाक्ष भनिन्छ । शिवको एउटा नाम र एकादश रूद्रमा एक जना रूद्रको नाम पनि विरूपाक्ष रहेको छ । पशुपतिनाथ क्षेत्रको वागमती नदी किनारमा आर्य तीर्थ या आर्यघाटमा नै एउटा सानो प्रस्तरको मन्दिरभित्र जमिनमा आधा शरीर गाडिएको एउटा मूर्ति छ, जसलाई विरूपाक्षको मूर्ति भनिन्छ । यसलाई साधारण मानिसहरू कल्कीको मूर्ति भन्ने गर्दछन् । पशुपतिनाथ मन्दिर छेउको आर्य तीर्थमा यिनलाई किन स्थापना गरियो भन्ने बारेमा एउटा कथा हिमवत्खण्ड पुराणमा दिइएको पाइन्छ । यस कथाअनुसार अन्तर्वेदो नगरमा बस्ने धर्मशर्माका छोरा विरूपाक्ष सुरूमा मातृगामी, वेश्यागामी र मदिरापायी रहेछन् । पछि उनलाई कुष्ठरोग लागेकाले यिनी प्रायश्चित्त गरी पाप कटाउन तीर्थहरूको भ्रमण गर्दै हिंडेछन् । यात्राकै क्रममा यिनी कौशिकी प्रदेशमा पुगेछन्, जहाँ यिनको भेट नेमुनिसँग भएछ । त्यसपछि नेमुनिको सल्लाह बमोजिम यिनले नेपालका सवै तीर्थहरूको यात्रा गरी पापमुक्त भएर शिवभक्त भएछन् । त्यसपछि यिनी शिवजीको नजिकै पशुपतिनाथ भेगमा बस्न लागेको उल्लेख पाइन्छ ।

पशुपतिनाथ मन्दिर छेउको आर्य तीर्थमा विरूपाक्षको प्रस्तरको पुरानो मूर्ति पाइएको छ । शरीरमा लुगा र यज्ञोपवित नलगाएको, दुई हात र तीन आँखा भएको उक्त मूर्तिको शरीरको आधा तल्लो भाग जमिनमुनि भासिएको छ । निधारमा तेस्रो आँखासमेत देखिने किरात मुखाकृति भएको उक्त मूर्ति आजभन्दा करिव १६०० वर्ष अगाडितिर बनेको मानिन्छ । यसलाई पुरानो शिवजीको मूर्ति पनि मान्ने गरिएको छ । केही भक्तहरू यिनलाई कलि पनि भन्दछन् । विरूपाक्षको मन्दिरभित्र विरूपाक्षका साथमा राजपुरूष र हरिणेश्वरका प्रस्तर प्रतिमाहरू पनि राखिएका छन् । विरूपाक्षको मन्दिर सानो र प्रस्तरबाट निर्मित गुम्बज शैलीको छ, जसको निर्माण राणाकालतिर मात्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएको हो । नेपालमा पाइएको एउटामात्र विरूपाक्षको प्रतिमा यही हो । आर्यघाटमा स्नान गरी विरूपाक्षलाई जल चढाएपछि मात्र शिवजीको दर्शन र पूजन गर्ने परम्परा छ ।

कैलास



कैलास शिवजीको वासस्थान मानिन्छ । तसर्थ शिवालय भएको स्थानमा कैलास हुनु स्वाभाविक हो । वागमती नदीको किनारमा रहेको पशुपति मन्दिरको उत्तरतिरको थुम्कालाई कैलास भनिन्छ । हाल कैलास डाँडामा मन्दिरहरू बनेका छैनन् । तर त्यहाँ पुराना शिवलिङ्गहरू यत्रतत्र छरिएर रहेका छन् । कैलासको उत्तरी पाटोमा हिमवन्त भैरवको स्थान र त्यसको केही पूर्वतिर उमाकुण्ड रहेका छन् । कैलासको पूर्वतिर खोँचमा गौरीघाट पर्दछ । यसैगरी कैलासको सिधा पूर्व सूर्यघाट छ । यसको पश्चिममामा भने शिवजीको दक्षिणामूर्ति मन्दिर पर्दछ । कैलासको सिधा दक्षिणमा बद्रीनाथ मन्दिर, रूद्रागारेश्वर र पशुपतिनाथ मन्दिर पर्दछन् । कैलासको दक्षिण पूर्वी र पूर्वी भागमा केही समाधिहरू पनि छन् । यसरी कैलास पशुपतिनाथको उत्तरतिर पर्ने एउटा थुम्का हो, जसलाई शिवजीको वासस्थान मानिन्छ । बालाचतुर्दशीका अवशरमा पशुपतिनाथ भेगमा सतबीउ छर्ने क्रममा कैलासमा पनि सतबीउ छर्ने परम्परा छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाग पाँच

देवीका मन्दिरहरू

वत्सलेश्वरी

शरणमा आएकालाई प्रेम गर्ने देवी या शिवालाई वत्सलेश्वरी भनिन्छ। पशुपतिनाथकोप्रसंगमा वत्सला पार्वती या उमाको नाम हो। वत्सला अघि शिवा थिइन्, जो सृष्टिको विस्तारका लागि दक्षप्रजापतिकी छोरी सतीदेवी भएर जन्मिइन् र तिनको विवाह महादेवसँग भयो भन्ने कथा छ। तर दक्षप्रजापतिले सतीदेवीका पति महादेवलाई अपमान गरेकाले त्यसबाट दिक्क भएकी सतीदेवीले पिताबाट प्राप्त पार्थिव शरीर पिता दक्षकै यज्ञकुण्डमा दाह गरिन् र तिनी पुन हिमालयकी पुत्रीका रूपमा जन्मिएर महादेवसँग पुन विवाह गरिन् भन्ने कथा छ। त्यसपछि यिनलाई उमा र वत्सला पनि भनियो। यसरी उमा, पार्वती, सतीदेवी र वत्सला सवै विभिन्न रूपमा अवतरित भएका शिवाका प्रतिरूप या शिवजीका शक्ति हुन् भनिन्छ। पशुपतिनाथको दक्षिणतिर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वत्सलाको मन्दिर छ, जहाँ यिनको पूजाआजा तान्त्रिक विधिले हुने गरेको देखिन्छ । वत्सलाको मन्दिर भएको स्थान वत्सला तीर्थ पनि हो । यिनै वत्सलालाई यहाँ वत्सलेश्वरीका नामले जानिन्छ ।

पशुपतिनाथ भेगमा किन वत्सलाको मन्दिर छ भन्ने बारेमा नेपाल महात्म्यमा एउटा कथा दिइएको पाइन्छ । कथा अनुसार अघि वाग्मती नदी किनारको श्लेशमान्तक वन अति सुन्दर हुँदा शिवजी काशी र कैलासलाई समेत छाडी यसै भेगमा बस्न लागेछन् । शिवजी यहाँबाट कैलाश जान नमानेपछि पार्वती पनि शिवजीसँग यही वाग्मती नदीको किनारी भागमा बसिछन् । पार्वती शिवजीको माया या वात्साल्यले गर्दा यस स्थानमा बसेको हुनाले यिनको नाम वत्सलेश्वरी राखिएछ । यिनलाई पशुपति क्षेत्रमा शिवजीकी वात्सल्यका रूपमा यस्तो नाम दिइएको हो भनिन्छ । पशुपतिनाथको दर्शनार्थ यहाँ आउने तीर्थयात्रीले वाग्मतीमा स्नान गरी वत्सलेश्वरीको दर्शन र पूजन गरेमा मुक्त भई कैलास पुग्ने कुरा पुराणहरूमा उल्लेख गरिएको छ । यसैगरी वागमतीमा स्नान गरी वत्सलादेवीको दर्शन र पूजाआजा गरेपछि मात्र पशुपतिनाथ मन्दिर प्रांगणमा प्रवेश गरी पूजाआजा गर्नुपर्ने धार्मिक मान्यता रहेको छ ।

वत्सलादेवीलाई उग्र र डरलाग्दी देवीका रूपमा तान्त्रिक पद्धतिले पूजाआजा गरिन्छ । देवमाला वंशावलीमा पाइने विवरण अनुसार सूर्यवंशी राजा शिवदेवका पालामा वत्सलेश्वरीलाई यस स्थानमा स्थापना गरिएको हो । यस वंशावलीमा वत्सलेश्वरीलाई नरबलि दिएर ढुङ्गाको पद्माकार स्वरूप बनाई भित्रतिर गुप्त रूपमा राखिएको बताइन्छ । वंशावलीका अनुसार यिनलाई नरबलि दिने चलन रहेकोमा अघि राजा विश्वगुप्तका पालामा यसलाई हटाएर देवीलाई शान्ति पूजा गरि एक जोडा बोकाको बलि दिने परम्परा चलाइयो । हाल पनि यिनका नाममा पशुबलि दिने चलन छ । यसरी वत्सलेश्वरीलाई शविजीकी शक्ति शिवा तथा तान्त्रिक देवी मानिन्छ ।

पशुपतिनाथ क्षेत्रमा वत्सलेश्वरीका नाममा प्रतिवर्ष जात्रा पनि गर्ने चलन छ । यिनको जात्रा चैत्र कृष्णअष्टमीका अवसरमा गरिन्छ । यस जात्राका लागि विभिन्न देवीदेवतालाई निमन्त्रणा दिने पनि चलन छ । यस्तो निमन्त्रणा जात्राकै रूपमा हिंडेर विभिन्न मठमन्दिर घुम्दै दिने गरिन्छ । वत्सलेश्वरी यात्राले शिवजीको विवाहको स्मरण गराउँछ । पशुपतिबाट सुरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको खटजात्रा भुवनेश्वरी, धोबीखोला छेउको भण्डारेश्वर, ज्ञानेश्वर महादेव, नक्साल भगवती, जमल र नरदेवी (श्वेतकाली) पुऱ्याएपछि पुन पशुपति क्षेत्रमा फिराइन्छ । यसरी वत्सलेश्वरीका नाममा प्रतिवर्ष जात्रा गर्ने पनि परम्परा छ ।

एक पौराणिक कथा अनुसार अघि एकपटक पार्वतीलाई विश्व भ्रमण गर्न मन लागेकाले उनी शिवगणका साथ विश्व भ्रमण गर्दै काठमाडौं उपत्यकामा पुगिछन् । उनलाई उपत्यकामा नै बस्न मन लागेकाले श्लेशमान्तक वनमा बस्न लागिछन् । पछि पार्वतीलाई लिन बाजागाजासहित शिवजी यहाँ आएछन् । तर पार्वतीलाई यति चाँडै कैलासमा फिर्न मन नलागेकाले उनले हातमा जल लिएर मन्त्र गरी शिवलगायत सवै गण र देवतालाई छर्कदै भेडा बनाउने कार्य गरिछन् । यसबाट शिव लगायत देवता र शिवगण सवै भेडा भएछन् । किंवदन्तीअनुसार उक्त कुरा विष्णुले थाहा पाएछन् र यहाँ आएमा पार्वतीबाट भेडा बन्नु पर्ने डरले दक्षिणकाली तिर गई कालीको आराधना गरेछन् । यता दक्षिणकालीले विष्णुलाई सानो बालक हुने वर दिएकाले विष्णुले सानो बालक स्वरूपमा बज्रेश्वरीमा बसेर मन्त्र जप गर्न लागेछन् । यसरी एक जना सानो बालकले आफ्नो मन्त्र जप गरेको देखेर पार्वती तिनीप्रति मुग्ध भइछन् र ती बालकलाई आफ्नो साथमा राख्न थालिछन् । पछि ती बालकले पार्वतीबाट ती भेडा चराउने अनुमति पाएछन् र ती सवै भेडालाई एकएक गरेर काट्ने पनि अनुमति लिएछन् । कथा अनुसार विष्णुले एउटा अजङ्गको बाहेक अरू सवै भेडा काटि सकेपछि पार्वतीलाई त्यो ठूलो भेडा शिव र अरू काटिएका भेडाहरू भने देवता तथा उनका गण भएको होस खुलेछ । त्यसपछि पार्वतीले विष्णुलाई उक्त भेडा काट्नबाट रोकिछन् भने शिवजीले पनि आफ्नो साविकको स्वरूप धारण गरेछन् । त्यसपछि ती भेडारूपि सवै देवता र शिवगणलाई पुनर्जीवित गरिएछ । तर पनि पार्वतीले उक्त क्षेत्र छाड्ने मन नगरेकाले शिवजी पशुपतिका रूपमा तथा पार्वती वत्सलादेवीका रूपमा पशुपति भेगमा नै बसेछन् । कथा अनुसार अन्य देवी देवताहरू पनि पशुपति भेगमा नै बसेछन् । यसरी पशुपतिनाथ भेगमा तेत्तिसकोटी देवताको वास हुने कुरा पुराणहरूमा उल्लेख गरिएको पाइन्छ । तसर्थ पशुपतिनाथ भेग ज्यादै पुण्यदायक तीर्थ मानिएको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वनकाली

पशुपतिनाथ भेगमा रहेकी महत्वपूर्ण देवीमा वनकाली पनि हुन् । वनमा रहेकी देवीलाई वनकाली भनिन्छ । यिनको मन्दिर पशुपति क्षेत्रको दक्षिणपश्चिममा गौशाला चोकको केही पूर्वतिर पर्दछ । अनुहार कालो भएकी देवीको नाम काली हो, जुन शिवा या पार्वतीको नै उग्र रूप मानिन्छ । दानवहरूले अत्याचार गरेपछि तिनलाई दवाउनका लागि देवीले कालीको रूप लिएको मानिन्छ । दानवदेखि रिसाएर यिनको अनुहार कालो भएकाले यिनलाई काली भनिएको हो भन्ने पौराणिक कथा छ । पशुपतिनाथ भेगमा रहेका विभिन्न देवीहरूमध्ये वनकाली ज्यादा प्रख्यात छन् । वनकाली भेगमा आजभन्दा १३०० वर्ष अगाडिदेखिका अभिलेखहरू पाइएका छन् । तसर्थ यहाँ वनकालीको अवस्थिति त्यही समयदेखि थियो भन्न सकिन्छ । वनकालीका पुजारी वज्राचार्य तान्त्रिक छन्, जसले पशुवलि सहित तान्त्रिक विधिले यी देवीको पूजाआजा गर्ने गरेको देखिन्छ । वनकालीको मन्दिरभित्र देवीको प्रस्तर प्रतिमा राखिएको छ, जसमा देवी घोप्टो परेर सुतेको बेतालमाथि नाचिरहेको अवस्थामा छन् । यसमा देवीको पेट भित्र पसेको छ भने स्तन झुलेका तथा हातहरू कंकाल स्वरूपका छन् । यिनका हात, खुट्टा र अनुहार कुरूप देखिन्छन् । यिनको मन्दिर भेगमा नै गणेश र भैरवका प्रतिमा पनि पाइएका छन् ।

वनकालीका नाममा जात्रा पनि गर्ने चलन छ । यिनको जात्रा वैशाख शुक्ल तृतीया या अक्षय तृतीयाका दिन गरिन्छ । सुरुमा यिनको पूजाआजा गर्ने र पूजा सकिएपछि भुवनेश्वरीबाट ल्याइएको वनकालीको प्रतिमा खटमा राखेर जात्रा गर्ने गरिन्छ । हाल केही वर्ष अगाडिदेखि भने वनकालीको जात्रा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने परम्परा टुटेको छ । वनकाली मन्दिरको केही पूर्वतिर गणेशको मन्दिर छ, जसलाई भने वनगणेश भनिन्छ । वनगणेश छेउमा पुराना ढुंगेधारा र अन्य कलाकृति पनि छन् ।

भुवनेश्वरी

नेपालमा पूजाआजा हुने दशमहाविद्या मध्येकी चौथी देवीलाई भुवनेश्वरी भनिन्छ । संसार या भुवनकै देवीका रूपमा यिनलाई भुवनेश्वरी भनिएको हो । पशुपतिनाथ भेगमा रहेका विभिन्न नौवटी प्रख्यात देवीमा यिनको मन्दिंर पशुपतिनाथ मन्दिरको पश्चिमतिर अरूणवरूणधारा नजिकै पर्दछ । यिनको पूजाआजा तान्त्रिक विधिले गर्ने चलन छ । भुवनेश्वरीको मन्दिरभित्र प्रतिकात्मक रूपमा एउटा सानो ढिस्कामाथि यी देवीको पूजाअजा गरिन्छ । यिनको पूजा कर्माचार्य पुजारीले तान्त्रिक विधिले गर्ने गरेका छन् । भुवनेश्वरी मन्दिर

छेउमा रहेको ज्ञानवापी भनिने ज्ञानधाराको पानी यी देवीलाई स्नान गराउन तथा देवीको पूजाआजाका लागि प्रयोग गरिन्छ । पशुपतिनाथमा प्रत्येक पूर्णिमामा हुने महास्नानको अवशरमा भुवनेश्वरीलाई पनि भाग पठाउने चलन छ । यस बाहेक भुवनेश्वरी मन्दिर भेगमा सालभरमा अनेक प्रकारका धार्मिक र सांस्कृतिक कार्यहरू गर्ने गरिन्छ । दमनकारोहण, देवालीपूजा, त्रिशूलयात्रा, घण्टाकर्णको भोज, नवरात्री, लक्ष्मीपूजा, दुदुच्याँच्याँ र देशोद्धार पूजा आदि देवपाटन क्षेत्रका प्रत्येक पर्व, पूजा र उत्सव यस मन्दिर प्राङ्गणमा पनि पुग्ने, गरिने र यस स्थलको पनि सहभागिता रहने हुँदा सांस्कृतिक रूपमा भुवनेश्वरीको महत्व अत्यधिक छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भुवनेश्वरी देवीलाई यस स्थानमा स्थापना गर्नुको मूल कारण धार्मिक क्षेत्रमा चारतिर रक्षा कबचका रूपमा चार देवीको स्थापना गर्ने परम्परा अनुसारको मानिन्छ । यिनी पशुपतिनाथको पश्चिमतिरकी देवीका रूपमा रहेकी छन् । धार्मिक क्षेत्रमा चारैतिर देवी स्थापना गर्ने पद्धति अनुरूप त्यस्ता क्षेत्रको विभिन्न स्थानमा एक, दुई र तीन घेरासम्म देवीलाई स्थापना गर्ने चलन छ । यस पद्धति अनुसार भुवनेश्वरी पशुपतिको भित्री सुरक्षा घेराकी देवीका रूपमा परिचित छन् । यसैगरी पशुपतिनाथको वास्तु एकासीको धारणामा बनेको बताइन्छ । यसको मतलव वास्तु पुरूषका रूपमा पशुपतिनाथ छन् भने त्यस स्थानमा अन्य सवै कुरा नौनौको संख्यामा छन् भनिन्छ । यहाँ भएका नौवटी देवीमा एउटी भुवनेश्वरी हुन् भन्ने मान्यता छ । यसरी भुवनेश्वरीदेवी पशुपतिनाथ मन्दिरको वास्तुसँग पनि प्रत्यक्ष रूपमा सम्बन्धित छन् ।

परापूर्व कालमा भुवनेश्वरीमा नरबलि पनि दिने चलन रहेको लोकोक्ति पाइन्छ । अघि भुवनेश्वरीका पुजारी मुनि आचाजुले भ्रमवस आफ्नै छोराको बलि दिएको किंवदन्ती छ । तसर्थ अहिले पनि त्रिशूल जात्राका अवशरमा मुनि आचाजुको छोराको लाशको प्रतीक बनाएर यस भेगको परिक्रमा गराउने चलन छ । पशुपतिनाथमा प्रत्येक पूर्णिमाका दिन गरिने महास्नानमा तयार पारिने पूजा सामग्रीमध्ये केही भाग सामग्री भुवनेश्वरीमा पठाउने गरिन्छ । ती सामग्रीले भुवनेश्वरी लगायतका पाँचवटी देवीको गोप्य तरिकाले पूजाआजा हुने गरेको पाइन्छ । श्रावण कृष्णचतुर्दशी या घण्टाकर्ण चतुर्दशीका दिन भुवनेश्वरीको विषेश पूजा हुने गरेको छ । चैत्र कृष्णअष्टमीका दिन दूदू च्याँच्याँको निमन्त्रणा दिन स्वयं पशुपतिनाथ भुवनेश्वरीमा पनि पुग्दछन् भनिन्छ । तसर्थ यस यात्राको सुरूवात गर्नुभन्दा अगाडि यस मन्दिरमा तान्त्रिक विधिले पूजाआजा हुने गरेको छ । वत्सलेश्वरीको जात्रामा सवैभन्दा पहिले जात्राको खट भुवनेश्वरी मन्दिर अगाडिको डबलीमा बिसाईन्छ । त्यस पछि उक्त खटलाई भुवनेश्वरी मन्दिरका तर्फबाट विशेष पूजा गर्नु पर्ने विधान छ । यसरी भुवनेश्वरीलाई पशुपतिनाथ भेगकी महत्वपूर्ण देवी मानिन्छ ।

भुवनेश्वरी देवीको मन्दिर नेपाली तले शैलीमा दुईवटा छानायुक्त छ । यो मन्दिर चतुष्कोणाकार र भव्य स्वरूपमा निर्माण गरिएको देखिन्छ । यस मन्दिरको पर्खाल बाहिर निकालिएको छानो सुन्दर टुँडालहरू लगाएर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अड्याइएको छ । यस मन्दिरमा पशुबलि दिने पनि चलन छ । खास गरि दशैको अवशरमा यहाँ पशुबलि दिनेहरूको निकै ठूलो भीड लाग्दछ । भुवनेश्वरीलाई महादेवको शक्ति तथा कतिपय स्थानमा महादेवकी माताका रूपमा पनि वर्णन गरिएको पाइन्छ । भुवनेश्वरी मन्दिरको गर्भगृहकी देवीलाई ठूलो खटिया जस्तो यूपमा कपडाले छोपेर राखिएको छ । अधिकांस समय भजनकीर्तनले गुञ्जायमान रहने यो मन्दिर क्षेत्र भक्तहरूको आस्थाको केन्द्रविन्दु बनेको छ । यस मन्दिर भेगमा अनेक प्रकारका कलाकृति छरिएर रहेका छन् ।

भाषा वंशावलीमा पाइने एक विवरण अनुसार भुवनेश्वरीको मन्दिर सर्वप्रथम राजा शिवदेवले लिच्छवि कालमा बनाएका थिए । यसैगरी देवमाला वंशावलीमा पाइने विवरण अनुसार भने अघि नरेन्द्रमल्लले यस मन्दिरको जीर्णोद्धार गराएका हुन् । नरेन्द्र मल्लको समय भने वि.सं. १५८६ देखि १६१२ मानिएको छ । रथमा राखेर कुमार कुमारीको यात्रा गर्ने परिपाटि पनि नरेन्द्र मल्लले नै बसाएको कुरा यस वंशावलीमा उल्लेखित छ । त्यसपछि कान्तिपुरका राजा शिवसिंह मल्लकी रानी गङ्गारानीले र अझ पछि भने राजा नृपेन्द्र मल्लका पालामा पनि भुवनेश्वरी मन्दिरको जीर्णोद्धार भएको उल्लेख पाइन्छ । भुवनेश्वरी मन्दिरको वर्तमान स्वरूप भने वि.स. २०४२ सालतिर शाही नेपाली सेनाले जीर्णोद्धार गर्दा बनेको हो । यस मन्दिर छेउछाउमा विभिन्न प्रकारका शिवलिंग र देवीदेवताका पुराना प्रतिमाहरू पाइएका छन् ।

गुह्येश्वरी

पशुपतिनाथ क्षेत्रमा रहेकी एक महत्वपूर्ण देवीको नाम गुह्येश्वरी हो । यिनको मन्दिर मृगस्थली पहाडको उत्तरपूर्वतिर पर्दछ । यिनलाई सतीदेवीको गुह्य पतन भएर उत्पन्न भएकी शक्तिरूपा देवी मान्ने गरिन्छ । पशुपतिनाथदेखि पूर्वतर्फ वाग्मती

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नदीको किनारमा या श्लेषमान्तक वनको छेउमा नै गुह्येश्वरीको मन्दिर रहेको छ । यी देवीको माहात्म्य नेपाल महात्म्य, स्वयम्भूपुराण र वज्रयानी बौद्धग्रन्थहरूमा पनि दिइएको देखिन्छ । गोपालराज वंशावलीले श्लेशमान्तक वनमा भृङ्गारेश्वरी भटारिकाले विहार गरेको चर्चा गरेको छ । भृङ्गार शव्दको अर्थ सुनको कलश हुने हुँदा यस वंशावलीले गुह्येश्वरीलाई भृङ्गारेश्वरी भनेको हुन सक्ने मानिन्छ । यस वंशावलीले भृङ्गारेश्वरीको उत्पत्तिचाहिं पशुपतिनाथ सँगसँगै भएको उल्लेख गरेको छ ।

देवीभागवतमा गुह्यकालीको चर्चा गर्दै तिनको मुख्य पीठ नेपाल हो भनिएको पाइन्छ । यसबाट देवीभागवत पुराणले भृङ्गेश्वरीलाई गुह्यकाली भनेको मानिन्छ भने गुह्यकालीनै गुह्येश्वरी हुन् भन्ने अनुमान छ । वराहपुराणमा भने श्लेषमान्तक वनमा शिवजी मृग भएर रहँदा पार्वती त्यतै आएर गौरी शिखरमा बस्न लागेको उल्लेख गरिएको देखिन्छ । हिमवत्खण्डपुराण, मेरूतन्त्र र नेपाल महात्म्यले सतिदेवीको गुह्य पतन भएको स्थान गुह्येश्वरी हो भनेका छन् । यहाँ ५६ लाख भैरवभैरवी रहेको उल्लेख गर्दै हिमवत्खण्डपुराणमा पशुपतिका साथमा गुह्येश्वरीको पनि उत्पत्ति भएको कथा दिइएको छ । उक्त कथाअनुसार शिवजी मृग रूपमा श्लेषमान्तक वनमा बस्न लागेपछि सवै देवता शिवजीको खोजीमा वाग्मतीको पूर्वी किनारमा आइ पुगेछन् । तिनीहरूले वर्तमानको गुह्येश्वरी क्षेत्रमा एउटी सात वर्षिय कन्या बालुवामा खेलिरहेको देखेछन् र तिनलाई शिवजीका बारेमा सोधेछन् । उनले शिवजी त्यहाँबाट नैऋत्य दिशामा रहेको बताएपछि अन्तर्धान भइछन् । ती कन्या पार्वती नै रहिछन् र उनी अन्तर्धान भएको स्थानमा एउटा प्वाल रहेको कुरा देवताहरूले देखेछन् । त्यही प्वाल परेको स्थानमा देवताहरूले गुह्येश्वरीको स्तुति गरेछन् भनिएको पाइन्छ ।

गुह्येश्वरीलाई दुर्गा, काली र पार्वतीका रूपमा पूजाआजा गरिन्छ । बौद्धमार्गीले भने यिनलाई खगनना, पातालयोगिनी र नैरात्माका नाममा पूजाआजा गर्ने गर्दछन् । नेपाल महात्म्य, मेरूतन्त्र र भाषा वंशावलीले चाहिं सतीदेवीको गुह्य पतन भएर गुह्येश्वरीको उत्पत्ति भएको कथा दिएका छन् । यसरी गुह्येश्वरीलाई आद्य शक्तिको परिचायक मानिएको छ । नेपालमा यिनलाई शिवका साथमा शक्तिका रूपमा लिने परम्परा पाइन्छ । हिन्दू धर्मग्रन्थहरूका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुसार असोज शुक्ल नवमीमा गुह्येश्वरीको दर्शन गर्नु राम्रो तथा फलदायी मानिन्छ । तर पनि यस स्थानमा सालैभर मानिसहरूको भीडभाड लाग्ने गरेको छ । पशुपतिनाथ क्षेत्रका नौवटी देवीमा गुह्येश्वरी निकै प्रख्यात छन् । काठमाडौंको गोलढुंगामा पनि गुह्येश्वरीको मन्दिर छ । त्यसलाई पुरानो गुह्येश्वरी र पशुपति क्षेत्रकी गुह्येश्वरीलाई नयाँ गुह्येश्वरी भनिन्छ ।

गुह्येश्वरी मन्दिरको छानो खुला छ । देवीका लागि आकास नै छानो हुन्छ भन्ने मान्यतामा यिनको छानो खुल्ला छाडिएको हो । तर यस मन्दिरको चारैतिर पर्खाल लगाएर चारवटा चाँदीका ढोकाहरू राखिएका छन् । यसको माथितिर छानोको बदलामा चार कुनाबाट चारवटा नागका आकृति मन्दिरको गर्भतिर फर्किको अवस्थामा राखिएका देखिन्छन् । ती आकृति सुनबाट निर्मित छन्, जसलाई चक्रपाणिनामक वैद्यले चढाएको मानिन्छ । यस मन्दिरको माथिल्लो भागमा छानो नभएकाले गजुर पनि छैन । यसको चारैतिर तीन तहको छानोको स्वरूप निकालिएको छ । गुह्येश्वरीको पूजा सतिदेवीको गुह्य मानिने जलकुण्डमा हुने गर्दछ । गुह्येश्वरीका रूपमा पुजिने जलकुण्डलाई कुँदेर केही माथि उठाइ चतुष्पत्र कमलासनमा बसाइएको छ । यसरी गुह्येश्वरीको मुख्य वस्तु जलकुण्ड नै हो, जसमा गुह्येश्वरीका नामले पूजाआजा गरिन्छ । गुह्येश्वरीको मन्दिर भित्र कुण्डको वरिपरि विभिन्न देवीदेवताका प्रतिमा र कलाकृति रहेका छन् ।

गुह्येश्वरीको पुनर्निर्माणमा राजा प्रताप मल्लको ठूलो योगदान छ । प्रताप मल्लका पालमा नृसिंह ठाकुर नामक व्यक्तिले राजालाई गुह्येश्वरीका बारेमा बताएपछि राजाले पनि लम्बकर्ण भट्ट जस्ता तान्त्रिकसँग सल्लाह गरेर जमिन खन्न लगाई गुह्येश्वरी कुण्ड फेला पारेको कथा पाइन्छ । त्यहाँबाट निस्किएको कुण्डको पानीबाट एक प्रकारको ज्योति प्रकट भएको तथा त्यस ज्योतिलाई अष्टदल कमलको पालामा भैरव मूर्ति कुँदिएको यन्त्रले छोपिएको कथा छ । यसमा के पनि भनिएको पाइन्छ भने गुह्येश्वरी कुण्डको प्वालमा कलश स्थापना गरिएछ र त्यसको वरिपरि अरू देविदेवताहरू पनि विधिपूर्वक स्थापना गरिएछन् । यसरी प्रतापमल्लको पालामा गुह्येश्वरीको ज्योति पत्ता लागेको विवरण पाइन्छ । प्रताप मल्लपछि राजा जयप्रकाश मल्लले पनि गुह्येश्वरी भेगमा अनेक प्रकारका निर्माणका कार्यहरू गरे । उनले गुह्येश्वरी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राङ्गणको चारैतिर सार्वजनिक प्रयोगको निमित्त सत्तलै सत्तलको चौघेरा बनाए भन्ने उल्लेख गरिएको छ । जयप्रकाश मल्लले नै गुह्येश्वरीको छेउमा वाग्मती नदीको किनारमा ढुङ्गा छापेर घाट बनाए । उनी राजगद्दिबाट च्यूत भएपछि तीन महिनासम्म गुह्येश्वरीको जङ्गलमा तपस्या गरी बसेको बताइन्छ ।

हिमवत्खण्ड पुराणले गुह्येश्वरीका एक हजारवटा नामहरू दिएको छ । यिनलाई पार्वती, सती, उमा या शिवाका रूपमा यस पुराणले एक हजारवटा नामहरू दिएको हो । गुह्येश्वरी भेगका हाल रहेका ज्यादाजसो वास्तु राणा काल र त्यसभन्दा पछि बनेका हुन् । गुह्येश्वरीको उत्पत्तिका बारेमा नेपाल माहात्म्यमा पाइने एक कथा अनुसार अघि शिव र पार्वती मृग र मृगिणी भई श्लेषमान्तक बनमा विचरण गरिरहेका बेलामा देवताहरूले मृगरूपी शिवलाई सिङ्गमा समाएछन् । तर तिनले शिवजीको सिङ्गमात्र हातमा पाएछन् भने शिवजीचाहिं वाग्मती पारी पुगेर पशुपतिनाथ भई बसेछन् । त्यसपछि गौरीले आफू पनि शिवसँगै बस्ने इच्छा गरिछन् । उनको यस्तो इच्छा सुनेपछि शिवजीले तिनलाई सतीदेवीको कथा सुनाएर सतीको गुह्य अङ्ग मृगस्थलीको उत्तरतर्फ वाग्मती नदीको किनारमा



पतन भई ठूलो पीठ उत्पन्न भएको बताएछन् । त्यही स्थान गुह्येश्वरी भएको कुरा मेरूतन्त्र नामक ग्रन्थमा उल्लेखित छ । यसरी गुह्येश्वरी र पशुपतिनाथको सँगसँगै उत्पत्ति भएको पौराणिक कथा पाइन्छ । गुह्येश्वीको पूजाआजा तान्त्रिक रूपमा हुने गरेको छ । गुह्येश्वरीमा प्रत्येक संक्रान्ति, चतुर्दशी, औंसी र पूर्णिमा तथा अन्य पर्वहरूमा विशेष पूजा हुने गर्दछ । प्रत्येक पूर्णिमामा पशुपतिनाथमा महास्नान गर्दा गुह्येश्वरीमा पनि पूजा हुने गर्दछ ।

गुह्येश्वरीमा वैशाख शुक्ल नवमीको दिन झा ब्राह्मणहरूले विशेष

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूजा गर्ने परम्परा छ । गुह्येश्वरीको सम्बन्ध झा, सायमी र मानन्धरहरूसँग पनि रहेको कुरा स्थानीय किंवदन्तीमा पाइन्छ । तसर्थ प्रत्येक महिनाको कृष्ण पक्ष दशमी तिथिका दिन सायमी (मानन्धर) हरू गुह्येश्वरी मन्दिरमा आई चक्रपूजा गर्ने गर्दछन् । आश्विन शुक्ल प्रतिपदा देखि नवमी तिथिसम्म बडादशैंको समयमा पशुपतिनाथका तर्फबाट पनि गुह्येश्वरीमा पूजाआजा गर्ने परम्परा छ । गुह्येश्वरीमा शिवरात्री र बालाचतुर्दशीका दिन बलि पूजा गरिन्छ । उक्त दिन चक्रपूजा गुठी अन्तर्गत गोरखनाथ मठका कानफट्टा जोगी मार्फत वैद्यहरूले बोकाको बलि गुह्येश्वरी र गोरखनाथ मन्दिरमा दिने गर्दछन् । त्यस्तै भाद्र शुक्लअष्टमी तथा नवमीका दिन पनि त्यस स्थानमा विशेष पूजा गर्ने परम्परा छ । यसरी गुह्येश्वरीको नित्य पूजा तान्त्रिक रूपमा हुने गरेको छ भने विभिन्न तिथि र पर्वमा यिनका नाममा विशेष पूजा गरिन्छ ।

गुह्येश्वरीको सम्मानमा मार्गकृष्ण नवमी र दशमी गरी जम्मा दुई दिन गुह्येश्वरी जात्रा पनि गर्ने चलन छ । गुह्येश्वरीयात्रा हनुमानढोका दरबार क्षेत्रकी कुमारीसँग पनि सम्बन्धित छ । यस जात्राका अवशरमा हनुमानढोकाबाट कुमारीको प्रतिक कलश र भैरवको प्रतिकलाई गुह्येश्वरी भेगमा ल्याइन्छ र तिनको पूजाआजा गरी लिङ्गो ठड्याउने तथा विशेष पूजा गर्ने गरिन्छ । त्यसपछि गुह्येश्वरीको जात्रा हुने गर्दछ । गुह्येश्वरी मन्दिर छेउछाउमा विभिन्न सत्तल, मन्दिर र अन्य कलाकृतिहरू रहेका छन् । यसरी गुह्येश्वरी पशुपतिनाथ क्षेत्रको एक महत्वपूर्ण पीठ मानिएको छ ।

झंकेश्वरी

पशुपतिनाथ मन्दिर क्षेत्रमा रहेका विभिन्न देवीमा झंकेश्वरीको पनि नाम आउने गर्दछ । झंकेश्वरीको अवस्थिति पशुपतिनाथ मन्दिर परिसर बाहिर नासननीमा पर्दछ । झंकेश्वरीको मन्दिर नभएर एउटा प्रांगण छ, जुन स्थान शङ्कराचार्य मठको अगाडि एउटा गहिरो ठाउँमा रहेको देखिन्छ । यसमा एउटा पाँच फिट अग्लो देवल बनाइएको देखिन्छ, जसको छानो भने लगाइएको छैन । झङ्केश्वरी देवीलाई गवाक्ष प्रकारको देवलका फेदमा राखिएको छ । यस प्राङ्गणमा २.५ फिट लामो र १.५ फिट चौडा शिलाखण्डलाई झङ्केश्वरीका रूपमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूजाआजा हुने गरेको पाइन्छ । पशुपतिनाथ भेगका वत्सलेश्वरी र भुवनेश्वरी लगायत झङ्केश्वरी पनि यसरी शिलामा पूजिने देवी हुन् । यो पीठलाई अति उग्र पीठ मानेर घोप्टाएर राखिएको जनविश्वास रहेको छ । पशुपतिनाथ भेगमा सन्चालन गरिने कतिपय जात्रा र उत्सवमा यिनलाई पनि पूजाआजा गरेर मात्र अन्यत्र लैजाने चलन छ ।

अघि झङ्केश्वरीलाई षष्ठीदेवी पनि भनिन्थ्यो । आजभन्दा १५०० वर्ष अगाडितिर नै यिनको ख्याति उपत्यकामा निकै बढेको थियो । यिनलाई दशैंको नवरात्रका समयमा पञ्चमकारले तान्त्रिक विधिले पूजाआजा गर्ने गरिन्छ । यहाँको एक कलशलाई गुह्येश्वरीका नाममा पनि पूजाआजा हुने गरेको छ । यिनको नजिकै एउटा शिवलिङ्ग छ, जसलाई क्रोधेश्वर महादेव भनिन्छ । क्रोधेश्वर महादेवलाई झङ्केश्वरका रूपमा पनि पूजा गर्ने परम्परा पाइन्छ । झङ्केश्वरीको दक्षिणतिर भने गणेशको एक फिट अग्लो प्रतिमा राखिएको छ । झंकेश्वरी पशुपतिनाथ मन्दिरको पश्चिमतिरकी पहिलो घेराकी देवी हुन् । यिनको अझ पश्चिम भुवनेश्वरी र जयवागेश्वरी लगायतका देवीका मन्दिरहरू छन् । यिनको छेउमा भएको शङ्कराचार्य मठ अघि झङ्केश्वरी पीठ थियो । पछि गएर मात्र यसलाई शङ्कराचार्य मठ भन्न लागिएको हो । अहिले झंकेश्वरीको मन्दिर बनेको छैन, जसको अस्तित्व एउटा खाल्टामा रहेको देखिन्छ । तर पनि यिनलाई पशुपतिनाथ क्षेत्रकी प्रख्यात देवी मानिएको छ ।

राजराजेश्वरी

राजराजेश्वरी नवदुर्गा र दसमहाविद्या मध्येकी एक देवी हुन् । यिनको मन्दिर पशुपतिनाथ क्षेत्रको भस्मेश्वर घाटदेखि दक्षिणतिर पर्दछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भस्मेश्वरको दक्षिणतिर अमरकान्तेश्वर क्षेत्र तथा त्यसको अझ दक्षिणमा राजराजेशवरी क्षेत्र पर्दछन् । राजराजेश्वरी भेगमा राजराजेश्वरी घाट, राजराजेश्वरी मन्दिर, सत्तलहरू, देव प्रतिमाहरू र राजराजेश्वरी क्षेत्र पनि रहेका छन् । राजराजेश्वरीको सवैभन्दा उत्तरको भागमा चारैतिर सत्तलले घेरिएको छ, जसमा तलेजु भगवतीको स्थान पर्दछ । उपेन्द्रेश्वर महादेवको प्रस्तर शिवालय, त्यहाँको चौघेरा सत्तलको घेरामा विभिन्न पाँचवटा शिवालय, निर्मल अखडा, जितजङ्ग प्रकाशेश्वरको मन्दिर र अन्य वास्तुहरू रहेका छन् । यसरी राजराजेश्वरीका नाममा घाट, मन्दिर र चार घेरा सत्तलका भागहरू पनि पर्दछन् ।



राजराजेश्वरीको स्थापना वि.सं. १४६४ सालमा युवराज जयधर्म मल्ल र तीनका भाई जयज्योतिर्मल्लदेवले गराएका हुन् । राजराजेश्वरी मन्दिरको उत्तरतिर तथा सिधा अगाडि जितजङ्गप्रकाशेश्वरको गुम्बज शैलीको मन्दिर रहेको छ । गोलो तथा अण्डाकारको गर्भगृह भएको यो मन्दिर वि.सं. २०७२ सालको भूकम्पका कारण अति जीर्ण भएकाले हाल यसलाई पुरानै स्वरूपमा पुनर्निर्माण गरिएको छ । राजराजेश्वरी मन्दिर प्राङ्गणको बाहिरतिर या राजराजेश्वरी घाटमा नै एउटा ठूलो तथा ढल्केको शिवलिङ्ग छ, जसलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराटेश्वर भन्ने गरिन्छ । यसलाई पशुपतिनाथ क्षेत्रको सवैभन्दा ठूलो शिवलिङ्ग मानिन्छ । त्यहाँ शेससशायी विष्णुको प्रतिमा र पुरानो बुद्धको प्रतिमा पनि पाइएका छन् । वास्तवमा राजराजेश्वरी भेग विभिन्न युगका कलाकृतिले सम्पन्न छ ।

राजराजेश्वरी एउटा तीर्थका रूपमा पनि प्रख्यात छ । यस तीर्थको स्नानले अक्षय फल पाइने विवरण पुराणहरूले दिएका छन् । यस तीर्थमा स्नानादि गर्ने उत्तम दिन वैशाखशुक्ल पञ्चमी मानिएको छ । तर अन्य अवशरमा पनि यस तीर्थमा स्नान गर्न सकिन्छ भनिएको पाइन्छ । राजराजेश्वरी स्थान नवदुर्गाका नामले पनि प्रख्यात छ ।

जयज्योतिर्मल्लका पालामा बनेको राजराजेश्वरी मन्दिर र त्यस आसपासको क्षेत्रलाई ज्यादा सिंगार्ने कार्य जङ्गबहादुर राणाका छोरा जितजङ्ग राणाले गरेका हुन् । तिनले यस मन्दिर प्राङ्गणमा जितजङ्ग प्रकाशेश्वर नामको एउटा भव्य तथा राजकीय गुम्बज शैलीको मन्दिर निर्माण गराए । यो मन्दिरको गर्भगृह गोलो आकारको छ, जुन अन्य शिवालय भन्दा फरक तथा सुन्दर पनि देखिन्छ । जितजंगले यस मन्दिरको अगाडि ठूलो घन्ट पनि चढाएका थिए । जितजङ्गले राजराजेश्वरीको मन्दिरमा सुनको ढोका, तोरण र झ्याल बनाए । जितजङ्गले नै श्रीमती खड्गकुमारी सहित भएर यस मन्दिरको छानोलाई वि.सं. १९४१ सालमा सुवर्णमय बनाएका थिए भनिन्छ । यसै मन्दिरको नामबाट त्यस पूर्वको घाटको नाम तथा उत्तर र पश्चिमको क्षेत्रलाई पनि राजराजेश्वरी भन्ने गरिएको छ । राजराजेश्वरीका मूर्तिमा १२-१२ वर्षमा चित्रकारी गर्ने प्रथा रत्नमल्लले चलाइएको उल्लेख पाइन्छ । अहिले पनि प्रत्येक १२ वर्षमा यहाँका नवदुर्गाका प्रतिमामा चित्रकारी गर्ने कार्य गरिन्छ । दशमहाविद्यामध्येकी महात्रिपुरासुन्दरीलाई राजराजेश्वरी भनिन्छ । तर राजराजेश्वरी मन्दिरमा भने यिनलाई दक्षिणकालिका नामले पूजाआजा गर्ने चलन छ । देवमाला वंशावलीमा राजा विश्वगुप्तले जयवागेश्वरीको मूर्ति स्थापना गरी पशुबलि दिने चलन चलाए भनिएको पाइन्छ । यो मन्दिर एकतले तथा वरिपरि सत्तलहरूले घेरिएको छ । यस मन्दिरमा अलंकृत टुँडाल र तोरणको पनि प्रयोग गरिएका छन् । यसको तोरणमा सुनको लेपन गरिएको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजराजेश्वरी मन्दिरको छानो सुवर्णमय छ । मन्दिरभित्र नौवटा नवदुर्गा देवीका साथमा गणेश र शिवका प्रतिमा पनि छन् । यस मन्दिर भित्र रहेको शिवजीको प्रतिमामा पाँचवटा शिर छन्, जसलाई यहाँको नयाँ विशेषता मान्न सकिन्छ । राजराजेश्वरी मन्दिर वरिपरि उमामहेश्वर, विष्णु, चण्डेश्वर, कृष्ण र अन्य देवीदेवताका प्रतिमाका साथमा शिवलिङ्गहरू पनि राखिएका छन् । यहाँका राजराजेश्वरीका नाममा पूजिने देवीहरू चतुरवाहुका तथा भव्य मुकुटले सजिएका छन् । यहाँका नवदुर्गालाई भक्तपुरबाट ल्याइएको हो भन्ने किंवदन्ती पाइन्छ ।

प्राप्त एक किंवदन्ती अनुसार एकपटक केही मानिसहरूले रातको समयमा नवदुर्गालाई बोकेर भक्तपुरबाट यतातिर ल्याउँदा उज्यालो हुन लागेछ । त्यसपछि देवीलाई हिंडाउन नहुने मान्यतामा यहीं राखिएछ भने अर्को रात तिनलाई यहाँबाट उठाएर अन्यत्र लैजान सकिएनछ । तसर्थ नवदुर्गाको मन्दिर यसै स्थानमा निर्माण गरिएको किंवदन्ती पाइन्छ । भक्तपुरको नवदुर्गा नृत्य पशुपतिनाथ प्राङ्गणमा पनि ल्याइन्छ । राजराजेश्वरीका पुजारी तान्त्रिक कर्माचार्य छन्, जसले यी देवीको पूजाआजा तान्त्रिक विधिले गर्ने गर्दछन् । यी देवीको पूजाआजामा पञ्चमकारको प्रयोग पनि हुने गर्दछ ।

जयवागेश्वरी

पशुपतिनाथ क्षेत्रमा अमालकोट कचहरीको अगाडि चक्रपथको पश्चिमतिर जयवागेश्वरीको मन्दिर पर्दछ । जयवागेश्वरी देवी सरस्वती, वाक्येश्वरी या वाकदेवीका रूपमा परिचित छन् । जयवागेश्वरीको उत्पत्ति पशुपतिनाथ सँगसँगै भएको बताइन्छ । देवमाला वंशावलीमा राजा शिवदेवले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देउपाटनमा ग्वल नामक एउटा शहर बसाली जयवागेश्वरीको नित्य पूजा अर्चना गराएको तथा चित्रकारीद्वारा रहस्यमय मूर्ति बनाई त्यसको प्राणप्रतिष्ठा गरेको कथा दिइएको छ । जयवागेश्वरीको नित्य र पर्व पूजा दुवै तान्त्रिक विधिबाट सम्पन्न गरिन्छ । यिनको पूजाआजा तान्त्रिक कर्माचार्य पुजारीले गर्दछन् । यहाँका पुजारी भने भक्तपुर, ललितपुर, हनुमानढोका क्षेत्र र जयवागेश्वरीका स्थानीय गरी चार ठाउँका चारजना हुने परम्परा छ । जयवागेश्वरी छेउमा लुँहिटी नामको एउटा पुरानो धारा पनि छ, जसको पानी यी देवीको पूजाआजामा प्रयोग गर्ने गरिन्थ्यो । तर यस धाराको पानी सुक्त लागेपछि यसको बैकल्पिक उपाय खोजी गरिएको छ । अघि यहाँका पुजारीले सती हुन चाहनेलाई तन्त्र गरी धागोले शरीर बाँधिदिने गर्दथे, जसको प्रभावले सतीलाई आगोमा हाम फाल्दा पनि पिडा बोध नहुने मान्यता राखिन्थ्यो । नेपाल महात्म्यमा भने सतीले जयवागेश्वरीलाई हंश चढाउने गर्दथे भन्ने वर्णन गरेको पाइन्छ ।

जयवागेश्वरीमा श्रावण शुक्ल नवमीका दिन देवीको पवित्रारोहण गर्ने, आश्विनशुक्ल प्रतिपदादेखि नवमीसम्म तलेजुमा पूजा गर्ने तथा कार्तिक कृष्ण औंसीका दिन लक्ष्मीको पूजा गर्ने परम्परा छ । मार्ग शुक्ल नवमी, मार्ग शुक्ल पूर्णिमा र पौष शुक्ल द्वादशीका दिन पनि जयवागेश्वरीमा विशेष पूजाआजा गरिन्छ । पौष शुक्ल पूर्णिमा र चैत्र कृष्ण चतुर्दशी या पिशाच चतुर्दशी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि यहाँ विभिन्न उत्सवादि पर्ने दिनहरू हुन् । यस मन्दिर क्षेत्रमा विभिन्न स्थानबाट ल्याइने नाच र जात्रा गर्ने चलन पनि छ । जस्तो भक्तपुरबाट ल्याइने नवदुर्गा नाच, पाटनबाट ल्याइने हरसिद्धि नाच र चावहिल चारूमती विहारबाट ल्याइने महादेव पार्वती नाच आदि सवै जात्रा र नाच यस मन्दिर अगाडिको डबलीमा नचाउने र प्रदर्शन गर्ने गरिन्छ ।

प्रत्येक बाह्र वर्षमा जयवागेश्वरीको कलेवर फेर्ने चलन छ । यसका लागि जोशीले पात्रमा पानी राखेर साईत हेर्ने गर्दछन् । जयवागेश्वरीको प्रतिमाको पाउको भाग बाहेक शरीर माटोबाट बनेको हुनाले यसको कलेवर प्रत्येक बाह्र बर्षमा फेर्ने गरिएको हो । यहाँ जयवागेश्वरीको मात्र नभएर भैरव र गणेशको पनि कलेवर फेर्ने चलन छ । मन्दिरको उत्तरी भित्तामा रहेको भैरवलाई भने प्रत्येक १२ वर्षमा चित्रकारी गर्ने या पुन चित्र कोर्ने गरिन्छ । जयवागेश्वरीको कलेबर फेर्नका लागि माटो भने ह्मैपीबाट ल्याउने परम्परा पाइन्छ । ह्मैपीलाई स्वर्गबाट आएकी देवी मानिने हुँदा यहाँको माटो ल्याउने चलन चलेको हो । जयवागेश्वरीको कलेवर फेर्ने माटो श्रीखण्ड, कुमकुम, कस्तुरी, गोलोचन, चन्दन र शिमलको भुवा आदि १५४ थरीको मसला मिसाएर बनाइन्छ । यसै अवशरमा जयवागेश्वरी मन्दिरको उत्तरी भित्तामा रहेको भैरवको प्रतीक आकृति पनि लेख्ने गरिन्छ ।

जयवागेश्वरीको मन्दिर नेपाली तले शैलीको दुई छानायुक्त छ । हाल भूकम्पबाट क्षति भएको यो मन्दिर पुन पुरानै शैलीमा बनेको छ । जयबागेश्वरी देवी महाकाली, महालक्ष्मी र महासरस्वतीका अङ्ग मिलेर बनेको मानिन्छ । धातुका पाताबाट छाना छाइएको नेपाली तले शैलीको जयबागेश्वरी मन्दिर लिच्छवि कालतिर नै बनेको हो भन्ने मान्यता छ । जयवागेश्वरी मन्दिरको बाहिरी भित्तामा भैरवको भित्तिचित्र रहेको छ, जसलाई जालान्धर राक्षसको चित्र भनिन्छ । त्यस चित्रलाई प्रत्येक १२ वर्षमा पोतेर पुन कोरिने हुनाले चित्र निकै पुरानो भए पनि बेलाबेलामा परिमार्जन हुने गरेको छ । बुद्ध जन्मसम्बन्धी मायादेवीको प्रस्तरमूर्ति, जयवागेश्वरीको मूर्ति र अन्य कलात्मक बस्तुहरू उक्त मन्दिर क्षेत्रमा रहेकाले यो भेग ऐतिहासिकता र कलाकृतिका दृष्टिले निकै महत्वपूर्ण मानिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक किंवदन्ती अनुसार अघि नेपाल मण्डलमा पशुपतिनाथ र गुहेश्वरी प्रकट भएपछि जयवागेश्वरी देवी पनि मानसरोवरबाट गुप्त रूपमा यस स्थानमा आएर बसिछन् । पशुपति र गुह्येश्वरीको अवस्थिति रहेकाले यिनी यहाँ आएकी हुन् भनिन्छ । तसर्थ जयवागेश्वरी र पशुपतिनाथका बीचमा निकटको सम्बन्ध रहेको बताइन्छ । सर्वप्रथम राजा शिवदेवले जयवागेश्वरीको मूर्ति र मन्दिर बनाएको कुरा वंशावलीहरूमा उल्लेखित छ । मन्दिरको भित्तामा भैरवको चित्र बनाउने परम्पराको थालनी पनि शिवदेवले नै गरेको मानिन्छ । एक किंवदन्ती अनुसार मध्यकालताका राजा जगज्जय मल्लको पालामा यस मन्दिरमा राखिएका गरगहनाहरू चोरी भएछन् । त्यसको ३ महिना पछि ५ वर्षकी एकजना आचार्य पुत्रीको शरीरमा देवी प्रवेश गरिछन् र मेरो गहना चोर्ने चोर हांडीगाउँको पाटीको ढोकामा बसी थाम बजाइरहेको छ भनिछन् । त्यसैबेला हाँडीगाउँ भेगमा देवीले भनेकै अवस्थामा एउटा मान्छे भेटिएकाले चोर पत्ता लागेछ र जयवागेश्वरीका चोरिएका गहनाहरू फेला परेछन् ।

जयवागेश्वरी मन्दिरको दक्षिणी भागमा भने मातृकाका प्राचीन मूर्तिहरू राखिएका छन् । यसको भित्रतिर वरिपरि विभिन्न देवी देवताका प्रतिमाहरू राखिएका छन् । यस मन्दिरको वायव्य कोणमा एउटा प्राचीन ढुङ्गेधारा रहेको छ । यही ढुङ्गेधारा परिसरबाट बुद्धजन्म सम्बन्धी एउटा पुरानो प्रतिमा पाइएको थियो । उक्त प्रतिमा हाल राष्ट्रिय सङ्ग्रहालय छाउनीमा राखिएको छ । जयवागेश्वरी भेगमा विभिन्न युगका कलाकृति रहेका छन् ।

वज्रेश्वरी

यिनको स्थान पशुपतिनाथ क्षेत्रमा रहेका विभिन्न तान्त्रिक देवीमा वज्रेश्वरी दक्षिणतिरकी देवी हुन् । यिनलाई पिंगलामाई र पिङ्गनमाई पनि भनिन्छ । वज्रेश्वरीलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिन्दू र बौद्धमार्गी दुवै प्रकारका तान्त्रिकहरूले पूजाआजा गर्ने गर्दछन् । यिनको स्थान गौशालाबाट एयरपोर्ट जाने बाटोमा चक्रपथमा नै पर्दछ । यिनको स्थान चक्रपथ सडकको मुनि परेको छ । सडक वारपार गर्ने छिंडीभित्र परेको वज्रेश्वरीका लागि अलग्ग मन्दिर भने बनेको देखिंदैन । वज्रेश्वरी देवीको प्रतिमा एउटा सानो पर्खालमा गवाक्षजस्तो आकृति निर्माण गरी राखिएको देखिन्छ । यसको छेउमा एउटा दुई तले तर केही सानो धर्मशाला बनेको छ । वज्रेश्वरीको प्रस्तर प्रतिमा पश्चिमतिर फर्किएको छ, जुन एउटा प्रस्तरको तोरणमुनि राखिएजस्तो देखिन्छ । यो देवस्थल वि.सं. २०३३ सालमा निर्माण गरिएको चक्रपथका कारणले बाटो मुनि सुरुंग मार्गमा पर्न गएको हो ।

वज्रेश्वरी या पिंगनमाईको प्रतिमामा शरीरको तल्लो भाग देखिंदैन । प्रतिमामा यिनका तीनवटा शिरहरूमात्र देख्न सकिन्छ । यी तिनवटै शिर भागलाई भक्तहरूले एउटै देवी वज्रेश्वरी मान्ने गरेका छन् । यदाकदा भक्तहरूले देवीका तिनवटा शिरलाई अलगअलग रूपमा वाराही, काली र भैरवीका रूपमा पनि पूजा गर्ने गरेका छन् । कतिपयले यिनलाई महाकाली, महालक्ष्मी र महासरस्वतीको संयुक्त स्वरूप मानेका छन् । यिनको प्रतिमा आजभन्दा करिव १२०० वर्ष अगाडितिर निर्माण भएको मानिन्छ । वज्रेश्वरी भेगमा नरसिंह, हनुमान र गणेशका प्रतिमा तथा शिवलिंग पनि पाइएका छन् ।

पशुपति भेगमा वज्रेश्वरीको नाममा जात्रा पनि गर्ने चलन छ । यो जात्रा निकै प्रख्यात छ । वज्रेश्वरीको जात्रालाई पिंगलामाई तथा पिङ्गनमाईको जात्रा समेत भन्ने गरिएको छ । वज्रेश्वरीका गुठीयार लगनलाछी र भकुनटोलका डंगोलहरूले यिनको जात्राको जिम्मा पाएका छन् । वज्रेश्वरीको जात्राका अवशरमा विभिन्न देवीदेवताका प्रतिमा खटमा राखेर विभिन्न देवालयको परिक्रमा गराउने चलन पाइन्छ । यसका लागि आवश्यक देवीदेवता यिनै गुठीयारले आफ्नो घरबाट ल्याउने गर्दछन् । वज्रेश्वरी जात्राका अवशरमा गुठीयारले आफ्ना घरबाट भैरव, नवदुर्गा र गणेशका प्रतिमा वज्रेश्वरी मन्दिरमा ल्याउने र लहरै राखेर पूजाआजा गर्ने गर्दछन् । तिनीहरूलाई नै वज्रेश्वरी जात्राका अवशरमा खटमा राखेर हिंडाउने चलन छ । वज्रेश्वरीमा चैत्रकृष्ण त्रयोदशी र चतुर्दशी गरी जम्मा दुईदिन ती प्रतिमा राखेर पूजाआजा गर्ने परम्परा छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाग छ

अन्य मन्दिरहरू

मच्छिन्द्र गणेश



पशुपतिनाथ शैव क्षेत्र हो । तसर्थ शिवजी र पार्वतीका पुत्र गणेशको उपस्थिति यस भेगमा अनिवार्य मानिन्छ । पशुपतिनाथ भेगका अनेक स्थानमा गणेशका अनेक प्रकारका प्रतिमा र मन्दिरहरू रहेका छन् । यिनमा एउटा प्रख्यात गणेशको नाम मत्स्येन्द्र गणेश हो । यिनको मन्दिर पशुपतिनाथको अमालकोट कचहरीदेखि उत्तरतिर दथुटोलमा पर्दछ । पादवेश्वर शिवालयको उत्तरतिर रहेको यो मन्दिर दुई तहको छानायुक्त नेपाली तले शैलीमा निर्मित छ । यो मन्दिर दक्षिणतिर या पादवेश्वर महादेवतिर फर्किएको देखिन्छ । यो मन्दिर सानो भए पनि धातुको पाताले छाइएका दुईवटा छानायुक्त नेपाली तले शैलीमा निर्मित छ । यसका तोरण, टुँडाल र गजुर लगायतका अन्य कलाकृतिका कारणले मत्स्येन्द्रगणेश मन्दिर निकै सुन्दर पनि देखिन्छ ।

मत्स्येन्द्र गणेशको मन्दिरमा चार बाहुको गणेशको प्रस्तर प्रतिमा राखिएको छ । यस गणेशलाई धातुको गवाक्षभित्र राखिएको देखिन्छ । यसमा गणेशको प्रतिमा करिव २ फिटजति अग्लो छ । यस प्रतिमाको माथ्लो भागमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुनौलो तोरण बनाइएको छ, जसको केन्द्र भागमा चार बाहुका गणेशकै आकृति देखिन्छ । तर यो आकृतिमा भने गणेशलाई सातवटा नागको फणाले रक्षित गरेको देखाइएको छ । यसमा गणेशका दुईतिर ऋद्धी र सिद्धीका आकृति अङ्कित छन् । तोरणको माथिल्लो भागमा भने नाग र नागिनीलाई आफ्नो पञ्जाले च्यापि रहेको गरूडको आकृति छ । तोरणमा भएको गरूडको तलतिर मकराकृति अङ्कित छन् । यो मन्दिर वि.सं. २०६६ सालमा जीर्णोद्धार गरिएको हो । मत्स्येन्द्र गणेशको स्थापना विक्रमको दसौं एघारौं शताब्दीतिर भएको मानिएको छ ।

मत्सेन्द्रगणेशलाई ऋद्धिसिद्धि गणेश पनि भनिन्छ । सांस्कृतिक रूपमा यस गणेशको सम्बन्ध मत्सेन्द्रनाथसँग पनि रहेको देखिन्छ । किनकि मत्स्येन्द्रनाथको रथयात्रा गर्नुभन्दा अगाडि त्यहाँका पुजारी आएर मत्स्येन्द्र गणेश स्थानमा विभिन्न प्रकारका विधि पूरा गरी पूजाआजा गर्नु पर्ने नियम छ । यी गणेशको पूजाआजा गरेको १५ दिनपछि मत्स्येन्द्रनाथको जात्रा सुरू हुने गर्दछ । यसरी यी गणेशको प्रत्यक्ष सम्बन्ध मत्स्येन्द्रनाथसँग रहेको देखिन्छ । तसर्थ यिनलाई मच्छिन्द्र गणेश या मत्स्येन्द्र गणेश भनिएको हो । यसका साथमा पशुपतिनाथ भेगमा रहेकाले पनि यी गणेशको महत्व अत्यधिक रहेको मानिन्छ ।

राममन्दिर

पशुपतिनाथ भेगको भस्मेश्वर घाट पारी मृगस्थलीमा राममन्दिर पर्दछ । यो विष्णुको मन्दिर भए पनि यसलाई स्थानीय मानिसहरू रामचन्द्रको मन्दिर भन्ने गर्दछन् । तसर्थ यहाँ यसलाई राम

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्दिर नै भनिएको छ । यहाँको राममन्दिर गुम्बज शैलीमा निर्माण गरिएको छ । मझौला आकारको यो मन्दिर अन्य गुम्बजभन्दा फरक देखिन्छ । यस मन्दिरको मूल ढोका पश्चिम या वाग्मती नदीतिर फर्किएको छ । यस मन्दिरको चारैतिर प्रदक्षिणापथ निर्माण गरिएको छ । राम मन्दिर भेगमा रामनवमीका अवशरमा विशेषपूजा गर्ने परम्परा पाइन्छ । राममन्दिरको गर्भगृहमा तीनवटा प्रतिमा लहरै राखिएका छन् । तिनीहरू सबै पश्चिम भस्मेश्वर घाटतिर फर्किएका देखिन्छन् । तीनवटा मध्ये बीचको प्रतिमा करिव १० फिटजति अग्लो छ । यसलाई राम तथा यसका दुवै तिरका प्रतिमालाई लक्ष्मण र शत्रुघ्नका प्रतिमा मान्ने गरिन्छ । यसको बीचको प्रतिमाले हातमा शत्त, चक्र, गदा र पद्मबीज लिएको छ । तसर्थ यसलाई विष्णुको प्रतिमा मान्नु पर्दछ ।

गोपालराज वंशावलीमा विष्णुगुप्तले आजभन्दा १३०० वर्ष अगाडितिर पशुपतिनाथ भेगमा विष्णु भट्टारक बनाएको चर्चा गरिएको देखिन्छ । यस वंशावलीका अनुसार पनि यो रामको नभएर विष्णुको नै मन्दिर हो । तर हाल यसलाई राम मन्दिरका नामले जान्ने र त्यसै अनुसार पूजा गर्ने पनि चलन छ । राम मन्दिरको वर्तमानको स्वरूप भने पुरानो होइन । बेलाबेलामा जाने भूकम्पको विनासका कारण जीर्णोद्धार गर्ने क्रममा अहिलेको मन्दिरको स्वरूप बनेको हो । यो मन्दिर भिमशमशेरले वि.सं. १९८८ तिर बनाएका थिए । वि.सं. १९९० सालको महाभुकम्पबाट यो मन्दिर पनि ढलेकाले जुद्धशम्शेरले यसलाई वि.सं. १९९१ सालमा यस स्वरूपमा पुनर्निर्माण गराएका हुन् । वि.सं. १९९० सालको भूकम्पपछि यसलाई पुरानै शैलीमा बनाइएकाले अहिलेको स्वरूप यही समयको मान्न सकिन्छ ।

राममन्दिर परिसरमा विभिन्न प्रकारका कलाकृतिहरू रहेका छन् । यस मन्दिरको पश्चिमतिर एउटा प्रस्तर स्तम्भमा हनुमानको प्रस्तर प्रतिमा छ भने त्यसको अगाडि एउटा मण्डपमा गणेश र गरूडका प्रतिमा राखिएका छन् । यस मन्दिरको सिधा पश्चिम वाग्मती नदीपारी भस्मेश्वर क्षेत्रमा हाल यस मन्दिरतिर फर्काएर एउटा हनुमानको प्रस्तर प्रतिमा पनि राखिएको छ । राम मन्दिरको पूर्वतिर मन्दिर पछाडिको उकालोका सिंढीहरूमा पुराना थुप्रै शिवलिङ्गहरू लहरै राखिएका देखिन्छन् । राम मन्दिर परिसरमा विभिन्न शिवालय, राम परिवार मन्दिर र अन्य मन्दिरहरू पनि छन् । यहाँ सालैभर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिसहरूको भिडभाड भई रहन्छ । तर पनि रामनवमी लगायतका पर्वमा यस मन्दिर परिसरमा भक्तालुको ज्यादा भिड लाग्दछ । पशुपतिनाथमा लाग्ने प्रत्येक मेला पर्वका अवशरमा पनि राम मन्दिर परिसरमा भक्तालुहरू पुग्ने गरेका छन् ।

किरातेश्वर महादेव

शिवजीले बेलाबेलामा विभिन्न अवतार लिने क्रममा किरातको स्वरूपमा समेत रहने गरेको चर्चा पुराणहरूमा पाइन्छ । शिवजीले लिने गरेको किरात स्वरूपलाई किरातेश्वर महादेव भनिन्छ । महाभारतमा अर्जुनले किरातेश्वर महादेवबाट पाशुपतास्त्र प्राप्त गरेको विवरण परेको छ । नेपाल महात्म्य र पशुपति पुराणमा पनि शिवजीले किरातेश्वरको रूप धारण गरी मृगस्थलीमा विचरण गरेको चर्चा पाइन्छ । यता पार्वतीले छल गरी किरातिनीको स्वरूप धारणा गरेपछि त्यस कुरालाई थाहा पाएका शिवजीले पनि किरातेश्वरको स्वरूप लिएको चर्चा केही पुराणहरूमा गरिएको छ । किरातहरू र महादेव दुवैको वासस्थान पहाडी या हिमाली भेग मानिने हुँदा नेपालको पहाडी भागमा किरातेश्वर महादेवको पूजाआजा ज्यादा मात्रामा हुने गरेको छ । यसैगरी पशुपतिनाथ भेगको मृगस्थलीमा अघि शिवजीले किरातको रूप धारण गरी विचरण गरेको पनि कथा पाइन्छ ।

कैलासदेखि सिधा पूर्वतिर पर्ने मृगस्थलीको डाँडामा किरातेश्वरको अवस्थिति छ । त्यहाँ किरातेश्वरका नामले पूजित शिवलिंग तथा यिनको मन्दिर पनि रहेको देखिन्छ । अघि शिवजी र पार्वती किरातका स्वरूपमा यस भेगमा विचरण गर्दथे भन्ने कथा हिमवत्खण्ड पुराणले दिएको पाइन्छ । तसर्थ यहाँ किरातेश्वरको अवस्थिति रहेको हो । मृगस्थलीको किरातेश्वर महादेवको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवलिङ्ग तीन तिरबाट सत्तलले घेरिएको घेराभित्र राखिएको छ । त्यसको पश्चिमतिरको भागमा भने सूर्यघाटभन्दा माथिको भिर पर्दछ । यहाँका पुराना पाटी या सत्तल हालसालै पुनर्निर्माण गारिएका छन् । यी सत्तलको बीचमा किरातेश्वरका लागि पर्खाल लगाएर एउटा घेरा बनाइएको छ भने त्यसैको बीचमा किरातेश्वर शिवलिङ्ग अवस्थित छ ।

किरातेश्वर शिवलिङ्ग साधा लिङ्ग हो, जुन प्राकृतिक प्रस्तरजस्तो देखिन्छ । शिरातेश्वर शिवलिङ्ग ३० इन्च अग्लो तथा निकै मोटो पनि छ । शिवलिङ्ग आकारको प्राकृतिक प्रस्तरलाई नै यसमा किरातेश्वरका रूपमा पूजाआजा गर्न राखिएजस्तो देखिन्छ । यो शिवलिङ्ग पीठमा कोल्टे पारेर राखिएको छ, जुन लड्नै लागेजस्तो देखिन्छ । किरातेश्वर शिवलिङ्ग एउटा ठूलो र गोलो पीठमा राखिएको छ । यसको वरिपरि साना आकारका ६ वटा शिवलिङ्गहरू पनि छन् । किरातेश्वर मन्दिरको वरिपरिका भित्तामा पनि विभिन्न देवीदेवताका ससाना प्रस्तर प्रतिमाहरू राखिएका देखिन्छन् । यो शिवलिङ्ग विक्रमको तेस्रोचौथो शताब्दीतिर बनेको मानिएको छ । किरातेश्वर भेगमा अन्य कलाकृति पनि प्रशस्तै छन् ।

विश्वरूपा मन्दिर



पशुपतिनाथ भेगमा भ्रमण गर्नुपर्ने र दर्शन गर्नुपर्ने एउटा मन्दिर विश्वरूपाको पनि हो । विशेषगरी विष्णुको विश्वरूप हुने धार्मिक मान्यता रहेको भए पनि शिवजीको पनि विश्वरूपको चर्चा पाइन्छ । यता विश्वरूपकी शक्तिको नाम भने विश्वरूपा हो । पशुपतिनाथ क्षेत्रको मृगस्थलीमा विश्वरूपाको एउटा भव्य राजकीय गुम्बज मन्दिर छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वामी प्रपन्नाचार्य आश्रमदेखि केही पूर्व तथा ध्रुवस्थलीको उत्तरतिर वनभित्र विश्वरूपाको चौघेरा सत्तल पर्दछ । अघि चारैतिर सत्तलैसत्तलले घेरिएको ठूलो चौघेराभित्र विश्वारूपाको राजकीय गुम्बज शैलीको मन्दिर निर्माण गरिएको थियो । यो मन्दिर करिव आठ फिट अग्लो तीन तहको प्रस्तरबाट निर्मित पेटीमाथि थियो । यो मन्दिर वि.सं. २०७२ सालको विनासकारी भुकम्पले भत्किएकाले हाल यसको पुनर्निर्माण भई रहेको छ । नेपालका ठूला मन्दिर मध्येको एक यही हो ।

मृगस्थलीको विश्वरूपा मन्दिर राणा प्रधानमन्त्री जंगबहादुरले बनाउन लगाएका हुन् । यो मन्दिरको निर्माण कार्य वि.सं. १९२० सालमा पूरा गराएको थियो । सुरूमा यस स्थानमा विश्वरूपाको मन्दिर निर्माण गर्ने योजना रहेको देखिंदैन । वंशावलीमा पाइने विवरण अनुसार जङ्गबहादुरले भोटसँगको युद्धमा विजय पाउने कामना गरेका रहेछन् । लडाईका लागि जङ्गबहादुरले भोट जाने बाटामा एउटा ठूलो शिला फेला पारेकाले त्यसलाई भैरव मानी पूजाआजा गरेछन् । तिनले भोटसँगको युद्धमा विजय पाएमा या ज्यादा नोक्सान व्यहोर्नु नपरेमा त्यसलाई पूजाआजा गर्ने भाकल गरेछन् । पछि तिनले उक्त शिलालाई मृगस्थलीको जङ्गलमा ल्याएर राख्न लगाएछन् र निकै सद्भावका साथमा पूजाआजा गर्न लागेछन् । त्यसपछि तिनले हनुमान ढोका दरबारभित्र रहेको विश्वरूपाको प्रतिमा यस स्थानमा ल्याएर प्रतिष्ठा गराए र मन्दिर पनि निर्माण गराए भनिएको छ । यिनले यहाँ चौघेरा सत्तलका साथमा मन्दिरको चार कुनामा चारवटा शिखर शैलीका मन्दिरहरू निर्माण गरी विष्णु, सिताराम, मुरलीधर कृष्ण र हनुमानका प्रतिमा राखेका थिए ।

विश्वरूपा मन्दिरको उत्तरपश्चिमी भागमा एउटा साधा शिलाखण्ड राखिएको छ, जसलाई भैरव मानेर पूजाआजा गर्ने गरिन्छ । यसलाई नै अघि जङ्गबहादुरले भैरव मानेर पूजाआजा गर्ने गरेको विवरण पाइन्छ । जंगबहादुरले विश्वरूपा मन्दिर बनाएपछि यसको रेखदेख गर्ने व्यवस्था पनि गरे । यस मन्दिरभित्र जंगबहादुरले विश्वरूपाको प्रतिमा राखेका छन् । यो प्रतिमा यिनले हनुमानढोका दरबार क्षेत्रबाट यहाँ ल्याएर राखेको मानिन्छ । यसलाई महायान बौद्ध धर्ममा पनि मेषसम्बर मानेर पूजा गरिन्छ । यता यसलाई सहस्रबाहु लोकेश्वर पनि भनिन्छ । लामा बौद्धमार्गी यो प्रतिमा तिब्बतबाट ल्याइएंको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान्दछन् र यसलाई मञ्जुश्री मानेर पूजाआजा गर्दछन् । हिन्दूहरूले यसलाई विश्वरूप र विश्वरूपा, कामेश्वर र कामेश्वरी आदि नामले जान्दछन् ।

विश्वरूपाको प्रतिमामा हजारौं हातहरू रहेको देखाइएको छ, जसले हातहरूमा कैयन् आयुध लिएको देखिन्छ । यहाँ कामरूप र कामरूपा एकआसमा सपरित आसनमा रहेर कामकलामा व्यस्त रहेका देखिन्छन् । प्रतिमामा तिनीहरू उभिएको अवस्थामा रहेका छन् । विश्वरूपाको धातुको प्रतिमा करिव १२ फिट अग्लो छ । अति ठूलो आकार र हजारौं हात, शरीर र पाउ भएको यो मूर्ति देख्तै अनौठो लाग्दछ । धातुका पाता जोडेर बनाएको यो प्रतिमालाई अति दुर्लभ मानिन्छ । यो प्रतिमा मध्यकालमा राजा प्रतापमल्लका पालामा बनाइएको हो ।

विश्वरूपा निकै सुन्दर ठाउँमा मृगस्थलीको वनमा पर्दछ । यसको मन्दिर राजकीय गुम्बज शैलीमा छ । यो मन्दिर हाल पुरानै शैलीमा पुनर्निर्माण भई रहेको देखिन्छ । विश्वरूपा मन्दिरको वरिपरि चौघेरा सत्तल छन् । तिनीहरू पनि जंगबहादुरले नै बनाउन लगाएका हुन् ।

गोरखनाथ

पशुपतिनाथ भेगमा गोरखनाथको पनि पूजाआजा हुने गर्दछ । यहाँ गोरखनाथका स्थान दुई ठाउँमा छन् । एक त वनकालीमा गोरखनाथको सानो मन्दिरमा प्रतिमा राखिएको छ भने गोरखनाथ मठ र मुख्य मन्दिर भने मृगस्थलीको डाँडामा पर्दछ । पशुपतिनाथ र गुह्येश्वरीको बीचमा मृगस्थली डाँडाको टुप्पामा नै यो मठ र मन्दिर छन् । गोरखनाथलाई हिन्दूहरूले शिवजीको अवतार र बौद्धमार्गीले पनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धका रूपमा पूजाआजा गर्ने गर्दछन् । गोरखनाथ मत्स्येन्द्रनाथका चेला तथा इसाको नवौं शताब्दीका नाथ सम्प्रदायका एक योगी । यिनी नेपाललाई कर्मभूमि बनाएर बसेका एकजना शैव योगी थिए भनिएको पाइन्छ । शैवधर्मको एउटा शाखा नाथ सम्प्रदायको अभ्यूदयकर्ता आदिनाथ थिए, जसलाई यस सम्प्रदायको शिवरूप मान्ने गरिन्छ । आदिनाथका शिष्य मत्स्येन्द्रनाथ तथा तिनका पनि शिष्य गोरखनाथ थिए भनिन्छ ।

गोरखनाथ कहिले कहाँ जन्मिएका थिए भन्ने कुरा स्पष्ट नभए पनि सुरूमा उनी रमणवज्र नामक बौद्धभिक्षु थिए र पछि उनले नाथ सम्प्रदायमा प्रवेश गरी नाथ सम्प्रदायको प्रचारप्रसार गरेको बताइन्छ । उनी ईसाको ८५० देखि ९०० सम्म नेपाल बसेको विवरण पाइएको छ । यिनको कथा पृथ्वीनारायण शाहसँग पनि जोडिने गर्दछ । तर पृथ्वीनारायण शाहसँग किंवदन्ती जोडिने गोरखनाथ भने अर्कै गोरखनाथ थिए भन्ने देखिएको छ । एक किंवदन्तीअनुसार गोरखनाथ मत्स्येन्द्रनाथलाई भेट्न आसामबाट नेपाल आएका रहेछन् । सुरूमा उनले मत्स्येन्द्रनाथलाई भेट्न नसकेकाले उनले उपत्यकाका नागहरूलाई दबाएर राखेछन् । यसबाट उपत्यकामा लामो खडेरी परेकाले मत्स्येन्द्रनाथ नागहरूको उद्दार गर्न देखापरे भनिएको पाइन्छ । यस्तै गोरखनाथबाट नागहरूलाई उद्धार गरी उपत्यकामा वर्षा गराउन मत्स्येन्द्रनाथलाई आसामबाट नेपाल ल्याइएको पौराणिक कथा पनि पाइएको छ । यसरी गोरखनाथ नेपालसँग सम्बन्धित एक शिवयोगी थिए भन्ने देखिन्छ ।

काठमाडौंको मृगस्थलीमा गोरखनाथको मन्दिर छ । यस भेगमा अनेक प्रकारका शिवालय, यज्ञकुण्ड र अन्य मन्दिरहरू पनि छन् । नाथपन्थका प्रख्यात योगी नरहरिनाथको आश्रम यही छ । अहिले यस आश्रममा तिनका चेलाहरू बस्ने गरेका छन् । यता वनकालीमा पनि गोरखनाथको मन्दिर छ । यी दुवै ठाउँमा गोरखनाथका प्रतिमा पनि राखिएका छन् । यसरी पशुपतिनाथ भेगमा गोरखनाथका मन्दिर दुई स्थानमा रहेका देखिन्छन् । यसबाट पनि गोरखनाथको बसोबास पशुपतिनाथ भेगमा थियो भन्ने स्पष्ट हुने गर्दछ । यिनको बसोबास प्राय मृगस्थली भेगमा हुने गर्दथ्यो । मत्स्येन्द्रनाथ र गोरखनाथको उपस्थितिका कारणले नै नेपालमा मध्यकालताका नाथ सम्प्रदाय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निकै फस्टाएको थियो भन्न सकिन्छ । गोरखनाथ मठमा अहिले पनि नाथपन्थी जोगीहरू बस्ने गरेका छन् ।

गोरखनाथ मठ वरपर अनेक प्रकारका साना शिवालय, मन्दिर र विभिन्न देवीदेवताका प्रतिमाहरू रहेका छन् । यसको नजिकै चन्द्रेश्वर सत्तल या प्रपन्नाचार्य आश्रम पनि पर्दछन् । गोरखनाथ मठमा अघि योगी नरहरीनाथले बसेर अनेक प्रकारका धार्मिक र सांस्कृतिक अनुष्ठानहरू गरे । यिनले संकलन गरेका हजारौं पुराना लिखत र हस्तलिखित ग्रन्थ तथा अन्य ऐतिहासिक सामग्री यसै मठमा संग्रह गरिएका छन् । तसर्थ यो मठ क्षेत्र कला, धर्म, संस्कृति र ऐतिहासिकताका दृष्टिले पनि ज्यादै महत्वपूर्ण छ ।



मृगस्थलीको डाँडोमा गोरखनाथ मठका साथमा गोरखनाथको मन्दिर पनि रहेको छ । यहाँ गोरखनाथको मन्दिर कहिले स्थापना गरियो भन्ने कुरा स्पष्ट छैन । वंशावलीहरूमा जयस्थिति मल्लले गोरखनाथको पादुका जगाई वि.सं. १४५१ सालमा नाथ योगीहरूका लागि गुठी राखिदिएको उल्लेख पाइने हुँदा त्यसै समयतिर मृगस्थलीमा गोरखनाथ मन्दिर स्थापना भएको हुन सक्ने अनुमान छ । कालान्तरमा गोरखनाथको मन्दिर बेलाबेलामा जीर्णोद्धार र पुनर्निर्माण गरियो । वि.सं. १९०६ सालमा बालनरसिंह कुँवरका पत्नीहरू गणेशकुमारी र रक्षाकुमारीले यस मन्दिरको जीर्णोद्धार गरेको विवरण पाइन्छ । हालको गोरखनाथको मन्दिर पछिल्लो कालमा जीर्णोद्धारका कममा बनेको हो । रक्षाकुमारीले गोरखनाथ मन्दिरको पूर्वोत्तर कुनाको धर्मशाला निर्माण गराएको पनि विवरण पाइन्छ । उनले नै गोरखनाथमा नित्य रोठ चढाउन गुठी राखि दिएकी थिइन् । गोरनाथ मन्दिर शिखर शैलीमा निर्माण गरिएको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिखर शैलीको गोरखनाथ मन्दिरको गर्भगृहभन्दा माथि बीचमा एउटा अग्लो मूल शिखर छ भने यसको चारैतिर चारवटा ससाना शिखरहरू निकालिएका छन् । तिनीहरू केही होचा छन् । तर बीचको शिखर भने निकै अग्लो र भव्य छ । यसको गर्भसम्मको भागमा रातो रंगले पोतिएको छ भने शिखरलाई सेतो रङले रङाइएको देखिन्छ । यस मन्दिरको माथ्लो भागमा आमलक र सुन्दर गजुर पनि राखिएका देखिन्छन् । यसको गजुर पित्तलबाट बनेको आकर्षक देखिन्छ । गोरखनाथ मन्दिरको दक्षिणतिर ठूलो त्रिशूल गाडिएको छ । यस मन्दिरको पेटीमा गणेश, भैरव र महिषासुर मर्दिनीका प्रस्तर प्रतिमा स्थापित छन् । यस मन्दिर परिसरमा अन्य विभिन्न देवीदेवताका प्रतिमा, साना शिवालय तथा शिवलिंग र अन्य कलाकृति पनि प्रशस्तमात्रामा रहेका छन् । गोरखनाथ पशुपतिनाथ भेगको सवैभन्दा ठूलो शिखर मन्दिर हो ।

ताम्रेश्वर



पशुपति क्षेत्रको जयवागेश्वरीदेखि केही पश्चिमतिर नवाली टोलमा ताम्रेश्वर शिवालय पर्दछ । नेपाली तले शैलीको यो मन्दिर केही सानो दुईवटा छाना भएको छ । यस मन्दिरको छाना धातुका पाताले छाइएको देखिन्छ । विशेषगरी पशुपति क्षेत्रमा मनाइने धेरैजसो जात्राको रथ वा खट पश्चिमतिर यही मन्दिरको परिक्रममा गराई फिराउने चलन छ । तसर्थ यस मन्दिरको विशेष महत्व रहेको पाइन्छ । ताम्रेश्वरको शिवलिङ्ग तामाको पाताले बनेको छ । यसलाई अभिलेखहरूमा ताम्रलिङ्ग भनिएको देखिन्छ । तर जनमानसमा भने यसलाई ताम्रोश्वर भन्ने गरिन्छ । यस मन्दिरको वर्तमान स्वरूप वि.सं. २०४७ सालमा पुनर्निर्माण गर्दा बनेको हो । उक्त मन्दिरलाई पुरात्व विभागले जीर्णोद्धार गरी तामाको छानामा स्वर्णलेप गराएको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ताम्रेश्वर शिवालय जमिनदेखि केही गहिरो भागमा निर्मित छ ।

पशुपतिनाथ भेगका प्राय सवै जात्रा र पर्व यस भेगमा पु¥याइने हुनाले पशुपतिनाथको दर्शनका साथमा ताम्रेश्वरको पनि दर्शन र पूजन गर्नुपर्ने धार्मिक मान्यता छ । यसरी ताम्रेश्वर पशुपतिनाथ भेगको पश्चिमतिर पर्ने महत्वपूर्ण शिवालय हो ।

भण्डारेश्वर

पशुपतिनाथ क्षेत्रको पश्चिमतिर सिफल धोबीखोला छेउमा भण्डारेश्वर नामको एक शिवालय रहेको छ । यसलाई पशुपतिनाथ क्षेत्रको सवैभन्दा पश्चिमको शिवालय मानिन्छ । अघि यो शिवालय भण्डारखाल बगैंचाभित्र पर्दथ्यो र भण्डारखाल वगैंचामा रहेको शिवालयका आधारमा यसलाई भण्डारेश्वर भनिएको हो । पछि भण्डारखाल अतिक्रमणमा परेपछि यो शिवालय भण्डारखाल बगैंचाको बाहिर परेको छ । यसलाई पशुपतिनाथको भण्डारको संरक्षण तथा सुरक्षा गर्ने देवताका रूपमा पनि भण्डारेश्वर भनिएको मानिन्छ । पशुपतिनाथका भण्डारीको व्रतबन्ध हुँदा दर्शन गर्ने, पशुपतिनाथका नयाँ पुजारी नियुक्त हुँदा दर्शन गर्नुपर्ने तथा पशुपतिनाथका जात्रा पर्व पुन्याउनु पर्ने देवालयका रूपमा भण्डारेश्वर प्रख्यात छ ।

भण्डारेश्वर महादेवको मन्दिर राणा कालतिर बनेको हो । तर यसमा राखिएको एकमुख शिवलिङ्ग भने विक्रमको पाँचौं शताब्दीतिर बनेको मानिन्छ । यो शिवलिङ्ग श्लेषमान्तकेश्वर सरहको एकमुख छ, जुन लिंग मुखलिङ्ग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्माणको प्रारम्भिक चरणमा बनेको मानिएको छ । यस्ता एकमुख शिवलिङ्ग नेपालमा निकै कम मात्रामा पाइने गरेका छन् । यो शिवलिङ्ग करिव २२ इन्च उचा छ । शिवलिङ्गको पीठ गोलो र आकर्षक देखिन्छ । शिवालय भने एक तहको पेटीमाथि गुम्वज शैलीमा निर्माण गरिएको छ । भण्डारेश्वर शिवालय इँटाबाट बनेको छ भने यसको गुम्बजको भागमा सुर्कीचुनाको लिउन हानिएको देखिन्छ । यसको गजुर पनि सामान्य छ ।

भण्डारेश्वर महादेव मन्दिर भेगमा विभिन्न प्रकारका कलाकृति छन् । यस मन्दिरको प्रांगणको प्रवेशद्वार छेउमा रहेको बाच्छो सहितको गौमाताको एउटा पुरानो मूर्ति निकै प्रख्यात छ । नेपालमा यस्ता प्रतिमा बिरलै पाइन्छन् । गाई प्रतिको मानिसको प्रेम, स्नेह र सद्भाव दर्साउन यहाँ यस्तो प्रतिमा राखिएको हो । यसलाई गौसमाधि पनि भनिन्छ । यस बाहेक मन्दिर परिसरमा नवदुर्गा र पाञ्चायन देवताका प्रतिमा पनि राखिएका छन् । मन्दिरको दक्षिण पश्चिमी आगनमा तथा पूर्वतिरको पर्खालमा लहरै सरस्वती, देवी, कृष्ण, सिद्धिदातृ, महागौरी, कालरात्री, कात्यायनी, स्कन्दमाता, कुस्माण्डी, चन्द्रघण्टा, ब्रह्मचारिणी, शैलपुत्री, गणेश, राधाकृष्ण, गरूडासन विष्णु, हनुमान, राम, लक्ष्मण, सीता, स्थानक विष्णु र अन्य देवीदेवतका प्रतिमाहरू राखिएका देखिन्छन् । यसरी भण्डारेश्वर परिसर अनेक प्रकारका कलाकृतिले भरपुर छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाग सात

उपतीर्थ तथा घाटहरू

घाटको मतलव तीर्थ हुन्छ

घाटको अर्थ नदीको किनारी भाग हो । हिन्दूहरूका लागि नदी संगम र नदीका किनारी भाग देवता बस्ने स्थान हुन्छन्, जसलाई घाट पनि भनिन्छ । घाट भनेका भौतिक रूपमा खोला या नदी तर्ने स्थानमात्र नभएर मानिसलाई मोक्ष दिलाउने र तार्ने पनि ठाउँ हुन् । तसर्थ तिनीहरूलाई तीर्थ भनिन्छ, जुन स्थानमा देवताको पनि वास हुने गर्दछ । नदीका संगम र त्रिवेणीलाई पनि घाट र पवित्र तीर्थ मानिन्छ । काठमाडौंको पशुपतिनाथ भेगबाट वागमती नदी बगेको छ । तसर्थ यस भेगमा थुप्रै घाटहरू पनि छन् । इश्वर उत्पत्ति भएका, बसेका, अवतार लिएका, किडा गरेका, लीला गरेका, पदार्पणमात्र गरेका र सिद्ध व्यक्ति जन्मिएका स्थान पनि तीर्थ मानिन्छन् । नदी किनार, संगम र त्रिवेणीमा देवताका यस्ता गतिविधि हुने मानिन्छ र तिनीहरूलाई घाट र तीर्थ पनि मानिन्छ । यसरी घाट र तीर्थ एकै हुन् । घाटहरूमा स्नान गर्ने, देवपूजन गर्ने, उपासना गर्ने, आरती गर्ने, कल्पवास बस्ने, आजीवन वास बस्ने, ध्यान र साधना गर्ने कार्यका साथमा शवदाह गर्ने कार्य पनि गरिन्छ । विशेषगरी अन्य प्रकारका घाटका कृत्य वस्ति नजिकै या देवालयको समीपमा गरिन्छ । तर शवदाह भने वस्तिदेखि केही पर या देवालयभन्दा केही भिन्न स्थानमा गर्नुपर्ने धार्मिक मान्यता छ । कलियुगमा तीर्थहरूनै घाटका रूपमा परिणत भएर पानीले छोपिएका हुन्छन् भन्ने धार्मिक मान्यता अनुसार घाटको पानी अति पवित्र मानिन्छ ।

पशुपतिनाथको मुख्य तीर्थ या घाट आर्यघाट हो । पशुपतिनाथ भेगका वागमती नदी किनारको सवै भागलाई पुराणहरूले आर्यतीर्थ भनेको छ । यसको मतलव गुह्येश्वरीदेखि तिलगंगासम्मको वागमती नदीको सम्पूर्ण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किनारी भाग आर्यतीर्थ या आर्यघाट हो । यसका शाखा तीर्थ या शाखा घाटहरू पनि छन् । तिनीहरू सूर्यतीर्थ, वासुकी तीर्थ, जयमंगल तीर्थ, भष्मगङ्गा तीर्थ, जयवागेश्वरी तीर्थ, राजराजेश्वरी तीर्थ, गौरीतीर्थ, खर्वरिका तीर्थ, कोषोदक तीर्थ, चक्र तीर्थ, सूर्यभागा तीर्थ, चन्द्रभागा तीर्थ, ब्रह्मसहस्र तीर्थ, विष्णु सहस्रतीर्थ, रूद्रसहस्रतीर्थ, श्लेष्मान्तक तीर्थ, सूर्यकुण्ड तीर्थ, सप्तर्षितीर्थ, मृगोदक तीर्थ, क्षेत्रपाल तीर्थ र सौभाग्य तीर्थ हुन् भनिएको पाइन्छ ।

अहिले मानिसहरूले जान्ने पशुपतिनाथ भेगमा भएका घाट या तीर्थहरू भने उत्तरबाहिनी, गुह्येश्वरी, बालश्मसान, शान्तिघाट, गौरीघाट, सूर्यघाट, चन्द्रघाट, वासुकिघाट, आर्यघाट, वत्सलेश्वरीघाट, भस्मेश्वर घाट, राजराजेश्वरीघाट, रामघाट, सीताघाट, लक्ष्मणघाट, शत्रुघ्नघाट, हनुमानघाट, तिलगंगाघाट, पिंगलाघाट र ब्रह्मघाट हुन् । यिनमा पनि गुह्येश्वरी, वालश्मसान, शान्ति, गौरी, सूर्य, आर्य, भस्मेश्वर, रामघाट र राजरोजेश्वरी घाट जनमानसमा परिचित छन् । यी घाटहरू यहाँका घाटमात्र नभएर तीर्थ पनि हुन् । यिनमा अनेक प्रकारका कृयाकलाप गर्ने चलन छ ।

घाटहरूमा के कस्ता गतिविधि गरिन्छन्

घाटहरूमा विभिन्न प्रकारका सांस्कृतिक र धार्मिक कार्य गर्ने नियम पाइन्छ । यस्ता धार्मिक र सांस्कृतिक कार्य गर्ने घाट मुख्य रूपमा स्नानसँग सम्बन्धित हुन्छन् । तिनलाई स्नानघाट भनिन्छ । तिनीहरू उपासना घाटका रूपमा पनि रहन सक्तछन् । उपासना घाटमा देवीदेवताको पूजा गर्ने, व्रतादि समापन गर्ने, आरति गर्ने, भजन कीर्तन गर्ने, उत्सव र जात्रा गर्ने आदि गरिन्छ । घाटको पूजा, नदीको पूजा तथा देवीदेवताको पूजाआजा यस्तै स्थानमा गरिन्छ । पुराण लगायतका धार्मिक ग्रन्थ पाठ र श्रवण गर्ने स्थान पनि उपासना घाट क्षेत्र हुन् । त्यस्तै पितामह तीर्थ या पितृ उद्धार घाटमा पितृ तर्पण, श्राद्धादि कर्म र देवगत पूजन तथा हवनका कार्य गर्ने परम्परा छ । त्यस्तै घाटहरूमा शवदाह पनि गरिन्छ । तर श्मसानघाट भने स्नानघाट र उपासनाघाटभन्दा केही पर या वस्ती र देवालय भन्दा अलग्ग स्थानमा बनाउने परम्परा छ । घाटमा गरिने शवदाहका कारण तीर्थयात्री, व्रतालु,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्तालु, कीर्तनीया, उपासक र देवताका पूजकहरूलाई नकारात्मक अशर नगरोस् भनी तथा मृतकका आफन्तलाई पनि शोकको समयमा तीर्थयात्रीका कारण नकारात्मक प्रभाव नपारोस् भन्नका लागि श्मसानघाट वस्ति र देवालयभन्दा केही पर बनाउने गरिएको हो । यता कुनै यज्ञ पछिको फूलपाती पनि उपासना र स्नानघाटभन्दा केही परमात्र सेलाउनु पर्ने पौराणिक निर्देश दिइएको छ । किनकि सेलाउन लगिएको फूलपाती पनि शवसमान हुने गर्दछ ।

उत्तरवाहिनी घाट

उत्तरवाहिनीघाट गुह्येश्वरी मन्दिरको केही पूर्वतिर पर्दछ । यहाँ वागमती नदी केही उत्तरतिर बगेको हुनाले यसलाई उत्तरवाहिनी भनिएको हो । यस घाटमा दुवैतिर प्रस्तर छापेर ढिकुराहरू बनाइएका छन् । यो घाट स्नान र देवगत तथा पितृगत कार्यका लागि उत्तम मानिन्छ ।

गुह्येश्वरी घाट

गुह्येश्वरीघाट गुह्येश्वरी मन्दिरसँग वागमती नदीको किनारी भागमा रहेको छ । यो घाट पनि प्रस्तर छापेर व्यवस्थित पारिएको छ । गुह्येश्वरी घाट स्नान, उपवास, देवगत र पितृगत कार्यका लागि उत्तम मानिन्छ ।

बालश्मसानघाट

बालश्मसानघाट गुह्येश्वरीको केही पश्चिमतिर वागमती नदीको उत्तरी किनारी भागमा छ । यहाँ कुमार र कुमारीको शव दाह गर्ने चलन थियो । तसर्थ यसलाई कुमारीगाल पनि भनिन्छ । यो शवदाह घाट भएकाले त्यति व्यवस्थित छैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्तिघाट

शान्तिघाट गौरीघाटको केही पूर्वतिर वागमती नदीको उत्तरी किनारी भागमा पर्दछ । यस घाटलाई प्रस्तर छापेर व्यवस्थित गरिएको छ । यस छेउछाउमा गौरिघाट सत्तल र शिवालयहरू छन् । यो श्मसान घाट हो । तर हाल यहाँ शवदाह गर्ने कार्य हट्तै गएको छ ।

गौरीघाट

गौरीघाट कैलासको पूर्वतिर खोंचमा पर्दछ । यहाँ गौरीघाट सत्तल, केही शिवालय र विभिन्न देवीदेवताका प्रतिमाहरू छन् । गौरीघाटमा गौरीले तपश्या गरेको भनिने गौरीशिला पनि छ । यो घाट स्नान र उपाना घाटका रूपमा परिचित छ ।

सूर्यघाट

सूर्यघाट पशुपतिनाथको पूर्वतिर तथा आर्यघाटको उत्तरमा पर्दछ । सूर्यघाट कैलास र मृगस्थली डाँडाको बीचमा पर्ने खोंचमा रहेको छ । यस स्थानमा पुराना कलाकृतिका साथमा विभिन्न गुफाहरू छन् । सूर्यघाट ध्यान, उपासना र व्रतादिका साथमा स्नानका लागि प्रख्यात छ ।

आर्यघाट

आर्यघाट पशुपतिनाथ मन्दिरको पूर्वतिर वागमती नदीको पश्चिमी किनारमा पर्दछ । पशुपतिनाथ भेगेको सवैभन्दा महत्वपूर्ण तीर्थ र घाट पनि आर्यघाट नै मानिन्छ । यसलाई आर्यतीर्थका नामले पनि जानिन्छ । आर्यघाट विभिन्न प्रकारका कलाकृतिले भरपुर छ । आर्यघाटमा नै ब्रह्मनालबाट पशुपतिनाथको निर्माल्य बगेर आउने, उत्तरबाट वागमती नदी आउने तथा पूर्वतिरबाट गुह्येश्वरीको निर्माल्य सन्नवती आएर मिसिने तथा त्रिवेणी बन्ने गर्दछ । यसरी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्रिवेणीका रूपमा आर्यघाट ज्यादै पवित्र र उत्तम तीर्थ मानिन्छ । वास्तवमा यसलाई आर्यघाट भन्नुको मतलव पनि पवित्र तीर्थ, श्रेष्ठ स्थान, पुण्यदायक र अति उत्तम स्थान भएकाले नै हो । आर्यहरूको घाट भएका कारणले यसलाई आर्यघाट भनिएको होइन ।

आर्यघाटमा प्रस्तर छापेर व्यवस्थित गरिएको छ भने वागमती नदीको किनारी भागमा सिंढी बनाइएका छन् । यो क्षेत्र विभिन्न प्रकारका कलाकृतिले पनि भरपुर छ । विरूपाक्ष, गङ्गामाई, ललितमुक्तेश्वर र सौभाग्येश्वरका मन्दिरहरूका साथमा विभिन्न देवीदेवताका प्रतिमा यसै घाट क्षेत्रमा छन् । यस घाटमा चिता नं. १ र चिता नं. २ भन्ने गरिएका चिता पनि छन् । यहाँका चितामा विछ्याइएका प्रस्तर पनि आगोले पनि नबिग्रने प्रकारका बाहिर कतैबाट ल्याइएका छन् । यहाँका यी चिताहरू राणा कालमा राजा र राणाको शवदाहका लागि बनाइएका हुन् ।

वास्तवमा आर्यघाट स्नान र उपासनाघाट हो । तसर्थ यहाँको स्नान, उपासना, देवपूजन, भजन, कीर्तन, जात्रा, आरती, पुराण र धार्मिक ग्रन्थ वाचन र श्रवण, व्रतादिको समापन, दान र अन्य धार्मिक तथा संस्कारगत कार्य उत्तम मानिन्छ । पशुपति र गुह्येश्वरीको निर्माल्य वागमतीमा मिसिएर त्रिवेणी बनेको आर्यघाट भन्दा पवित्र र पुण्यदायक तीर्थ अन्यत्र कतै पनि छैन । यो कुरा विभिन्न पुराणहरूले पनि चर्चा गरेका छन् । तसर्थ आर्यघाट देवगत कार्यका लागि हो, जहाँ शवदाह गर्नु भक्तालु र शोकमा परेका मानिसका लागि पनि असहज हुने गर्दछ । हुन पनि अघि आजभन्दा करिव १००० वर्ष अगाडिसम्म भस्मेश्वर घाटको दक्षिणतिर शवदाह गर्ने परिपाटि थियो । त्यसपछि राजदीपका रूपमा तिलगंगा भेगमा शवदाह गर्ने कार्य भयो । आधुनिक कालको सुरूवातका साथमा भने पुराना परम्परालाई मानिसले ख्याल

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेनन् । राणा कालको सुरूवात भएपछि त राजा र राणा अन्य मानिसभन्दा उत्कृष्ट हुने मान्यतामा चिता नं. १ र २ बनाएर श्री ५ र श्री ३ को शव आर्यघाटमा नै दाह गर्न लागियो । पशुपतिनाथको ब्रह्मनालमा नै दाह संस्कार गर्दा उच्च वर्गमा मानिस सहज रूपमा स्वर्ग पुग्ने मान्यता राखियो । तर यो धर्म विपरित थियो । आर्यघाट स्नान, उपासना, जात्रा, सेवा र कल्पवास लगायतका घाट भएकाले त्यस्ता स्थानमा गरिने शवदाहले तीर्थयात्री र देवतालाई पनि नकारात्मक अशर गर्ने तथा पुण्यदायक नहुने कुरा पुराणहरूमा निर्देश गरिएको छ । सवैभन्दा उत्तम शव दाह गरिने स्थान भस्मेश्वर भेगनै हो भन्ने कुरा पुराणहरूले स्पष्ट रूपमा चर्चा गरेका छन् । जहाँसम्म शिवालय श्मसानमा हुने र शिवालय छेउमा शवदाह गर्ने कुरा छ, त्यो प्रेत लिंग स्थानमा मात्र हुने गर्दछ । त्यस्ता लिंगमा अघोरी र कापालिका आदि उग्रपन्थीले पूजाआजा गर्दछन् । सनातनी लगायत भक्तालु पुग्ने शिवालयको समीपमा शवदाह गर्नु धर्मसंगत मानिंदैन ।

भस्मेश्वरघाट

भस्मेश्वर घाटमा पशुपतिनाथ मन्दिरको दक्षिण तथा आर्यघाटको पनि दक्षिणतिर पर्दछ । शवदाहका लागि यो घाट सवैभन्दा प्रख्यात छ । यस घाटमा दिनहुँ दर्जनौं शवको दाह हुने गर्दछ । पशुपतिनाथ भेगको शवदाह हुने सवैभन्दा प्रख्यात घाट पनि यही हो । यस घाटमा शवदाहका लागि १० वटा चिता बनाइएका छन् । यहाँका केही चिता श्री ३ जुद्ध शम्शेरका पालामा वि.सं. १९८९ सालमा बनेका हुन् । वीर शम्शेरले पनि यहाँका चिता बनाएका थिए । भस्मेश्वर घाटका सुरूका चारवटा चिता



Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छाडेर दक्षिणतिरका ६ वटा चितामा जस्तापाताको छाना लगाइएको छ । यिनमा छाना बनाउने कार्य भने रामनाथ अघोरीले वि.सं. २०१८ सालतिर गरेका हुन् । भस्मेश्वर घाट भेगमा भस्मेश्वर पाटी लगायतका विभिन्न कलाकृति पनि रहेका छन् । आजभन्दा करिव १३०० वर्ष अगाडितिर शवदाह गर्ने मुख्य स्थान भस्मेश्वर घाट नै थियो । मध्यकालताका राजदीपका नाममा तिलगंगा क्षेत्रमा शवदाह गर्न लागियो । हाल आएर पुन पशुपतिनाथ क्षेत्रको शवदाह गर्ने सवैभन्दा महत्वपूर्ण घाट भस्मेश्वर नै भएको छ ।

भस्मेश्वर घाटको दक्षिणतिर अमरकान्तेश्वर प्रांगण तथा त्यसको अझ दक्षिणमा राजराजेश्वरी पर्दछ । यसको सिधा पूर्व भने रामघाट र राम मन्दिर आदि छन् । यहाँ दिनहूँ शवदाह गर्नु पर्ने मान्यता रहेकाले कुनै दिन दाहका लागि शव नआएमा कुशको शव बनाएर पनि दाह गर्नुपर्ने मान्यता छ ।

रामघाट

भस्मेश्वर घाटको सिधा अगाडि या वागमती नदीको पूर्वी किनारी भागमा रामघाट पर्दछ । राममन्दिरको छेउको घाटको नाम नै रामघाट हो । यहाँ नै सीताघाट, लक्ष्मणघाट, हनुमानघाट र शत्रुघ्नघाट पनि रहेको बताइन्छ । तर यो सवै भाग हाल रामघाटका नामले परिचित छ । यो घाट पितृतर्पण र संस्कारादी कार्यका लागि प्रख्यात छ ।

तिलगंगाघाट

वागमती नदीको पूर्वी किनारमा पर्ने एउटा पुरानो घाट तिलगंगा घाट हो । यो घाटलाई अघि राजदीप भनिन्थ्यो र मध्यकालताका यही घाट दाह संस्कारका लागि प्रख्यात थियो । अहिले भने तिलगंगाघाट प्रयोग विहिन भएको छ । तिलगंगा घाटको अगाडि ब्रह्मघाट, पिंगलाघाट र अन्य घाटहरू पनि पर्दछन् । तर हाल तिनीहरूको अस्तित्व समाप्त भएको छ । तिलगंगाघाटको अगाडि वागमती नदीको पश्चिमी किनारमा विद्युतिय शवदाहगृह बनाइएको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाग आठ

विविध

पशुपतिनाथ र वागमती



पशुपतिनाथ भेगबाट बग्ने नदीको नाम वागमती हो । वागमती नदीको अवस्थितिका कारण पशुपतिनाथको अवस्थिति यस स्थानमा छ भने पशुपतिनाथ यहाँ भएकाले यस भेगबाट वागमती नदी बगेको मानिन्छ । तसर्थ धार्मिक रूपमा पशुपतिनाथ र वागमतीको अन्योन्याश्रित सम्बन्ध रहेको छ । काठमाडौंको उत्तरतिर पर्ने शिवपुरी पहाडको वागद्वारबाट उत्पत्ति भई वागमती नदी पशुपतिनाथ भेग हुँदै बगेको छ, जो कट्वाल दहबाट बाहिर निस्कने गर्दछ । नेपालको महाभारत पर्वतबाट निस्किएर बगेको सवैभन्दा लामो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नदी यही हो । यसको लम्बाई १६३ किमी र जलाधार क्षेत्र ३५२३ बकिमी छ । यस नदीले तराईमा आएपछि ठूलो क्षेत्रलाई सिंचित गरेको छ । यस नदीमा काठमाडौं उपत्यकाका सवै खोलाहरू मिसिएका छन्, जुन चोभारको गल्छीहुँदै कटुवाल दहबाट दक्षिणतिर बग्दछ ।

धार्मिक रूपमा वागमती नदीलाई ज्यादै पवित्र मानिन्छ । यो नदीलाई शिवजीको मुखबाट निस्किएको शिवगङ्गाका रूपमा हिमवत्खण्ड पुराणले चर्चा गरेको छ । पशुपति पुराणमा चाहिं मृगेन्द्र पर्वतमा प्रह्लादले तपस्या गर्दा शिवजीले बचन दिई यी नदीको उद्‌गम भएकाले यसलाई वाग्मती भनिएको हो भन्ने उल्लेख पाइन्छ । त्यस्तै हिमवत्खण्ड पुराणमा नै शिवजीको शीरमा रहेकी गङ्गा वागमतीका रूपमा प्रकट भएकी हुन् भनिएको छ । जे भए पनि वाक् या बोलिबाट निस्किएकी हुनाले यिनलाई वाकमती तथा पछि गएर वागमती भनिएको हो भनिन्छ । यसैगरी यिनी निस्किएको स्थानलाई वाक्‌बाट निस्किएकी भन्ने मान्यतामा वाग्द्वार भनिन्छ । यसरी वागमती वाक देवीका रूपमा प्रख्यात छन् ।

उपत्यकामा आई पुग्नुभन्दा अघि वागमती, नागमती र स्यालमती गरी मुख्य रूपमा तीनवटा नदीहरू एकआपसमा मिसिएर मूल वागमती नदी बनेको हो । यी तीनवटै नदीहरू धार्मिक रूपमा अति पवित्र मानिएका छन् । यिनको संगम स्थलमा सुन्दरीतीर्थ रहेको छ । सुन्दरी तीर्थलाई स्नानका लागि उत्तम स्थल मानिन्छ । सुन्दरी तीर्थ रहेको स्थान सुन्दरीजल हो । हिन्दू धारणामा शिवजीको मुख या जीब्रोबाट उत्पत्ति भएको मान्यतामा वागमती नदी निकै पवित्र छन् । यसको सवै क्षेत्र अति पवित्र मानिने हुँदा वाग्मती नदीको किनारी भागमा थुप्रै तीर्थहरू रहेका छन् । स्कन्दपुराणको हिमवत्खण्डले ठूलो तथा पवित्र नदीका रूपमा वागमतीलाई चर्चा गरेको देखिन्छ । यस ग्रन्थमा वाग्मतीलाई सवै प्रकारका पाप नाश गर्ने, पुण्य दिने तथा महादेवको काखमा बस्ने भनिएको छ ।

ब्रह्माजीले सृष्टि गर्ने कममा शिवकुट पर्वतमा बसेर पहिले गङ्गाको सृष्टि गरेछन्, जसमा नुहाएर शरीरमा खरानी धसेछन् र रूद्रको तपस्या गरेछन् । ब्रह्माले उत्पन्न गरेको त्यस नदीको नाम ब्रह्मवती राखिएछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि शिवजी प्रकट भएर ब्रह्मालाई वर माग्न भन्दा बोल्दाबोल्दै शिवजीको जिब्रोबाट ब्रह्मविन्दु झरेछ, जसबाट गङ्गाको अभ्यूदय भई बग्न लागेछ । यसरी शिवजीको मुखबाट झरेको हुनाले यिनलाई वागमती भनिएछ भन्ने कथा हिमवत्खण्ड पुराणमा दिइएको छ । यसरी वागमतीलाई शिवजीको जिब्रोबाट उत्पत्ति भएकी देवी भन्दै हिमवत्खण्ड पुराणले यिनका एक हजारवटा नामहरू दिएको छ ।

वागमती नदी धार्मिक, सांस्कृतिक र आर्थिक दृष्टिले समेत निकै महत्वपूर्ण छ । काठमाडौं उपत्यकाका गोकर्णेश्वर, गुह्येश्वरी, पशुपति र जगतनारायण मन्दिरहरू यसको छेउछाउमा अवस्थित छन् । यस बाहेक जलविनायक, शत्त्मूल र दक्षिणकाली पनि वाग्मतीको छेउमा नै छन् । बूढानिलकण्ठ भने वाग्मतीको शाखा धोबीखोलाको किनारमा अवस्थित छ । वागमतीको उपस्थितिका कारण यसैको किनारमा पशुपतिनाथको अवस्थिति छ भने पशुपतिनाथ भेगमा वागमती छन् । तसर्ग यी दुवै एक आपसमा अन्तर्सम्बन्धित मानिन्छन् । वागमतीका नाममा पशुपतिनाथ क्षेत्रमा गंगामाईको पूजा हुन्छ, र यिनको जात्रा पनि हुने गरेको छ । गंगामाईको मन्दिर पशुपति आर्यघाटमा छ । यता वागमतीकै जात्रा गर्ने पनि चलन पाइन्छ । वागमती जात्रा भने कटुवालदहबाट सुरू भएर वागमती नदीका किनारी भागका विभिन्न तीर्थको स्नान गर्दै यसको उद्‌गम स्थल वागद्‌वारसम्म पुग्ने गर्दछ । वागमतीका नाममा आर्यघाट क्षेत्रमा आरती गर्ने पनि चलन छ । यसरी वागमतीलाई पशुपतिनाथसँग सम्बन्धित पुण्यदायक नदी मानिएको छ ।

चारशिवालय

पशुपतिनाथको दक्षिणतिर रहेका चारओटा शिवालयको समूहलाई चार शिवालय भनिन्छ । यी शिवालय राजराजेश्वरी घाटको पश्चिममा पर्दछन् । त्यहाँ जगतमुक्तेश्वर, रणमुक्तेश्वर, बालमुक्तेश्वर र जङ्गमुक्तेश्वर लगायतका चारओटा शिवालयहरू रहेका छन् । तसर्थ तिनलाई चार शिवालय क्षेत्र भनिएको हो । यी शिवालयहरू वि.सं. १९४५ सालमा वीर शमशेर राणाले बनाउन लगाएका हुन् । राजकीय शैलीका यी चार शिवालयहरूमा सबैमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दक्षिणतिर ठूलठूला घण्टहरू राखिएका थिए । तर हाल भने यसको उत्तरपूर्व तिरको वीर शमशेरका नाममा बनाइएको शिवालय अगाडिमात्र एउटा घण्टा रहेको देखिन्छ । यस क्षेत्रका प्रत्येक शिवालयमा प्रत्येकको पश्चिमतिरका सिँढीमा प्रस्तरका नन्दी राखिएका देखिन्छन् । तिनीहरू सबै मन्दिर भित्रको शिवलिङ्गतिर हेरेर बसेको अवस्थामा छन् । यहाँका प्रत्येक चारवटै मन्दिरभित्र सादा शिवलिङ्ग राखिएका छन् । गोला आकारका साना ती शिवलिङ्गको उचाइ सबैमा ६ इन्च जति छ । सबै शिवालय तीनओटा पेटीमाथि निर्मित छन् । यी सबै शिवालय राजकीय गुम्बज शैलीका हुन्, जुन अन्य प्रकारका गुम्बजभन्दा केही ठूला र आकर्षक पनि छन् । चार शिवालय क्षेत्रमा एउटा अग्निहोत्रशाला निर्माण गरिएको छ । त्यस स्थानमा नियमित रूपमा सँधै पञ्चाग्निमा होम हुने गरेको पाइन्छ । यसको निर्माण भएदेखि अहिलेसम्म नियमित रूपमा यहाँ पाँचओटा कुण्डमा होम हुने गरेको बताइन्छ ।

पशुपतिनाथ मन्दिरको पूर्वतिर आर्यघाट पारि मृगस्थलीतिर जाने बाटामा पनि बाटाको बायाँतिर चारओटा शिवालयको समूह रहेको छ । यी शिवालयलाई पनि चार शिवालयका नामले जानिन्छ । यी शिवालयहरू कसले स्थापना गराएका हुन् भन्ने कुरा स्पष्ट नभए पनि यिनीहरू राणा कालमा स्थापना गरिएको कुरा यिनको निर्माण शैलीबाट स्पष्ट हुने गर्दछ । यिनीहरू सबै गुम्बज या घण्टे शैलीका छन्, जसको माथ्लो भागमा भने गजुरको अभाव देखिन्छ । यहाँका चारओटा मध्ये पश्चिमतिरका तीनओटा शिवालय एउटै पेटीमाथि निर्मित छन् । यिनीहरूमा पश्चिमतिरका दुई ओटामा सेतो रङ लगाइएको छ । तर सबैभन्दा पूर्वको शिवालय भने तीनओटा पेटीमाथि रहेको देखिन्छ । पूर्वतिरका दुई ओटालाई रङ लगाइएको देखिंदैन ।

पञ्चदेवल

पशुपतिनाथ स्थित वज्रघरको दक्षिणतिर लामालामा सत्तलको चौघेराभित्र पाँचओटा देवलको समूह छ, जसलाई पञ्चदेवका नामले जान्ने गरिन्छ । यस स्थलमा सबैभन्दा उत्तरतिरको सत्तलको उत्तरतिर पूर्वी कुनाम हरिसिद्धेश्वर महादेव शिवालय छ भने त्यसको दक्षिणतिर लामालामा पाटीका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौघेरामा पञ्चदेवल छन् । यस चौघेरा सत्तलको बिचमा रहेको आगनमा एउटा अग्लो तथा फराकिलो चौका बनाएर त्यसमाथि पाँचओटा ठूला या राजकीय गुम्बज मन्दिरका स्वरूप निकालिएका छन् । ती मन्दिरहरू पाँचओटाको समूहमा रहेको हुनाले तिनलाई पञ्चदेवल भनिएको हो । यी देवलहरू पाँच जना राजकुलका मानिसले बनाएको देखिन्छ । यी मन्दिर बनाउनेमा राजेन्द्र विक्रम शाह, सुरेन्द्र विक्रम शाह, तिनका दुईजना रानीहरू र त्रैलोक्य विक्रम शाह देखिन्छन् । यिनीहरूका बारेमा तिनमा लेखिएको घण्टबाट जानकारी पाउन सकिन्छ । जस्तो पञ्चदेवल मध्येको बिचमा रहेको केही ठूलो देवालयको दक्षिणपूर्व दिशामा एउटा ठूलो घण्ट छ, जसमा वि.सं. १९२७ सालमा राजेन्द्र विक्रमले यो घण्टा चढाएको देखिन्छ । यसैगरी पञ्चदेवलको बिचको ठूलो मन्दिरको दक्षिण पश्चिममा रहेको घण्टमा सुरराज्य लक्ष्मी र वि.सं. १९२७ अभिलेख अङ्कित छ । यहाँको चौथो घण्टीमा देवराज्य लक्ष्मी १९२७ र पाँचौं घण्टीमा सुरेन्द्र विक्रम शाह १९२७ अङ्कित गरिएको देखिन्छ । यसरी यी देवलका अगाडि भएका पाँचओटा घण्टीका अभिलेखबाट तत्काल यी मन्दिरहरू पाँच जनाले वि.सं. १९२७ सालमा निर्माण गराएको स्पष्ट हुने गर्दछ ।

पञ्चदेवल लामालामा पाटीका बिचमा चौघेराभित्र बनाइएका देखिन्छन् । त्यहाँका पाटीका पनि झ्याल, ढोका, टुँडाल र खम्बा सबै कलात्मक छन् । इँटाबाट बनेको यी सत्तललाई विभिन्न काममा प्रयोग गर्ने गरिएको छ । वि.सं. १९२७ सालमा यी सत्तल र मन्दिर बनेपछि तिनको सञ्चालनका लागि गुठी पनि राखियो । त्यहाँ दुईजना पुजारीको व्यवस्था भयो । पछि वि.सं. १९२१ देखि गुठी बन्दोबस्त अड्डाले र वि.सं. २०२१ देखि भने यसको बन्दोबस्त गुठी संस्थानले गर्ने भयो । अहिले पनि प्रत्येक साल आषाढ अस्टमीका दिन मन्दिरमा वर्षबर्धन गर्ने परम्परा छ । यस मन्दिरको प्राण प्रतिष्ठा भएको स्मरणस्व?प त्यस दिन वर्षबर्धन गर्ने चलन चलाइएको मानिन्छ । पञ्चदेवल परिसरलाई चारैतिर लामालामा सत्तलले घेरेको पाइने हुनाले यस स्थानमा भवनको अभाव नहुने निश्चित छ । तसर्थ यहाँ वि.सं. १९७६ सालदेखि पाकशाला सञ्चालन गर्न लागियो । यस पाकशालामा गरिब, दुःखी र असहायलाई खान दिने चलन थियो । पछि वि.सं. २०३७ सालदेखि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँ वृद्धाश्रम चलाइएको छ । अहिले पनि यस देवलको चौघेरा सत्तलमा वृद्धाश्रम सञ्चालित छ ।

दक्षिणामूर्ति मन्दिर

पशुपतिनाथको पश्चिममा कैलास डाँडाको दक्षिण पश्चिमको मूल सडक छेउमा दक्षिणामूर्ति मन्दिर रहेको छ । शिवजीको दक्षिणामूर्ति गुरूको रूप हो । यस मन्दिरको स्थापना मल्ल कालमा पशुपतिनाथमा दक्षिणात्य ब्राह्मणहरूबाट पूजाआजा सुरू गरेपछि भएको हुनसक्ने अनुमान छ । यसका देवताको नाम पनि दक्षिणा मूर्तिनै रहेको देखिन्छ । दक्षिणामूर्ति शिवजीको रूप हो । तसर्थ यसलाई शिवजीको मूर्ति र मन्दिर भन्न सकिन्छ । शिवजीको दक्षिणामूर्ति भद्रामुद्रा तथा परसु मुद्रा धारण गरेको हुनुपर्ने, एउटा हात घुँडामा टेकेको, कम्मरमा नाग बेरेको, बरको फेदमा बसेको, शिरमा चन्द्रमा अड्किएको, स्वच्छ वर्णको, तीन नेत्र भएको तथा शुकदेव आदि मुनिहरूका साथमा रहेको हुनुपर्ने प्रतिमा लक्षण दिइएको देखिन्छ ।

पशुपतिनाथ भेगको दक्षिणा मूर्ति मन्दिर दुईवटा छाना भएको तले शैलीमा निर्मित छ । यो मन्दिर दुई तहको पेटीमाथि निर्माण गरिएको देखिन्छ । दक्षिणामूर्ति मन्दिर दक्षिणतिर फर्किएको छ, जसको दक्षिणतिर एउटा सानो प्राङ्गण समेत रहेको पाइन्छ । यस प्राङ्गणका बिचमा उत्तरतिर फर्किएको एउटा पुरानो तर सादा शिवलिङ्ग राखिएको छ । यसका तीन तिरका भित्ताहरू ईंटद्वारा निर्मित छन् । यसको दक्षिणतिर भने पर्खालका रूपमा जालीदार काठ लगाइएको देखिन्छ । यसको मूल ढोका पनि जालीवाला छ, जुन काठका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खापाबाट बनेको पाइन्छ । दक्षिणा मूर्ति मन्दिरका दुवै छाना धातुका पाताले छाइएका छन् । भाषा वंशावलीमा पाइने विवरण अनुसार यो मन्दिर राजा नृपेन्द्र मल्लका पालामा सन्यासी पशुपतिनाथका पुजारी विमलानन्दले बनाएका हुन् । अशिनाको भयबाट जोगिन यो मन्दिर बनाइएको उल्लेख पाइन्छ ।

दक्षिणामूर्ति प्रतिमामा ललितासनमा बसेका देखिन्छन् । यिनको दायाँ पाउले एउटा जीवलाई थिचेको देखाइएको छ, जसलाई अज्ञान?पी राक्षस भनिन्छ । दक्षिणा मूर्ति एउटा वृक्षमुनि बसेका छन्, जसको बायाँ पाउ भने पलेंटी मारेर आसनमा राखेको तथा पैताला उँभो फर्काएको देखिन्छ । यस प्रतिमामा दक्षिणा मूर्तिका चारओटा बाहुहरू रहेका छन् । प्रतिमामा यिनका दायाँ तर्फको माथिल्लो बाहुमा रूद्राक्षमाला लिई तल्लो बाहुले अभय मुद्रा प्रस्तुत गरेको देखिन्छ । यसको बायाँ माथ्लो बाहुमा अमृतको घडा (कलश) र तल्लोमा पुस्तक समातेको देखाइएको छ । दक्षिणा मूर्तिको आसनमुनि विभिन्न ऋषि मुनिहरूका प्रतीक स्वरूप स-साना मूर्तिहरू अङ्कित गरिएका छन् । दक्षिणामूर्तिका पुजारी राजोपाध्याय छन् । यहाँका पुजारीलाई वि.सं. १९३८ सालमा गुठी राखिदिएको ऐतिहासिक दस्तावेज पाइएको छ । प्रारम्भमा राजोपाध्याय पशुपतिको पुजारी रहेकोमा दक्षिणात्य ब्राह्मणलाई पशुपतिको पुजारी बनाएपछि यिनीहरूलाई यस मन्दिरको पुजारी बनाइएको उल्लेख पाइन्छ । दक्षिणा मूर्तिमन्दिरमा गुरूपूर्णिमाको दिन पशुपतिनाथ मन्दिरका मूल पुजारी लगायतका मानिसहरूले पूजाआजा गर्ने गर्दछन् । यो मन्दिर वि.सं. २०४४ सालमा पुरातत्व विभागले जीर्णोद्धार गरेको हो । पशुपतिनाथ या शिवजीका गुरू कोही पनि नहुने मान्यता रहेकाले गुरूका रूपमा यिनी नै शिवजी हुन् भन्ने देखिन्छ । दक्षिणा मूर्ति मन्दिरको प्राङ्गणमा अनेक प्रकारका कलाकृति रहेका छन् । तिनीहरू विभिन्न युगमा बनेका हुन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

A153



Ananda
rich in hospitality
PASHUPATI

Pashupati Bhawan
Tilganga, Kathmandu
T: +977 9802311758 / 1-4112611
www.hotelanand.com

BY
THE PEAK
REDEFINING HOSPITALITY

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal